बहिरा नागरिकका लागि
निर्वाचन तथा मतदाता शिक्षा

# तालिम निर्देशिका



लेखन तथा प्रकाशन

राष्ट्रिय बहिरा महासंघ नेपाल
भृकुटीमण्डप, काठमाडौं

NDFN
1995

सहयोग तथा सहकार्य

निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं
निर्वाचन सहायता परियोजना, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम,
चाकुपाट, ललितपुर

बहिरा नागरिकका लागि
निर्वाचन तथा मतदाता शिक्षा

# तालीम निर्देशिका

लेखन तथा प्रकाशन

राष्ट्रिय बहिरा महासंघ नेपाल
भृकुटीमण्डप, काठमाडौं

सहयोग तथा सहकार्य
निर्वाचन आयोग नेपाल, कान्तिपथ, काठमाडौं

**निर्वाचन सहायता परियोजना, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, चाकुपाट, ललितपुर**
बहिरा नागरिकका लागि निर्वाचन तथा मतदाता शिक्षा

# तालीम निर्देशिका

**प्रकाशक**

NDFN 1995

राष्ट्रिय बहिरा महासंघ नेपाल९ल्ँल्०
भुकुटीमण्डप, काठमाडौं

**© सर्वाधिकार**
राष्ट्रिय बहिरा महासंघ नेपाल९ल्ँल्०

**लेखन तथा सम्पादन**
केपी अधिकारी (बहिरा)
राघववीर जोशी (बहिरा)
डा. रोजनाथ पाण्डे
सुमन अधिकारी
सानु खिम्बाजा

**सहयोग तथा सहकार्य**
निर्वाचन आयोग नेपाल

**सहयोग**
ESP is supported by
European Union
UNDP
Empowered lives.
Resilient nations.

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, निर्वाचन सहयोग परियोजना
चाकुपाट, ललितपुर

प्रतिः २००/-

**डिजाइन तथा छपाई**
फेदर डिजाइन एण्ड पिन्टिङ्ग सपोर्ट, भक्तपूर

# भुमिका

बहिरा मैत्री निर्वाचन तथा मतदाता शिक्षा तालीम निर्देशिका प्रकाशन गरी सार्वजनिक गर्न पाउँदा नेपालका आम बहिरा नागरिकहरूको हकहित, अधिकार तथा सशक्तीकरणका लागि स्थापित यस राष्ट्रिय बहिरा महासंघ नेपाल गौरवान्वित भएको छ । देशमा संघीय समावेशी लोकतान्त्रिक गणतन्त्र लागू भएको छ । तथापि बहिरा नागरिकहरूले निर्वाचन तथा राजनैतिक अधिकार उपभोग गर्न पाएका छैनन् । झण्डै तीन लाखको हाराहारीमा रहेका बहिरा नागरिकहरूको प्रतिनिधित्व तथा सहभागिता राज्यका स्थानीय तहदेखि के न्द्रीय तहमा शुन्य छ । राजनैतिक दलहरूका स्थानीयदेखि केन्द्रसम्मका संरचना, विधान तथा निर्वाचन घो षणापत्र र कार्यक्रमहरूले समेत बहिरा समुदायलाई समेट्न सकेका छैनन् । बहिरामैत्री गुणस्तरीय शिक्षाको कमी, बहिरा नागरिकहरूलाई सुन्ने नागरिक सरह राजनैतिक तथा निर्वाचन अधिकार रहन्छ भन्ने सामाजिक दृष्टिकोणको कमी, नीति तथा कार्यक्रमहरूमा बहिरा नागरिकहरूका अधिकार तथा प्रतिनिधित्व सुनिश्चित नगरिनुका साथै स्वयम् बहिरा नागरिकहरूमा समेत आफ्नो अधिकारका सम्वन्धमा पूर्ण जानकारी नभएका कारण बहिरा नागरिकहरू अन्य प्रकृतिका अपांङ्गता भएका समुदायभन्दा पछाडि परेका छन् ।

निर्वाचन आयोग नेपालले २०७० सालमा लैगिंक तथा समावेशीकरण नीति लागू गरेको थियो । त्यससंगै र ाष्ट्रिय बहिरा महासंघ नेपाल, निर्वाचन आयोग नेपाल र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम निर्वाचन सहयो ग परियोजनाको सहकार्यमा २०७० सालको संविधानसभाको निर्वाचनसंगै बहिरा नागरिकहरूका लागि निर्वाचन तथा मतदाता शिक्षा तालीम तथा जनचेतनामूलक कार्यक्रम र बहिरा मैत्री श्रोत सामाग्रीहरूको निर्माण गर्ने कार्यक्रम ऐतिहासिक रूपमा शुरूवात् भएको थियो । सो सहकार्यको निरन्तरता अनुरूप २०७४ सालको स्थानीय, प्रदेश तथा केन्द्रिय निर्वाचनको समयमा समेत बहिरामैत्री निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गरि एको थियो । बहिरामैत्री निर्वाचन शिक्षा सम्वन्धि तालीम कार्यक्रम शुरूवात गरिनु आफैमा उपलब्धि त हुदै हो तथापि सुन्ने नागरिकहरूका लागि तयार पारिएका तालीम प्रक्रिया, विषयवस्तु, तथा सामाग्रीहरूलाई बहिरा मैत्री बनाउनुपर्ने आवश्यकता खट्किरहेको थियो । बहिरा नागरिकहरूको राजनैतिक तथा निर्वाचन अधिकारका सम्वन्धमा बुझाई अनि सहभागिता र प्रतिनिधित्वको अभिवृद्धि गर्ने, बहिरा समुदायभित्रैबाट उक्त तालीम कार्यक्रम सञ्चालन गर्नका लागि प्रशिक्षकहरू उत्पादन गर्ने। बहिरा समुदायको निर्वाचनमा सहभागिता बढाउनका लागि बहिरा समुदायलाई नै परिचालन गर्ने एवं निरन्तर रूपमा बहिरा मैत्री निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने उद्देश्य बमोजिम बहिरा समुदायको आवश्यकतालाई मध्यनजर राखेर यो निर्वाचन तथा मतदाता शिक्षा तालिम निर्देशिका निर्माण गरिएको हो । साथै बहिरा नागरिकहरूको निर्वाचनमा मूलप्रवाहीकरणका लागि राज्यका निकायहरू लगायतका सरोकारवालाहरू एवं उनीहरूको जिम्मेवारी तथा भुमिका पहिचान गर्ने, र उनीहरूसंग सहकार्य र सञ्जालीकरण गर्नमा समेत सहयोग पुऱ्याउने उद्देश्यले यो तालिम निर्देशिका तयार पारिएको हो ।

यस बहिरामैत्री निर्वाचन शिक्षा तालिम निर्देशिकाका साथै तालीममा प्रयोग गर्नका लागि बहिरामैत्री निर्वाचन शिक्षा श्रोत पुस्तिका समेत प्रकाशन गरिएको छ । बहिरामैत्री निर्वाचन शिक्षा तालिम निर्देशिका एवं श्रोत सामाग्रीहरूमा अन्तर्राष्ट्रिय दस्तावेज एवं राष्ट्रिय कानुनहरूमा समावेश गरिएका बहिरा समुदायका राजनै

तिक तथा सामाजिक अधिकार, लोकतन्त्र र निर्वाचनका अवधारणा, बहिरा नागरिकका निर्वाचनका अवरोध एवं बहिरामैत्री समग्र निर्वाचन अधिकार र प्रक्रियाका लागि गर्नुपर्ने नीतिगत व्यवस्था, सरनेकारवालाहरूको भुमिका, निर्वाचन तथा मतदाता कार्यक्रम, सामाग्री लगायतका विषयवस्तुहरू समावेश गरिएको छ । साथै निर्वाचन प्रक्रियामा बहिरा समुदायको सहभागितासम्वन्धि अन्तर्राष्ट्रिय अभ्यास, तथा बहिरामैत्री निर्वाचनका उदाहरणहरू समेत समावेश गरिएका छन् । यस तालिम निर्देशिकामा बहिरा समुदायको निर्वाचनमा मूलप्रवाहीकरणका लागि निर्वाचन आयोग, सरकार, राजनैतिक दल, संवैधानिक निकाय एवं आम सरोकार वालाहरूको महत्वपूर्ण भुमिका र आपसी सञ्जालीकरणको महत्वलाई समेत जोड दिइएको छ । यस तालिम निर्देशिकाले नेपाल भित्र मात्र नभई विदेशमा समेत बहिरामैत्री निर्वाचन शिक्षा तालीमका सम्वन्धमा महतवपूर्ण योगदान पुऱ्याउने विश्वास महासंघले लिएको छ ।

यस तालिम निर्देशिका मेहेनत साथ लेख्नुहुने महासंघका अध्यक्ष केपी अधिकारी, महासंघका पूर्व अध्यक्ष एवं पूर्व सभासद राघववीर जोशी, डा. रोजनाथ पाण्डे, सुमन अधिकारी तथा सानु खिम्वाजालाई महासंघ परिवार हृदयदेखि धन्यवाद ज्ञापन गर्न गर्दछ । उक्त तालिम पुस्तिका तथा श्रोत सामाग्रीको परीक्षणका क्रममा अमूल्य सुझाव दिनुहुने जिल्ला बहिरा संघ, बहिरा विद्यालय एवं समस्त बहिरा समुदायप्रति बहिरा महासंघ हार्दिक आभार व्यक्त गर्दछ । बहिरा समुदायको निर्वाचन तथा मतदाता शिक्षा स्थानीय तहसम्म पुऱ्याउनका लागि अहम् भूमिका खेल्नुहुने महासंघ कार्यसमितिका पदाधिकारी, सम्पूर्ण जिल्ला बहिरा संघ, बहिरा विद्यालय एवं सम्वन्धित सबैबाट प्राप्त सहकार्य र सहयोगप्रति महासंघ परिवार हार्दिक कृतज्ञता ज्ञापन गर्दछ ।

निर्वाचन आयोग नेपाल र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम निर्वाचन सहयोग परियोजनाको अमूल्य सहयो ग, चासो एवं प्रेरणाले यति छोटो समयमा तालिम निर्देशिका तयार पार्न सम्भव भएको हो । शुरूवातदेखि नै निरन्तर सहयोग, सुझाव र उत्प्रेरणा दिनुहुने संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, निर्वाचन सहयोग परि योजनाका लैगिंक समानता तथा सामाजिक समावेशिता तथा बाह्यपहुंच सल्लाहकार निकिला श्रेष्ठ, प्रमुख प्राविधिक सल्लाहकार भिन्सेट डा क्रुज, मोहम्मद साहिद रेजा लगायत निर्वाचन सहयोग परियोजनाका सम्पूर्ण परिवारप्रति राष्ट्रिय बहिरा महासंघ नेपाल हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छ । निर्वाचन आयोग नेपाल र निर्वाचन सहयोग परियोजनाको यस सहकार्य नेपालका आम बहिरा समुदायको राजनैतिक र निर्वाचन अधिकार प्राप्तिका लागि कोशेढुंगा सावित हुने विश्वास महासंघले लिएको छ । महासंघ परिवार निर्वाचन आयोग नेपाल र राष्ट्रसंघीय विकास कार्यक्रम निर्वाचन सहयोग परियोजनाबाट भविष्यमा निरन्तर यस प्रकारको अमूल्य सहयोग, सहकार्य र उत्प्रेरणको अपेक्षा गर्दछ ।

सूर्य बहादुर बुढाथोकी, महासचिव
राष्ट्रिय बहिरा महासंघ नेपाल

२०७६ कार्तिक, काठमाण्डौं

# बहिरा नागरिकका लागि निर्वाचन तथा मतदाता शिक्षा तालीम
## तालीम सत्रको रूपरेखा

सत्र १ः स्वागत, सहभागिको परिचय, तालीमको उद्देश्य, मूख्य बुझाई, सिकाई उपलब्धि र लेखाजोखाका आधार अपेक्षा सङ्कलन, सहभागिहरूको सिकाई अवस्था बारे पूर्व मूल्याङ्कन, आचारसंहिता तथा नयाँ शब्दहरूको सङ्केत निर्माण

१.१ स्वागत, परिचय, उद्देश्य, मूख्य बुझाई, सिकाई उपलब्धि र लेखाजोखाका आधारहरु

१.२ अपेक्षा सङ्कलन, पूर्व मूल्याङ्कन , समूह निर्माण र आचार संहिता निर्माण

१.३ नयाँ शब्दहरूको सङ्केत निर्माण

सत्र २ः मानवअधिकारका साधनहरु, अपाङ्गता र बहिरा तथा सुस्तश्रवणको परिभाषा, अपाङ्गता र बहिरा अधिकार सम्बन्धी प्राबधान, दिगो विकासका लक्षहरूमा बहिरा समावेशीकरणका सूचकहरु, तथ्याङ्क, अवरोध र विभेद, अपाङ्गता अधिकार र यूएनसीआरपीडी समितिको सिफारिस तथा संवैधानिक व्यवस्था

२.१.१ अपातङ्गता (बहिरा)को बुझाई र परिभाषा (अन्तर्राष्ट्रिय सन्धि, संविधान र ऐनका आधारमा), बहिराहरूको वर्गिकरण

२.१.२ बहिरोपनबाट भएका उपलब्धि (Deaf Gain)

२.१.३ अपाङ्गता (बहिरा) का सम्बन्धमा प्रचलनमा रहेका मिथकहरू (अपमानजनक शव्दहरू र भनाईहरु ) तथा सम्मानजनक शब्दावलीहरू

२.२ दिगो विकासका लक्षहरूमा बहिरा समावेशीकरणका सूचकहरु र अन्तर्राष्ट्रिय अभ्यास

२.३ बहिरा नागरिक का अवरोध तथा विभेद (Audism)

२.४ अपाङ्गता अधिकारका सम्बन्धमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अभ्यासहरु

सत्र ३ः लोकतन्त्र, निर्वाचन र समावेशीकरण

३.१ लोकतन्त्र, निर्वाचन र बहिरा सहभागिता

३.२ निर्वाचन प्रणाली र संघीय संरचना

३.३ बहिरा मैत्री निर्वाचन प्रणाली

३.४ निर्वाचन कानून, समावेशीकरण र बहिरा अधिकार

सत्र ४ः निर्वाचन चक्र, निर्वाचनमा अवरोध तथा सहभागिताका उपायहरू

४.१ निर्वाचन चक्र र यसमा बहिराका मुद्धाहरू (अवरोध र समाधानका उपायहरु)

४.२ निर्वाचनमा बहिरा सहभागिता (राष्ट्रियरअन्तर्राष्ट्रिय अभ्यास) अन्तर्राष्ट्रिय

४.३ निर्वाचनका सन्दर्भमा बहिरा उत्प्रेरणा

४.४ निर्वाचनमा बहिराका लैंगिक, बहुअपाङ्गता तथा अन्य सामाजिक पक्षहरु

४.५ निर्वाचन सहभागितामा बहिरा समुदायका अवरोध तथा विभेद एबम् पहूँचका उपायहरू एवम् बहिरामैत्री बुथ

## सत्र ५: समग्र निर्वाचन प्रक्रियाको व्यवस्थापन र निर्वाचनमा बहिरा मूलप्रवाहीकरण

५.१ निर्वाचन व्यवस्थापकीय निकायहरू र तिनीहरूका जिम्मेवारी

५.२ निर्वाचनमा बहिरा सहभागिताका लागि सरोकारवाला पक्षहरूको भूमिका (दल, सरकार, संसद, नागरिक समाज र संवैधानिक निकायहरू )

## सत्र ६: निर्वाचनमा विवाद निरूपण

६.१ निर्वाचन कसुर तथा विवाद निरूपण

६.२ निर्वाचनमा बहिराहरूको बचावट/सुरक्षा

६.३ बहिरा मैत्री आचारसंहिता र निर्वाचन अनुगमन तथा पर्यवेक्षण

## सत्र ७: समावेशी निर्वाचन प्रक्रिया

७.१ निर्वाचन शिक्षा कार्यक्रम (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास) र बहिराका सवालहरु

७.२बहिरामैत्री निर्वाचनका लागि सूचना, सञ्चार र प्रविधि

७.३ उम्मेदवारी दर्ता तथा प्रचारप्रसार (घोषणापत्र, पोष्टरनिर्माण सहित)

७.४ नमूना मतदान प्रस्तुतीकरण तथा कार्यविभाजन

७.५ बहिरामैत्री नमुना मतदान

७.६ नमूना मतदानको समीक्षा तथा सुझावः अनुभब साट्ने

## सत्र ८: बहिरामैत्री समावेशी निर्वाचन प्रक्रियाको रणनीति र सञ्जाल निर्माण

८.१ राजनैतिक अधिकार, निर्वाचन र बहिरा सहभागिता

८.२ बहिरा नागरिकहरूको मूलप्रवाहिकरणका लागि आगामी रणनीति

८.३ सरोकारवालाहरु बीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि (DPOs, नागरिक समाज, मानव अधिकार संस्था र सचारमाध्यम र बहिरा महासंघको भूमिका)

## सत्र ९: तालीम कार्यक्रमको मूल्याङ्कन तथा समापन

९.१ तालीम कार्यक्रमबाट सहभागिको सिकाई उपलब्धि मूल्याङ्कन

९.२ तालीम समीक्षा, निष्कर्ष तथा समापन

## कार्यशालाको तयारी

## कार्यशालाको तयारी र सञ्चालनका समयमा सहजकर्ताले गर्नुपर्ने कार्यहरू

**सहजकर्ताका लागि नोट**

**तालिम सञ्चालन पूर्व सहजकर्ताले यो तालिम निर्देशिका राम्रोसाग अध्ययन गरी यसमा रहेका निर्देशन तथा सुझावहरू अनुशरण गरी तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ :**

- ❖ तालिम निर्देशिका राम्ररी अध्ययन गर्नुहोस् र तालिमका विषयवस्तु र प्रक्रियाहरू तथा तालिम सञ्चालनका लागि आवश्यक सामग्रीहरूको प्रबन्ध गर्नुहोस् ।
- ❖ तालिमका सम्बन्धीत सत्रहरूका लागि सम्बन्धीत स्रोत तथा सन्दर्भ सामग्रीहरूको अध्ययन गर्नुहोस् ।
- ❖ तालिमका लागि आवश्यक स्रोत तथा सामग्रीहरु सङ्कलन गरी तयारी हालतमा राख्नुहोस् । तालिम तालिम सत्रहरूका लागि आवश्यक स्रोत सामग्रीहरू सँगैको लहरमा उल्लेख गरिएको छ । तालिमका लागि मुलतः तीन प्रकारका स्रोत सामग्रीहरू उपलब्ध छन्: पावर पोइन्ट प्रस्तुतीकरण, डकुमेन्ट तथा भिडियो । तालिम पुस्तिकाको दायाँतिर आवश्यक स्रोत सामग्री शीर्षक अन्तर्गत उल्लेख गरिएको स्रोत सामग्रीहरूको फाइल नामको अन्तमा उउ, खष र मयअ सङ्केत राखिएको छ । उउ ले पावर पोइन्ट, खष ले भिडियो र मयअ ले डकुमेन्ट हो भन्ने पहिचान गर्न सहयोग गर्नेछ ।
- ❖ तालिमको शुरूको दिन गरिने स्वागत, परिचय, उद्घाटन, अपेक्षा सङ्कलन, तालिमका आचार संहिता कार्य विभाजनको समूह निर्माण, पूर्व सिकाई तथा अन्तिम दिन गरिने आगामी कार्ययोजना निर्माण, तालिम कार्यक्रमको मूल्याङ्कन, तालिम पश्चात् सिकाई मूल्याङ्कन जस्ता अभ्यासहरू गर्नका लागि आवश्यक सामग्रीहरूको तयारीहरू गर्नुहोस् । मार्कर, विभिन्न रङ्को मेटाकार्ड, बिचार व्यक्त गर्नका लागि सहभागी संख्या विचार गरी रातो, हरियो र पहेलो रङ्को ब्द्ध साइजको कागज, न्युजप्रिन्ट आदि आवश्यक सामग्रीहरूको व्यवस्था गर्नुहोस् ।
- ❖ मनोरञ्जन र पुनर्ताजगी क्रियाकलापका लागि गरिने अभ्यासका कार्यहरूको तयारी गर्नुहोस् ।
- ❖ तालिमको प्रतिवेदनको फर्म्याटको तयारी गर्नुहोस् ।
- ❖ यो तालिम निर्देशिका सहजकर्ताले तालिम अवधिभर आफूसँगै राख्नुहोस्।
- ❖ तालिमका सबै सहभागीहरूलाई सक्रिय र समान सहभागीताका लागि उत्प्रेरणा गर्नुहोस, सबै सहभागीहरूलाई समान सहभागीताको मौका प्रदान गर्नुहोस् ।
- ❖ बहिरा नागरिकहरूका लागि तालिम प्रदान गर्दा गर्नुपर्ने समग्र तयारी सम्बन्धी सुची (Benchmark) रूजु गरी त्यस अनुसारको सामग्रीहरूको तयारी तथा व्यवस्थापन गर्नुहोस् । (अनुसूची १)

| | |
|---|---|
| | सहभागीहरूलाई अपाङ्गता तथा बहिरामैत्री र सम्मानजनक शब्दावलीहरु जानकारी गराउनुहोस् । तालिम अवधिभर अपाङ्गता तथा बहिरामैत्री र सम्मानजनक शब्दावलीहरु प्रयोग गर्नमा सहभागीहरूलाई अभिप्रेरित गर्नुहोस् । (अनुसूची २) अनुसूची २ प्रिन्ट गरी तालिम कक्षाको भित्तामा टाँस्नुहोस् । |
| | **नेपाली साङ्केतिक भाषाको दोभाषेको व्यवस्था**<br>❖ बहिरा नागारिकहरुको सञ्चारको लागि साङ्केतिक भाषाका ३ जना दोभाषेहरूको व्यवस्था गर्नुहोस् ।<br>❖ साङ्केतिक भाषाको दोभाषेलाई तालिम पूर्व तालिम कार्यक्रम, सहभागी तथा तालिम अबधिभर प्रयोग हुने सामग्री तथा प्रयोग हुने नयाँ सङ्केतहरूको सम्बन्धमा अभिमुखीकरण गर्नुहोस् । दोभाषे आचारसंहिता, पोशाक, महिला दोभाषेको श्रृङ्गार तथा आचारसंहिताका विषयमा दोभाषेहरूलाई पुनर्ताजगी गराउनुहोस् । अनुसूची ३ |
| **तालिम निर्देशिका बारे संक्षिप्त जानकारी** | यो तालिम निर्देशिकाले बहिरा अपाङ्गता भएका नागरिकहरूले सामाजिक तथा निर्वाचन प्रक्रियामा सहभागीता एवम् राजनैतिक अधिकारमा पहूँच तथा उपभोगका लागि भोल्नु परेका अवरोध तथा चुनौतीहरू तथा त्यसको समाधानका उपायहरू र राजनैतिक अधिकारमा बहिरा नागरिकहरूको पहूँचका लागि सम्बन्धीत सरोकारवालाहरूको भूमिका समेतको पहिचान गर्दछ । नेपालमा बहिरा नागरिकहरूको सुन्ने नागरिक सरह निर्वाचन प्रक्रियामा सक्रिय सहभागी हुने अधिकार हुन्छ भन्ने सामाजिक अवधारणाको विकास भएको छैन र बहिरा समुदायले त्यस प्रकारका अधिकारमा पहूँच तथा उपयोग पूर्ण रूपमा गर्न पाएका छैनन् ।<br><br>राज्यका स्थानीयदेखि प्रदेश हुंदै केन्द्रसम्मका जनप्रतिनिधिमूलक निकाय तथा नीतिगत तह र राजनैतिक दलहरूका संरचना, बिधान र कार्यक्रमहरूमा बहिरा समुदायको सहभागीता, पहूँच र प्रतिनिधित्व हुन सकेको छैन । निर्वाचन प्रक्रियामा बहिरा समुदायले अवरोध र विभेदहरूको सामना गर्नु परेको छ । निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीता सम्बन्धमा सरकार, राजनैतिक दल, समाज तथा घरपरिवारको दृष्टिकोण अभै पनि सकारात्मक छैन ।<br><br>बहिरा नागरिकहरूले निर्वाचनमा सहभागीताका लागि पारिवारिक, सामाजिक, सञ्चार तथा सूचनामा पहूँचजस्ता अन्तरसम्बन्धीत अवरोध तथा चुनौतिहरू बेहोर्नुपरेको छ । नेपाली समाजमा खासगरी दुरदराज र गाउँघरमा अभै पनि बहिरा व्यक्तिले केहि बुझ्दैनन्, बहिराहरूले किन निर्वाचन भाग लिनु पर्यो र ? भन्ने रूढीवादी सोचाई अभै व्याप्त रहेको छ । बहिरा समुदायमा गुणस्तरीय र मैत्रीपूर्ण शिक्षाको अभाव तथा पर्याप्त सूचना र जानकारीको अभावका कारण निर्वाचन र राजनैतिक अधिकारको महत्वबारे पर्याप्त बुझाई, चासो र सहभागीताको विकास हुन सकिरहेको छैन । |

बहिरा समुदाय मानव विविधताको एक पक्ष हो । बहिरा नागरिकहरूको अन्य नागरिकहरू सरह समान सामाजिक तथा राजनैतिक सहभागीता, निर्वाचनमा भाग लिने, राजनैतिक दलको सदस्य बन्ने, निर्वाचनमा उम्मेदवार बन्ने लगायतका समान अधिकार रहन्छ । साङ्केतिक भाषामा सञ्चार गर्ने बहिरा समुदायको लागि पहूँचयुक्त वातवरण, सूचना र सामग्रीहरूको सवाल अहम् रहेको छ । बहिरा नागरिकहरूको निर्वाचनमा सहभागीता र सामाजिक तथा राजनैतिक अधिकारको पहूँच स्थापित गर्न, बहिरामैत्री निर्वाचन प्रक्रिया, निर्वाचन कार्यक्रम तथा सूचना निर्माण तथा पहूँच स्थापना गर्नका लागि सरोकारवालाको महत्वपूर्ण भूमिका रहन्छ ।

यस तालिम निर्देशिकाले राजनैतिक अधिकार तथा निर्वाचनमा अर्थपूर्ण सहभागीताका लागि बहिरा समुदायका उपरोक्त अवरोधहरू हटाउन, निर्वाचन संरचना तथा प्रक्रियाको विश्लेषण गर्न, सम्बन्धीत सरोकारवालाहरू र तिनीहरूको भूमिकाको पहिचान गर्न, त्यस अनुरूप रणनीति निर्माण गर्न तथा पैरवी र जनचेतना अभिवृद्धि गर्नका लागि सञ्जालीकरण गर्न अवसर प्रदान गर्दछ । यस निर्देशिकाले निर्वाचनका हरेक प्रक्रिया र चरणमा बहिरा समुदायको अर्थपूर्ण सहभागीता र समावेशीकरण एवम् बहिरामैत्री र पहूँचयुक्त निर्वाचन कार्यक्रम तथा सामग्रीनिर्माण गर्नका लागि बहिरा समुदाय र बहिरा समुदायका प्रतिधिनिमुलक संघ(संस्थाहरूसंगको सहकार्य र परामर्शको महत्व र आवश्यकताबारे स्पष्ट पार्दछ ।

यो तालिम निर्देशिकाले निर्वाचन तथा राजनैतिक जीवनमा बहिरा नागरिकहरूको सहभागीतामा अवरोधहरूको प्रकृति र संरचना, अपाङ्गताको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्था, सन्धि तथा महासन्धीहरूमा भएको व्यवस्था तथा बहिरा नागरिकरूको पहूँच सुनिश्चित गर्नका लागि राज्यका दायित्वहरूबारे स्पष्ट पार्दछ ।

सामाजिक र राजनैतिक अधिकार उपभोगमा पछाडी पारिएका बहिरा समुदायको निर्वाचनमा मूलप्रवाहीकरणका लागि आवश्यक दृष्टिकोण र समग्र बिषयवस्तुहरू समावेश गरेर यो तालिम निर्देशिका तथा सम्बन्धीत स्रोत सामग्रीहरू निर्माण गरिएको छ । सहजकर्ताले तालिमका सहभागीको प्रकृति, तालिम अवधि, सिकाईको तह तथा आवश्यकताका आधारमा तालिम निर्देशिका तथा सम्बन्धीत स्रोत सामग्रीहरूबाट आवश्यक र उपयुक्त बिषयवस्तुहरू छनौट गरी तालिम सञ्चालन गर्नुपर्नेछ ।

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| सत्र १: स्वागत, सहभागीको परिचय, तालिमको उद्देश्य, मूख्य बुझाई, सिकाई उपलब्धि र लेखाजोखाका आधार, अपेक्षा सङ्कलन, सहभागीहरूको सिकाई अवस्थावारे पूर्व मूल्याङ्कन, आचारसंहिता तथा नयाँ शब्दहरूको सङ्केत निर्माण | | |
| १.१ स्वागत, परिचय, उद्देश्य, मूख्य बुझाई, सिकाई उपलब्धि र लेखाजोखाका आधारहरु<br>(४५ मिनेट) | **सिकाई उपलब्धि:**<br>१.तालिमका सहभागीहरु बहिरा नागरिकका राजनैतिक अधिकार, लोकतन्त्र तथा निर्वाचनको महत्व तथा सहभागीताको अधिकार, निर्वाचन प्रक्रिया, निर्वाचन प्रक्रियाका सरोकारवाला तथा उनीहरूसँगको सञ्जालीकरणको महत्व र खेल्न सकिने भूमिका, बहिरामैत्री समग्र निर्वाचन प्रक्रिया, मतदाता शिक्षा तालिम कार्यक्रम, सामग्रीतथा सूचनाका बारेमा जानकार भएका हुनेछन् ।<br>२.निर्वाचनका सन्दर्भमा बहिराहरूको सहभागीताका आधारभूत मुख्य बुझाई र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीताका लागि आ–आफ्नो भुमिकाका बारेमा बुझाई बिकास भएको हुनेछ ।<br>**तालिम कार्यक्रमको उद्देश्य:**<br>तालिम सञ्चालनका उद्देश्यहरु, लोकतन्त्र तथा निर्वाचनको महत्व, बहिरामैत्री निर्वाचन प्रक्रिया र निर्वाचनमा अर्थपूर्ण सहभागीता एवम् निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको मूलप्रवाहीकरणका सरोकारवालाहरूसँगको सञ्जालीकरण र सहाकर्य तथा बहिरा महासंघ, बहिरा संघका साथि आ–आफ्नो भुमिका र दायित्वका बारेमा सहभागीहरुको बुझाई, क्षमता र उत्प्रेरणा विकास गर्ने ।<br>**तालिम सत्रको मूख्य विषयवस्तु:**<br>तालिम सञ्चालनको प्रारम्भिक सत्रमा तालिम प्रशिक्षकले सहभागीहरूलाई तालिमको उद्देश्य बारेमा जानकारी दिदै सहभागीहरूलाई स्वागत् गरी सहभागीहरूबीच आपसी साङ्केतिक भाषामा परिचय र चिनजानको वातावरण निर्माण हुन्छ । साङ्केतिक भाषा नजानेको सहभागीहरूका हकमा उनीहरूले प्राकृतिक साङ्केतिक भाषामा गरेको सञ्चारलाई साङ्केतिक भाषाका दोभाषेहरू मार्फत साङ्केतिक भाषामा परिचय गराउनुपर्नेछ । यस सत्रवाट तालिमको मूख्य बुझाई, सिकाई उपलब्धि र लेखाजोखाका आधार तथा सहभागीहरूको सिकाई अवस्थावारे पूर्व जानकारी हुन्छ । तालिमबाट सहभागीहरूको अपेक्षा सङ्कलन हुन्छ । तालिम सञ्चालनका लागि आवश्यक आचारसंहिताको समेत यसै सत्रबाट निर्माण हुन्छ । साथै तालिम अवधिभर प्रयोग हुने नयाँ शब्दहरुको सङ्केत निर्माण समेत यसै सत्रमा हुन्छ र तालिम अवाबधिभर सोहि नयाँ सङ्केतहरूको प्रयोग हुनेछ । यस तालिम निर्देशिकाका प्रत्येक सत्र सहभागीहरूको मूख्य बुझाई र सिकाई उपलब्धि हासिल गर्न सहयोगी हुने गरी निर्माण गरिएका छन्:<br>१. यस तालिम सम्पन्न भए पश्चात् सहभागीहरूले कुन–कुन सिकाई उपलब्धिहरू हासिल गरून् भनेर गरिएका अपेक्षाहरूलाई मूख्य बुझाई भनेर बुझिन्छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | २. सहभागीहरूले तालिम कार्यक्रमवाट हासिल गरेका बुझाइहरूलाई कसरी देखाउन सक्छन् भन्ने रणनीतिलाई सिकाई उपलब्धि भनेर बुझिन्छ ।<br>नोटः तालिम सत्रका कृयाकलाप छनौट गरिए बमोजिम मूख्यबुझाई र सिकाई उपलब्धि आपसमा तालमेल हुने गरी परिमारजित गर्नुपर्दछ । सहजकर्ताले तालिमको हरेक सत्रको शुरूवातमा सिकाई उपलब्धि प्रस्तुत गर्नुपर्नेछ । यदि प्रत्येक सत्रमा प्रस्तुत गर्न सम्भव नभएमा प्रत्येक दिनको सुरूमा त्यस दिन सञ्चालन गरिने तालिम सत्रहरूवाट अपेक्षित सिकाई उपलब्धिहरू प्रस्तुत गर्नुपर्नेछ ।<br>**सामग्री**ः ल्यापटप, प्रोजेक्टर, फि्लप चार्ट र स्क्रीन, मास्किंग टेप, मेटाकार्ड तथा मार्कर<br>**मूख्य विधिहरूः** प्रदर्शन, खेल, छलफल र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. नाम दर्ता**ः सबै सहभागीहरूको नाम दर्ता गर्नुहोस्, सहजकर्ताको साथमा गएका सहयोगी कर्मचारीहरूले सहभागीहरूको नामथर, संस्थाको नाम, सम्पर्क, अपाङ्गताको प्रकृति, लिङ्ग, उमेर समूह उल्लेख गरी हाजिरी गर ाउनेछन् ।<br>नोटस् हाजिरी तालिकामा यस बमोजिम उमेर समूह कोड उल्लेख गरि एको छ । कः < १६, खः १६-२५, गः २६-३५, घः ३६-४५,ङः ४६-५५, चः ५६-६५, छः > ६५ उल्लेख भएको हुनेछ ।<br>**२. स्वागत**ः सहजकर्ताले तालिम कार्यक्रमबारे संक्षिप्त जानकारी बताउनुहोस् र सम्पूर्ण सहभागीहरूलाई तालिम कक्षामा साङ्केतिक भाषाको माध्यमबाट स्वागत गर्नुहोस् । तालिम अवधिभर सम्पूर्ण सहभागीहरूको सक्रिय र अन्तरक्रियात्मक सहभागीताको लागि अनुरोध गर्नुहोस् । यसका लागि विचारको बर्षा खेल खेलाउनुहोस् । यसका लागि निम्न अनुसार सहभागीलाई सुसुचित गर्नुहोस्ः<br>**खेलः विचारको वर्षा**<br>सबै सहभागीहरूलाई उठ्न लगाई दुवै हातको औंलाले इशारा गर्न लगाउनुहोस् । जसमा पहिलो पटक दुवै हातको एक/एक औंला उठाएर इशारा गर्न लगाउनुहोस् । दोश्रो पटकमा दुई/दुई औंला उठाएर, तेश्रो पटक तीन/तीन औंला, र चौथो पटक चार/चार औंला र अन्तमा दुवै हातका सबै औंला फुकाएर हल्लाउन लगाएर अन्तमा सोध्नुहोस् कि के गर्दा बढी औलाहरू देखिए ? यसै गरी सबैले विचार वर्षा गरेमा धेरै सिक्न सकिने तर्क गर्नुहोस् ।<br>**३. सहभागी परिचय**ः सम्पूर्ण सहभागीहरूलाई एक एकवटा मेटाकार्ड वितरण गर्नुहोस् र यसका लागि परिचय खेलको प्रस्तुतीकरण गर्नुहोस् । (सन्दर्भ सामग्रीः१.१.१ परिचय खेल-*pp*) | १.१.१ परिचय खेल_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | यसमा सहभागीहरूले परिचय गर्नका लागि लेख्नुपर्ने विवरण प्रोजेक्टरमा देखाएर सहभागीहरूलाई आफूले प्राप्त गरेको मेटाकार्डमा आ–आफ्नो नाम, ठेगाना, शिक्षा, अनुभव, रूची, मतदाता नामावलीमा नाम दर्ता गरे नगरेको र निर्वाचनमा भोट हालेको वा नहालेको विवरण लेख्न लगाउनुहोस् । उक्त मेटाकार्डहरू सम्पूर्ण सहाभागिहरूबाट सङ्कलन गर्नुहोस् सङ्कलित मेटाकार्डहरू तास फिटेझैं फिट्नुहोस् र सम्पूर्ण मेटाकार्डहरू फेरी सहभागीहरूलाई १/१ गरी वितरण गर्नुहोस् । यदि कुनै सहभागीलाई आफ्नै विवरण लेखिएको मेटाकार्ड परेको भएमा फिर्ता गर्न लगाउनुहोस् र अर्को सहभागीसँग साटी दिनुहोस् । त्यसपछि सहभागीहरूलाई आफुले प्राप्त गरेको मेटाकार्डमा लेखिएको विवरणसहित साथिको परिचय गर्न लगाउनुहोस् । परिचय गराइएको सहभागीलाई उठ्न लगाउनुहोस् । उक्त सहभागीलाई आफ्नो परिचय सकिएपछि आफूले प्राप्त गरेको मेटाकार्डमा उल्लेखित सहभागीको परिचय निजको साङ्केतिक नामसँगै गर्न लगाउनुहोस् र सोहि अनुसार सम्पूर्ण सहभागीहरूको क्रमैसँग परिचय गर्न लगाउनुहोस् । यसै अनुसार सम्पूर्ण सहभागीहरूको परिचय गराउनुहोस् ।<br>**४.तालिमको उद्देश्यको प्रस्तुतीकरणः** बहिरामैत्री निर्वाचन शिक्षा सम्बन्धी तालिम कार्यक्रमका तपशिलका उद्देश्यहरू रहेको कुरालाई प्रस्तुतीकरण मार्फत सहभागीहरूलाईजानकारी लिनुपर्ने कुरामा जोड दिनुहोस् ।<br>(सन्दर्भ सामग्रीः १.१.२ तालिमको उद्देश्य_*pp*)<br>क. बहिरा नागरिकको अन्य नागरिक सरह राजनैतिक र सामाजिक सहभागीता र प्रतिनिधित्वको अधिकार छ र बहिरा नागरिकको राजनैतिक र सामाजिक सहभागीताको लागि सहज र पहूँचयुक्त अनुकुलताका उपाय तथा माध्यम साङ्केतिक भाषाको अवलम्वन गरिनुपर्दछ भन्ने कुरा बुझाउने ।<br>ख. बहिरा नागरिकहरूलाइ निर्वाचन, राजनैतिक तथा सामाजिक सहभागीता र पहूँचमा हुने अवरोधहरु पहिचान गरी त्यस्ता अवरोधहरु हटाउने उपायहरु उपायहरु पहिचान गरी अवलम्बन गर्ने ।<br>ग. बहिरा नागरिकहरूको निर्वाचनका प्रक्रिया र संरचनामा सहभागीताका लागि आवश्यक रणनीति बनाउने, वकालत गर्ने तथा जनचेतना अभिवृद्दि गर्नका लागि सञ्जालको विकास गर्ने ।<br>घ. निर्वाचनका हरेक चरणमा बहिरा समुदायको सहभागीताका अवरोधहरू पहिचान गरी सामाजिक र राजनैतिक सहभागीता सुनिश्चित गर्नका लागि बहिरा समुदायको सहभागीता सुनिश्चित गर्ने ।<br>ङ. बहिरामैत्री र पहूँचयुक्त निर्वाचन सामग्रीनिर्माण गर्ने तथा निर्वाचनका हरेक प्रक्रियामा अर्थपूर्ण सहभागीता अभिवृद्धि गर्ने । | १.१.२ तालिमको उद्देश्य_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | नोटस् तालिम उद्देश्य प्रस्तुतीका क्रममा सहभागीहरूलाईआफ्ना जिज्ञासा तथा धारणाहरू राख्ने पर्याप्त समय प्रदान गर्नुहोस् । तालिम अवधिमा सबै सहभागीहरूलाई समान सहभागीताका लागि प्रोत्साहित गर्नुहोस्, सबैलाई समान मौका प्रदान गर्नुहोस् ।<br>**५. तालिमको मूख्यबुझाईबारे प्रस्तुतीकरणः** तालिमका मूख्य बुझाई प्रस्तुत गर्नुहोस् । प्रस्तुती का क्रममा सहभागीहरूलाईआफ्ना जिज्ञासा तथा धारणाहरू राख्ने पर्याप्त समय प्रदान गर्नुहोस, अन्तरक्रिया गर्नुहोस् र सुझाव लिनुहोस् । तालिम कार्यक्रमको समग्र रूपरेखा र क्रियाकलापहरूको संक्षिप्त जानकारी सम्बन्धमा थप जानकारी हासिल गर्नुहोस् । तालिम कार्यक्रमबाट अपेक्षा गरिएका मूख्यबुझाईहरू यसप्रकार रहेका छन् ।<br>१. बहिराहरूको राजनैतिक र सार्वजनिक जीवनमा सहभागी हुने अधिकार हुन्छ र समानताका आधारमा राजनैतिक अधिकार प्राप्त गर्ने अवसर प्राप्त गर्नु पर्दछ ।<br>२. बहिराहरू अन्य अपाङ्गता भएका व्यक्तिभन्दा सञ्चार अवरोधका कारण फरक छन् र उनीहरूलाई दिइने सञ्चारमा साङ्केतिक भाषा र दो भाषेको जरूरी छ ।<br>३. राजनैतिक र अन्य अधिकार प्राप्तिमा बहिराहरूको निश्चित अवरोध सञ्चार र भाषामा भएकाले सामाजिक दृष्टिकोण र व्यवहारमा परि वर्तन ल्याउन जरूरी छ ।<br>४. शैक्षिक अवसर कम भएकाले राजनैतिक अधिकारको जानकारी, पहूँच र उपभोगमा बहिराहरू पछाडि परेका छन् ।<br>५. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (युएनसिआरपीडी) र राज्यका विद्यमान् संबिधान ऐन कानूनहरूले बहिरा संस्कृति र साङ्केतिक भाषाको मान्यता दिई उनीहरूको राजनैतिक र अन्य अधिकार स्थापित गर्न राज्यको मूख्य दायित्वका रूपमा लिएको छ र यसले निर्वाचनमा सहभागीता सुनिश्चित गर्दछ ।<br>६. बहिराहरूको लागि समान अवसर प्राप्तगर्न चुनावी प्रक्रिया, सुविधा र सामग्रीहरूको उपयुक्तता, पहूँचयुक्त र बुझिने तथा प्रयोग गर्न सकिने हुनुपर्दछ ।<br>७. राजनैतिक र अन्य अधिकार उपभोग गर्न बहिरा नागरिकहरूलाई सञ्चार गर्न उपयुक्त अनुकुलता र भाषागत विशेष सहयोग आवश्यक छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | ८. निर्वाचनमा बहिरा व्यक्ति र बहिराहरूको क्षेत्रमा कामगर्ने संघसंस्थाहरू निर्वाचन प्रक्रियाका सरोकारवालाहरू हुन् । उनीहरूसँगको सञ्जालीकरणले निर्वाचनका हरेक प्रक्रियामा बहिरा नागरिकको सहभागीतामा महत्वपूर्ण भुमिका खेल्दछ ।<br>९. बहिराहरूको लागि मतदान, मतदाता नाम दर्ता र उम्मेदवारी लगायत अन्य कार्यका लागि उपयुक्त भाषा र माध्यममा विशेष प्रकृतिको मतदाता शिक्षा आवश्यक पर्दछ ।<br>(सन्दर्भ सामग्रीः १.१.३ मूख्य बुझाई *_pp*, १.१.४ तालिम सत्रको रूपरेखा*_doc* र १.१.५ तालिम स्रोत सामग्रीहरूको विवरण*_doc*)<br>साथै तालिममा प्रयोग गरिने स्रोत सामग्रीहरूको सम्बन्धमा संक्षिप्त जानकारीका लागी तालिम स्रोत सामग्रीहरूको विवरण देखाउनुहोस् ।<br>**६. विस्तृत जानकारी**ः तालिमका प्रस्तुती तथा नयाँ शब्दहरूको अर्थको बारेमा थप अध्ययनका लागि सहभागीहरूलाई थप पढाईसम्बन्धी सन्दर्भ सामग्री उपलब्ध गराउनुहोस् । सहभागीहरूलाई तालिम ब्रेक तथा तालिम सत्रको समाप्ति पश्चात् बिहान बेलुकी अध्ययन गर्न अनुरोध गर्नुहोस् । (सन्दर्भ सामग्रीः१.१.६ थप पढाई सम्बन्धी सन्दर्भ सामग्रीविवरण_doc) | १.१.३ मूख्य बुझाई_pp<br>१.१.४ तालिम सत्रको रूपरेखा_doc<br>१.१.५तालिम स्रोत सामग्रीहरूको विवरण_doc<br>१.१.६ थप पढाई सम्बन्धी सन्दर्भ सामग्री विवरण_doc |
| १.२ अपेक्षा सङ्कलन, पूर्व मूल्याङ्कन , समूह निर्माण र आचार संहिता निर्माण<br>४५मिनेट | **सिकाई उपलब्धि**<br>१.निर्वाचन शिक्षा सम्बन्धी तालिमबाट सहभागीहरूले सिक्न गरेको अपेक्षा सङ्कलन भएको एवम् सहभागीहरूको फरकफरक अपेक्षाका वारेमा विचार आदानप्रदान भएको हुनेछ ।<br>२.निर्वाचन शिक्षाका विभिन्न पक्षहरूका बारेमा सहभागीहरूको वर्तमान सिकाई अवस्थावारे अवगत भएको हुनेछ ।<br>३.तालिम अवधिमा पालना गर्नुपर्ने नियमहरू सहभागीहरू आफैले बनाई पालना गरेका हुनेछन् ।<br>४.तालिम सञ्चालन अवबधिभर प्रतिबेदन, मनोरञ्जन तथा अनुशासन समिति निर्माण गरी आ–आफ्नो जिम्मेवारी पुरा गर्ने प्रतिबद्दता जाहेर गरेका हुनेछन् ।<br>**सिकाईको उद्देश्य**ः तालिमबाट सहभागीहरूले सिक्न अपेक्षा गरेका विषयहरु पहिचान गर्ने, तालिम पुर्व सहभागीहरूको सिकाई अवस्था तथा पूर्व बुझाई मूल्याङ्कन गर्ने, तालिम अवधिभरका लागि जिम्मेवारी बाँडफाँड गर्ने र तालिमलाई अनुशासित बनाउन आचारसंहिता निर्माण गर्ने गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**ः<br>यस सत्रमा तालिममा सहभागीहरूले सिक्न चाहेका अपेक्षाहरूका बारेमा जानकारी हुन्छ । सहभागीहरूको सिकाई अवस्थाबारे अवगत भइ तालिमलाई सहयोग पुग्दछ । तालिम सञ्चालन अवधिभर सहभागीहरू मध्येबाट प्रतिवेदन, अनुशासन तथा मनोरञ्जन कार्य सम्बन्धी कार्य विभाजन | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | तथा तालिमलाई अनुशासित ढङ्गले सञ्चालन गर्नका लागि आवश्यक आचार संहिताको विवरण यसै सत्रमा तयार हुन्छ ।<br>सामग्रीः भित्ते घडी, मेटाकार्ड, मार्कर पेन, चार्ट पेपर, न्युजप्रिन्ट, मस्किंग टेप<br>**मूख्य विधिहरुः** प्रदर्शन, छलफल र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरुः**<br>१. अपेक्षा सङ्कलनः सबै सहभागीहरूलाई ३/३ वटा मेटाकार्ड वितरण गर्नुहोस् । सहभागीहरूलाई यस तालिमबाट सिक्न चाहेको बढीमा तीन वटासम्म आ–आफ्नो अपेक्षाहरू लेख्न लगाउनुहोस् वा लेख्न नसक्ने सहभागीको हकमा सङ्केत गर्न लगाई सहजकर्ता वा दोभाषे मार्फत लेखिदिने व्यवस्था मिलाउनुहोस् । सहजकर्ताले सबै सहभागीहरूबाट अपेक्षा लेखिएको मेटाकार्डहरू सङ्कलन गर्नुहोस् । हरेकको मेटाकार्डमा लेखिएको अपेक्षा सहजकर्ताले सामाजिक पक्ष, राजनैतिक पक्ष, क्षमता विकास, र अन्य पक्ष गरी विभिन्न पक्षमा विभाजन गरेर छुट्याई पढ्नुहोस, कुन कुन अपेक्षा यस तालिमसंग सम्वन्धित छन् र कुन कुन असम्वन्धित छन् भन्ने वारेमा प्रष्ट्याउनुहोस् । अपेक्षा लेखिएका मेटाकार्डहरू चार्ट पेपरमा टाँसेर तालिम अवधिभर भित्तामा प्रदर्शन गर्नुहोस् ।<br>(नोटः तालिममा प्रस्तुत हुने विषयहरूमा मेल नखाने त्यस्ता अपेक्षासम्बन्धी विषयवस्तु तालिम अवधिमा नभई खालि समयमा छलफल गर्न सकिने जानकारी सहभागीहरूलाई गराउनुहोस् )<br>(सन्दर्भ सामग्रीः १.२.१ अपेक्षा सङ्कलन_*pp*)<br>**२. पूर्व सिकाई मूल्याङ्कनः** सिकाई पूर्वको अवस्था परीक्षण गर्नुहोस् र यसका लागि प्रश्नावाली सम्पूर्ण सहभागीहरूलाईवितरण गर्नुहोस् र १५ मिनेटको समय दिएर उत्तर लेख्न लगाउनुहोस् । सहभागीहरूलाईबुझ्न कठिन भएका प्रश्नहरू बुझाउनका लागि सहजकर्ता आफैले वा दोभाषे मार्फत सहयोग गर्नुहोस् र सहभागीहरूले उत्तर लेखिसकेपछि प्रश्नावालीहरू सङ्कलन गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः १.२.२ पूर्व सिकाई प्रश्नावली _*doc*)<br>(नोटः सबै सहभागीहरूले भरेको पूर्व सिकाई अवस्था सम्बन्धी प्रश्नावलीहरूको उत्तर महत्वपूर्ण हुने भएकाले यसलाई सहजकर्ताले अध्ययन गरी सहभागीहरूका सिकाई अवस्था पत्ता लगाई सोही अनुसार का विषयवस्तुहरू तालिम कार्यक्रममा समावेश गर्नुपर्दछ ।)<br>३. आचार संहिता निर्माणः सहभागीहरूलाई तालिम आवधिमा के कस्तो नियम पालना गर्नुपर्दछ भनेर समूहमा सोध्नुहोस् । आचार संहिताको नमूना चार्ट देखाउनुहोस् सहभागीहरूलाई आफुलाई लागेको १/१ नियम पालै पालो थप्न लगाउनुहोस् सहभागीहरूले भनेको नियमहरू सहजकर्ताले सबैले देख्ने स्थानमा राखिएको न्युजप्रिन्ट पेपरमा लेखी सबै सहभागीहरूको | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | सहमतिमा आचार संहिता पारित गराउनुहोस् । पारित भएको आचार संहिता लेखिएको चार्टपेपर भित्तामा टाँस्नुहोस् र सोहि अनुसार पालना समेत गर्न गराउन लगाउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः १.२.३ आचार संहिताको नमूना चार्ट_doc)<br>**४. जिम्मेवारी बाडफाडका लागि समूह निर्माण**: सहभागीहरूलाई रातो, पहेँलो र निलो रङ्को १/१ वटा मेटाकार्ड रोज्न लगाई सबै सहभागीहरूलाई प्राप्त मेटाकार्डमा आ–आफ्नो नाम लेख्न लगाउनुहोस् र उक्त मेटाकार्डहरू सङ्कलन गर्नुहोस् । रातो रङ्को मेटा कार्डमा नाम भएका सहभागीहरूलाई प्रतिवेदन, पहेलो रङ्को मेटाकार्डमा नाम भएका सहभागीहरूलाई मनोरञ्जन र निलो रङ्को मेटाकार्डमा नाम भएका सहभागीहरूलाई अनुसाशन, समय तथा मर्यादा पालना सम्बन्धी जिम्मेवारी जिम्मेवारी बाँडफाँड गर्नुहोस् । तालिम अवधिभर यस समूहलाई यथावत राखी प्रत्येक दिन रङ्ग अनुसारका जिम्मेवारी परिवर्तन गर्न लगाउनुहोस्।<br>(सन्दर्भ सामग्रीः १.२.४ जिम्मेवारी बाँडफाँड तालिका )<br>**५. मत जाहेर गर्न र तालिम व्यवस्थित तथा सहजीकरण**:<br>प्रत्येक सहभागीहरूलाई रातो रङ्को त्रिभुज आकारको, हरियो रङ्को वर्ग आकारको र पहेलो रङ्को गोलो आकारको गरी ३/३ वटा मेटाकार्डहरू वितरण गर्नुहोस् । तालिममा बहिरादृष्टिविहीन सहभागीहरूलाई समेत ध्यानमा राखेर फरकफरक आकारका मेटाकार्डहरूको प्रयोग गर्नुहोस् । सहभागीहरूले कुनै सोधिएको प्रश्न वा विषयमा सहमत भए वा जानकारी भए हरियो, असहमत भए वा जानकारी नभए रातो र सहमत र असहमत वा अलमल भए पहेलो रङ्को मेटाकार्ड देखाउन सहभागीहरूलाई सिकाउनुहोस् र सोहि अनुरूप तालिम अवधिभर विभिन्न रङ्को मेटाकार्डहरूको प्रयोग गर्न सहजीकरण गर्नुहोस् ।<br>सहभागीहरूको समय समयमा ध्यानाकर्षण गराउन तथा उनीहरूलाई थप उत्साहित गराउन सहजकर्ताले टाउकोमा दुवै हातका औंलाहरू एक आपसमा क्रस गरेर राख्नुहोस् र सहभागीहरूलाई आफ्नो दायाँ र बायाँ दुवैतर्फ बसेका साथीहरूलाई हातले कोट्याउन लगाएर ध्यानाकर्षण गर्न लगाउनुहोस् र तालिम अवधिभरि यो प्रक्रियालाई आवश्यकता अनुरूप प्रयोग गर्नुहोस् । | |
| १५ मिनेट | **साङ्केतिक सञ्चार तथा चिया ब्रेक** | |
| १.३ नयाँ शब्दहरूको सङ्केत निर्माण<br>४५ मिनेट | **सिकाई उपलब्धि**:<br>१.बहिरा नागरिकहरूका लागि निर्वाचन शिक्षाका सम्बन्धमा प्रयोग हुने विभिन्न नयाँ शब्दहरूका सङ्केतहरूको निर्माण गरिएको हुनेछ ।<br>२.तालिम अवधिभर प्रयोग गरिने नयाँ शब्दहरूको सङ्केतहरूको बारेमा समान बुझाइको बिकास भएको हुनेछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | ३.तालिम अवधिमा उब्जने नयाँ शब्दहरूको सङ्केत सहभागीहरूको छलफलबाट निर्धारण गरिएको हुनेछ ।<br>**सिकाईको उद्देश्य**:<br>निर्वाचनसँग सम्बन्धीत शब्दहरूको सङ्केत भए नभएको यकिन गरी सङ्केत नभएका शब्दहरूको सङ्केत निर्माण गर्न लगाई उपयोगमा ल्याउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>नेपाली साङ्केतिक भाषामा हालसम्म राजनैतिक अधिकार, निर्वाचन तथा मतदाता शिक्षासम्बन्धी सङ्केतहरू निकै कम संख्यामा प्रयोग र सङ्कलितभएका छन् । निर्वाचन शिक्षासम्बन्धी सङ्केत नभएका शब्दहरूको हस्त हिज्जे गरी शब्दहरु प्रयोग गर्दा बहिरा नागरिकहरूलाई बुझाई विकास गर्न कठिनाई हुने भएकोले सहभागीहरूको आपसी छलफलबाट कार्यक्रम अवधिमा प्रयोग हुने नयाँ शब्दहरूको सङ्केत निर्धारण गर्नुहोस् ।<br>**सामग्री**: मेटाकार्ड, मार्कर पेन, चार्ट पेपर, न्युजप्रिन्ट, रातो, हरियो र पहेलो रङ्गको मेटाकार्ड, मस्किंग टेप<br>**मूख्य विधिहरू**: प्रदर्शन, छलफल र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. प्रस्तुतीकरण र सामूहिक छलफल**: सहभागीहरूलाई कम्प्युटरमा सङ्कलन गरिएको नयाँ शब्दहरूको सूची र प्रस्तावित सङ्केतहरू एक एक गरी प्रोजेक्टरमा प्रस्तुत गर्नुहोस् र उक्त नयाँ शब्दहरूको सङ्केत के राख्ने भन्ने बारेमा सहभागीहरूमाझ छलफल गराउनुहोस् । त्यस्तै अघिल्लो तालिममा उक्त नयाँ शब्दहरूको सङ्केत निर्धारण भएको छ भने उक्त सङ्केतहरू १/१ गरी देखाउनुहोस् । नयाँ शब्दहरूको सङ्केतहरूको भिडियो प्रदर्शन गर्नुहोस् र सहभागीहरूबीच छलफल गराउनुहोस् । निर्धारण गरिएका साङ्केतिक भाषाका सङ्केतहरूबारे जानकारी गराउनुहोस् सहभागीहरूलाई सहमति गर्दा प्रत्येक शब्द सङ्केतहरूको प्रस्तुती पश्चात् सहमति भए हरियो, असहमतिमा रातो र अलमल भए पहेलो मेटाकार्ड देखाउन लगाउनुहोस् । यसरी तालिम अवबधिभर सहभागीहरूलाई हरियो,रातो र पहेलो मेटाकार्ड प्रयोग गरेर क्रमशः आफ्नो सहमति, असहमति वा अलमल सम्बन्धी मत जाहेर गर्न सहभागीहरूलाई उत्प्रेरित गर्नुहोस् ।<br>**२. भिडियो प्रदर्शन**: शब्दकोषमा उपलब्ध नयाँ सङ्केतहरूको भिडियो प्रस्तुतीकरण गर्नुहोस् । तालिम अवधिमा उत्पादित शब्दहरूलाई प्रयोग गर्न सवैलाइ उत्साहित गराई कुनै अवस्थामा फरक सङ्केत प्रयोग भएमा सम्झाउनुहोस् र सङ्केतको समान प्रयोगमा ध्यान दिनुहोस् ।<br>(सन्दर्भ सामग्रीः १.३.१ नयाँ शब्दहरूको सूची, प्रास्तावित सङ्केतहरूको भिडियो_vi)<br>(नोटः आपसी सहमतिमा तय भएका शब्दहरू सहजकर्ता, दोभाषे तथा सहभागीहरूलाई तालिम अवधिभर प्रयोगमा ल्याउनुहोस् ) | १.३.१नयाँ शब्दहरूको सूची, प्रास्तावित सङ्केतहरूको भिडियो_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| सत्र २ः मानव अधिकारका साधनहरु, अपाङ्गता र बहिरा तथा सुस्तश्रवणको परिभाषा, अपाङ्गता र बहिरा अधिकारसम्बन्धी प्राबधान, दिगो विकासका लक्षहरूमा बहिरा समावेशीकरणका सूचकहरु, तथ्याङ्क, अवरोध र विभेद, अपाङ्गता अधिकार र युएनसीआरपीडीको सिफारिस तथा संवैधानिक व्यवस्था | | |
| **२.१ अपाङ्गता र बहिरा** | | |
| २.१.१<br>अपाङ्गता (बहिरा)को बुझाई र परिभाषा (अर्न्तराष्ट्रिय सन्धि, संविधान र ऐनका आधारमा), बहिरहरुको वर्गिकरण<br><br>१ घण्टा | **सिकाई उपलब्धि:**<br>१.सहभागीहरूले मानव अधिकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेजहरूमा प्रबन्ध गरिएको अपाङ्गताको परिभाषा र अपाङ्गताको प्रकारबारे जानकारी पाएका हुनेछन् ।<br>२.सहभागीहरूले बहिरा तथा सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरूको परिभाषा, प्रकार, नेपालमा बहिरा नागरिकहरुको तथ्याङ्कबारे अवगत भएको हुनेछन् ।<br>३.सहभागीहरूले नेपालमा बहिरा अधिकार अभियानका बारेमा जानकारी प्राप्त गरेका हुनेछन् ।<br>**सिकाईको उद्धेश्य:**<br>अन्तर्राष्ट्रिय सन्धि, संविधान र ऐनका आधारमा अपाङ्गता (बहिरा)को बुझाई र परिभाषा तथा बहिराहरुको बर्गीकरण सम्बन्धमा जानकारी गराउने ।<br>**तालिम सत्रको मूख्य विषयवस्तु:**<br>१. सन् १९८३-१९९२ मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा अपाङ्गता भएका व्यक्तिहरूको दशक मनाइएको बिन्दुबाट नेपालमा अपाङ्गता अधिकार अभियानको शुरूवात भएको थियो । नेपालमा कल्याणकारी अवधारणावाट आएको अपाङ्गता कल्याण ऐन २०३९ बाट अपाङ्गताको पहिचान शुरू भएको तथ्य र उक्त ऐनमा उल्लेखित ४ प्रकारका अपाङ्गताको परिभाषा समावेश गरिएको थियो । २०६३ को अपाङ्गता बर्गीकरण सम्बन्धी निर्देशिकाले गरेको ७ प्रकारका अपाङ्गताका प्रकारको परिभाषा समावेश गरिएको थियो ।<br>नेपालले २००९ मा अनुमोदन गरेको अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी २००६ को धारा १ मा "अपाङ्गता भएको व्यक्ति" भन्नाले शारीरिक, मानसिक, बौद्धिक वा इन्द्रियसम्बन्धी दीर्घ अशक्तताद्धारा सृजित विभिन्न अवरोधहरूसंगको अन्तक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गमा सहभागी हुन बाधा भएको व्यक्ति सम्झनुपर्छ भनिएको छ । अपाङ्गता अधिकार ऐन २०७४ ले युनसीआरपिडीकै अवधारणा अनुरूप नेपालमा अपाङ्गतालाई १० प्रकारमा बिभाजन गरिएको छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | उक्त ऐनमा १. शारीरिक अपाङ्गता, २. दृष्टि सम्बन्धी अपाङ्गता, ३. सुनाई सम्बन्धी अपाङ्गता, ४. श्रवण दृष्टिविहीन अपाङ्गता, ५. स्वर र बोलाइ सम्बन्धी अपाङ्गता, ६. मानसिक वा मनोसामाजिक अपाङ्गता, ७. बौद्धिक अपाङ्गता, ८. अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता, ९. अटिज्म सम्बन्धी अपाङ्गता र १०. बहुअपाङ्गता गरी दश प्रकृतिका अपाङ्गताको परिभाषा समावेश गरिएको छ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर, प्रदर्शन, छलफल र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:<br>क. सहभागीहरू मध्येबाट २/३ जनालाई<br>ख. अपाङ्गता भन्नाले के बुझ्नु हुन्छ ?<br>ग. बहिरा नागरिक अपाङ्गता भएका व्यक्ति हुन् कि होइनन् ?<br>घ. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (सिआरपिडी) वारे जानकारी छ कि छैन ?<br>सहभागीहरूलाई उपरोक्त प्रश्नहरू गरी उत्तर भन्न लगाउनुहोस् र अपाङ्गताका सम्बन्धमा सहभागीहरूको बुझाई मापन गर्नुहोस् । सहभागीहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (सिआरपिडी) वारे जानकारी छ कि छैन भनेर सोध्नुहोस् । यस वारेमा कति जना सहभागीहरूले तालिम, गोष्ठिमा सहभागी भएका छन् भनेर सोध्नुहोस् र उनीहरूलाइ के कति सिकाई र बुझाइ भएको छ भन्ने वारेमा भन्न लगाउनुहोस् । जानकारी भएका सहभागीहरूलाई हरियो, जानकारी नभएका सहभागीहरूलाई रातो र सुन्न त सुनेको तर खै के हो भन्ने जानकारी नभएका सहभागीहरूलाई पहेलो रङ्को मेटाकार्ड पालैपालो उठाउन लगाउनुहोस् र कत्तिको जानाकारी रहेछ भनेर मापन गर्नुहोस् । जानकारी छ भन्ने १/२ जना सहाभागीहरूलाई युनसीआरपिडीबारे आफुलाई जानकारीमा भएको विषय व्यक्त गर्न लगाउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.१.१.१ अपाङ्गता र बहिरा परिभाषा_*pp*)<br>२. वादविवाद तथा छलफलःसहभागीहरूलाई बहिरा व्यक्तिहरू अपाङ्गता भएका व्यक्ति हुन् कि होइनन् भन्ने विषयमा दुई समूह बनाई वादविवाद गर्न लगाउनुहोस् र हो भन्नेका तर्फबाट १/२ जना सहभागीहरूलाई किन बहिरा व्यक्तिहरू अपाङ्गता भएका व्यक्ति हुन् भनेर सोधी त्यसको उत्तरमा तर्क गर्न लगाउनुहोस् । त्यसैगरी होइन भन्ने सहभागीहरूबाट किन होइन भनेर १र२ जना सहभागीहरूलाई भन्न लगाउनुहोस् । आपसमा छलफल गराई निष्कर्ष प्रस्तुत गर्नुहोस् । | २.१.१.१ अपाङ्गता र बहिरा परिभाषा_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | ३. प्रस्तुतीकरणः युएनसीआरपिडी, आईसीएफसी, नेपालको संविधान, तथा अपाङ्गता अधिकार ऐनमा उल्लेखित अपाङ्गताको परिभाषा र अपाङ्गताको प्रकार, बहिरा र सुस्तश्रवण भएका व्यक्तिहरूको परिभाषा उल्लेख गरिएका स्लाइडको प्रस्तुती गराउनुहोस् । ८० डेसिबलभन्दा माथिको ध्वनि सुन्न नसक्ने वा सञ्चारका लागि साङ्केतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्तिलाई बहिरा भनिन्छ । सुन्नलाई श्रवण यन्त्र राख्नुपर्ने वा ६५ देखि ८० डेसिबलसम्मको ध्वनि सुन्न सक्ने व्यक्तिलाई सुस्तश्रवण भनिन्छ ।<br>विश्वमा करिब ५ प्रतिशत अर्थात् ४६ करोड ६० लाख मानिसहरूमा सुनाई सम्बन्धी अपाङ्गता रहेको अनुमान गरिएको छ । जसमा बालबालिकाहरूको संख्या ३ करोड ४० लाख रहेको छ । नेपालमा बहिरा नागरिकहरूको तथ्याङ्क ७९,३०९ रहेको तथ्याङ्क लगायत अन्य सूचनाहरूको जानकारी दिनुहोस् ।<br>प्रस्तुतीकरणका विषयवस्तुवारे सहभागीहरूका जिज्ञासा तथा अस्पष्टताहरूमाथि छलफल गर्नुहोस् ।<br>सन्दर्भ सामग्रीः २.१.१.२ बहिरा अपाङ्गतासम्बन्धी तथ्यहरू_*pp*)<br>नोटःकतिपय बहिरा सहभागीहरूमा बहिरा नागरिक अपाङ्गता भएका व्यक्ति होइनन् भन्ने बुझाई समेत रहेको पाइन्छ । सहजकर्ताले बहिरा व्यक्तिहरू अपाङ्गता भएका एवम् भाषिक तथा सांस्कृतिक अल्पसंख्यक दुवै हुन् भन्नेर स्पस्ट पार्नुहोस् र यस सम्बन्धमा विश्व बहिरा महासंघको अबधारणा पत्रका बारेमा सहभागीहरूलाई जानकारी प्रदान गर्नुहोस् । | २.१.१.२ बहिरा अपाङ्गता सम्बन्धि तथ्यहरू_pp |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| २.१.२ बहिरोपनबाट भएका उपलब्धि (Deaf Gain)<br><br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>१.सहभागीहरूमा बहिरा तथा सुस्तश्रवण अपाङ्गता भएका व्यक्तिहरूको कारण समाजमा हासिल भएका नवीनतम् खोज र उपलब्धिहरूका वारेमा अवगत भएको हुनेछन् ।<br>२. सहभागीहरूमा बहिरा तथा सुस्तश्रवण अपाङ्गता कुनै हेयभाव नभएर मानव सभ्यताको विविधता हो भन्ने बुझाइको विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्यः**<br>बहिराहरूको बहिरोपनका कारण समाजमा हासिल भएका उपलब्धिहरूबारे गराई सकारात्मक धारणाको विकास गराउने र सहभागीहरूलाई उत्प्रेरणा जगाउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>समाजले अपाङ्गतालाई पूर्वजन्मको पाप एवम् हेयको दृष्टिकोणवाट हेर्ने सो चाईमा परिवर्तन भएको छैन । बहिरा अपाङ्गताको हकमा समेत अझै पनि यस्तै प्रबृत्ति जारि रहेको छ । बहिरा समुदायमा समेत कता कता हेयको भावना रहेको पाईन्छ । तर बहिरोपनका कारण अर्न्तराष्ट्रिय तथा राष्ट्रिय | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | रूपमा धेरै लाभ तथा उपलब्धिहरू हासिल भएका छन, जसका कारण समग्र मानव बिकासमा समेत महत्वपूर्ण योगदान पुगेको छ । बहिरो पनका कारण समाजमा भएका बिकास तथा उपलब्धिहरु अध्ययन तथा अनुसन्धानहरु भएका छन् । बहिरोपनाकै कारण साङ्केतिक भाषाको बिकास हुन पुगेको हो । बहिरा अपाङ्गता मानब सभ्यताको एक विविधता हो । यसमा बहिरा समुदायले गौरब गर्नुपर्दछ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रस्तुतीकरण, प्रश्नोत्तर र छलफल<br>सत्र सञ्चालनका चरणहरु:<br>**१. प्रस्तुतीकरण**: बहिरोपनका कारणबाट समाजमा विभिन्न उपलब्धी, लाभ तथा बिकास हासिल भएका छन् । बहिरोपनका कारण संस्कृतिक, भाषिक तथा मानवीय विविधतामा योगदान पुगेको छ । बहिराहरूका कारण नयाँ नयाँ प्रविधि तथा आविश्कारमा पुगेको सहयोग र पहिचान सहितको प्रस्तुती गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.१.२.१ बहिरोपनबाट भएका उपलब्धि सम्बन्धी स्लाइर्ड_pp)<br>**२. छलफल**: सहभागीहरूलाई दुई समूह बनाई बहिरा अपाङ्गता "बहिरा हुनु वा कान नसुन्ने हुनु", बहिरोपनका कारण समाजलाई के के उपलब्धी हासिल भएका छन् भनी छलफल गर्न लगाउनुहोस् र आपसमा छलफलबाट प्राप्त निष्कर्ष प्रस्तुत गर्न लगाउनुहोस् ।<br>बहिरा व्यक्तिहरूमा अपाङ्गता भएका कारण के कस्ता उपलब्धि तथा लाभहरू हासिल भए भन्ने विषयमा प्रस्तुतीकरण गरी सहभागीहरूका जिज्ञासाहरूमाथि छलफल गर्नुहोस् ।<br>नोटः सहजकर्ताले बहिरा व्यक्तिहरु अपाङ्गता भएका एवम् भाषिक तथा साँस्कृतिक अल्पसंख्यक दुवै भएका बताउनुहोस् । बहिरा अपाङ्गताका कारण भएका विभिन्न उपलब्धिहरूका बारेमा सहभागीहरूलाई थप जानकारी प्रदान गर्नुहोस् । | २.१.२.१ बहिरोपनबाट भएका उपलब्धि सम्बन्धी स्लाईड_pp |
| २.१.३ अपाङ्गता (बहिरा) का सम्बन्धमा प्रचलनमा रहे का मिथकहरू (अपमानजनक शब्दहरू र भनाईहरु) तथा सम्मानजनक शब्दहरू<br>३० मिनेट | **सिकाइ उपलब्धि**:<br>१.समाजमा भएका अपाङ्गता तथा बहिरासम्बन्धी अन्धविश्वास र मिथकबारे जानकारी भएको हुनेछन् ।<br>२.अपाङ्गता तथा बहिरा नागरिकहरूका लागि प्रयोग गरिने सम्मानजनक शब्दावलीहरूबारे समान बुझाई विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य**:<br>बहिराहरूको बहिरोपनका सम्बन्धमा प्रचलनमा रहेका अपमानजनक शब्दहरु र भनाईहरूबारे जानकारी गराउने र सम्मानजनक शब्दावलीहरूबारे समान बुझाई र प्रयोगको विकास गर्ने । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **तालिम सत्रको मुख्य विषयवस्तुः**<br>नेपालमा पनि बहिरा अपाङ्गतासम्बन्धी विभिन्न रूढिवादी दृष्टिकोण तथा मिथकहरु विद्यमान् रहेका छन् । समाजमा अपाङ्गता पूर्व जन्मको पाप ठान्ने, अपाङ्गता भएका व्यक्तिहरू केहि गर्न सक्दैनन्, क्षमता छैन, अपाङ्गता भएका व्यक्तिहरू अरू समुदायजस्तो अधिकार आवश्यक छैन भन्ने रुढिवादी सोचहरु ब्याप्त छन् । अपाङ्गता तथा बहिरा व्यक्तिहरूप्रती अपमानजनक शब्दावलीहरू समाजमा प्रयोगमा रहेकोमा विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्न सम्मानजनक शब्दावलीहरूको प्रयोगको शुरू भएको छ ।<br>सुनाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई लाटो भनेर हेप्ने गरि न्थ्यो, आजकल बहिरा शब्दको प्रयोग गर्न शुरू भएको छ । अपाङ्गता भएका व्यक्तिहरूलाई विभिन्न शब्दावलीहरु प्रयोग गर्ने गरेको सुनिन्छ । सुनाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरू बहिरा शब्द नै मन पराउँछन् । सुनाईसम्बन्धी अपाङ्गता भएका नागारिकहरूको छाता संगठन तथा जिल्ला संघहरूमा समेत बहिरा शब्द नै प्रयोग भएको छ । अतः सबैले बहिरा शब्दले नै सुनाईसम्बन्धी अपाङ्गता भएका व्यक्तिहरूलाई सम्बोधन गर्नुपर्दछ ।<br>सामग्रीः ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रश्नोत्तर तथा छलफल, प्रदर्शन, र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्ः**<br>क. अपाङ्गता तथा बहिरा व्यक्तिहरूका सम्बन्धमा के कस्ता मिथक, अन्ध–विश्वासहरु देख्नु, सुन्नु तथा भोग्नु भएको छ ?<br>उक्त सवालमा सहभागीहरूको समूह बनाई छलफल गराउनुहोस् र सहभागीहरूबाट प्राप्त शब्दावली तथा भनाईहरु टिप्दै जानुहोस् र यसबाट परेका असरहरु बारे छलफल गराउनुहोस् । त्यस्तै गरी<br>ख.तपाई वा बहिरा व्यक्तिका बारेमा कुरा गर्दा समाजमा के कस्ता शब्द प्रयोग गरेको सुन्नु भएको छ ?<br>उक्त प्रश्नमाथिको छलफलमा उठेका विषयहरू टिपोट गर्न लगाउनुहोस् ।<br>नोट : यदि तपाईको समूहमा सुन्ने व्यक्तिहरू पनि छन् भने तलका दुई क्रियाकलाप गर्न लगाउनुहोस् ।<br>ग. सबै सुन्ने सहभागीको कानमा इएअर प्लग वा कपास राख्न लगाई बोल्न नदिई सञ्चार गर्न लगाउनुहोस् ।<br>घ. तपाईले कुनै बहिरा व्यक्तिसँग बिगतमा भेटेको र उक्त व्यक्तिसँग सञ्चार गर्दा भएको स्मरणीय क्षण भए व्यक्त गर्न लगाउनुहोस् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **२. प्रस्तुतीकरण**: अपाङ्गता तथा बहिरा सम्बन्धी मिथक, अन्धविश्वास, अपाङ्गता भएका व्यक्तिहरूप्रति प्रयोग गर्नुहोस् गरिएको विभेदजन्य र अपमानजनक शब्दहरूबारे तीन समूह बनाई छलफल गर्न लगाउने, समूहका प्रत्येक सहभागीलाई सक्रिय रूपमा समूह छलफलमा सहभागी हुन सहजीकरण गर्नुहोस् ।<br>प्रत्येक समूहबाट १/१ जना टोली नेता छान्न लगाउनुहोस् र समूह नेताबाट प्रस्तुतीकरण गर्नुहोस् र प्रस्तुती पश्चात् सहभागीहरूबिच छलफल गराउनुहोस् । अपाङ्गताप्रति ब्याप्त अन्धबिश्वास तथा अपाङ्गता भएका व्यक्तिहरूले केहि गर्न सक्दैनन् भन्ने समाजले हर्ने विभेदकारी दृष्टिकोणबाट बहिरा नागरिकहरूको सामाजिक र राजनैतिक सहभागीतामा भएको अवरोध तथा बिभेदबारे छलफल गर्नुहोस् ।<br>विभिन्न प्रकारका अपाङ्गताहरूलाई सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने सम्मानजनक शब्दावलीहरू प्रस्तुतीकरण गर्नुहोस् र सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.१.३.१ अपाङ्गता र बहिरासम्बन्धी मिथक तथा सम्मानजनक शब्दावाली _pp)<br>**३. समूह कार्य**: समाजमा भएका बहिरा सम्बन्धी अन्धविश्वास मिथक तथा अपाङ्गता भएका व्यक्तिहरूप्रति प्रयोग गरिने अपमानजनक व्यबहारमा क्रमश परिवर्तन आएको छ । अपाङ्गताको विभिन्न प्रकृतिलाई भिन्न भिन्न सम्माजनक शब्दहरू प्रयोगमा रहेका छन् । आफ्नो समाजमा त्यस्ता के कस्ता शब्दावलीहरू प्रयोगमा रहेका छन् भन्ने विषयमा छलफल गर्न लगाई प्रस्तुत गर्न लगाउनुहोस् । | २.१.३.१ अपाङ्गता र बहिरा सम्बन्धी मिथक तथा सम्मानजनक शब्दावाली_pp |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| २.२ दिगो विकासका लक्ष्यहरूमा बहिर समावेशीकरणका सूचकहरु र अर्न्तराष्ट्रिय अभ्यास<br><br>३० मिनेट | **सिकाई उपलब्धि**:<br>१. सहभागीहरूले दिगो विकास लक्ष्य (एसडीजी) को अवधारणा तथा विकासक्रमबारे जानकारी पाएका हुनेछन् ।<br>२.दिगो विकासका लक्ष्यमा बहिरा समावेशीकरणका सूचकहरूका सम्बन्धमा जानकारी पाएका हुनेछन् ।<br>**सिकाईको उद्धेश्य**:<br>दिगो विकासका लक्ष्य (एसडीजी) एवम् (एसडीजी)मा समाबेश भएका बहिरा समावेशीकरणका सूचकहरूका सम्बन्धमा बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो जसले सन् २०३० सम्ममा सबै प्रकारका गरीबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरू | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | दिगो विकासका लागि एजेण्डा २०३० को एउटा भाग हो । संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरू सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारणसभाको शिखर सम्मेलनले पारित गरेर जनवरी १, २०१६ देखि लागू गरेको छ ।<br>दिगो विकास लक्ष्यले कुनै पनि समुदाय पछाडी नछुटुन् भन्ने मूल मर्मलाई आत्मसात गरी अपाङ्गता भएका व्यक्तिहरू तथा अति सिमान्तकृत समुदायहरूको पूर्ण समावेशीकरणलाई जोड दिएको छ । दिगो विकास लक्ष्यको पाचौं लक्ष्यले लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरूको सशक्तीकरण गर्ने उद्देश्य लिएको छन् ।<br>छैटौ लक्ष्यले न्यायपूर्ण, शान्तिपूर्ण र समावेशी समाजहरूको प्रबर्धन गर्ने उद्देश्य लिएको छ र अपाङ्गता भएका व्यक्तिहरूको समावेशीकरणसँग विशेष रूपमा सम्बन्धीत रहेको छ ।<br>दिगो बिकास लक्ष्यको १६ औ लक्ष्यले सबै तहमा उत्तरदायी, समावेशी, सहभागीतामूलक र प्रतिनिधिमूलक नीति निर्माण सुनिश्चित गर्ने लक्ष राखेको छ ।<br>सामग्रीः ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. प्रस्तुतीकरणः** दिगो विकास लक्ष्यको अवधारणा, दिगो विकास लक्ष्य तथा सूचकहरू एवम् युएनसिआरपिडीसँगको अन्तरसम्बन्ध सम्बन्धी प्रस्तुती गरी ब्याख्या गर्नुहोस् र सहभागीहरूलाई उक्त प्रस्तुतीकरणबारे आफ्नो बुझाई, प्रतिक्रिया तथा जिज्ञासा राख्न लगाई छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.२.१ दिगो विकासका लक्ष्यहरु र बहिरा समावेशीकरणका सूचकहरु_pp)<br>१. भिडियोप्रदर्शन सदिगो विकासका लक्ष्यहरुमा बहिरा समावेशीकरणका सूचकहरु र अर्न्तराष्ट्रिय अभ्याससम्बन्धी भिडियो प्रदर्शन गरी यसको बारेमा समूहमा छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.२.२ दिगो विकासका लक्ष तथा समावेशीकरणका सूचकहरु सम्बन्धी भिडियो_vi)<br>साङ्केतिक भाषामा भिडियोको सारांशः दिगो विकास लक्ष्य एउटा साहसिक र विश्वव्यापी सम्झौता हो जसले सन् २०३० सम्ममा सबै प्रकारका गरीबीको उन्मूलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माण गर्ने परिकल्पना गर्दछ । दिगो विकासका १७ लक्ष्य तथा १६९ सहायक लक्ष्यहरू दिगो विकासका लागि एजेण्डा २०३० को एउटा भाग हो, जुन संयुक्त राष्ट्रसंघका १९३ सदस्य राष्ट्रहरू सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसंघीय साधारणसभाको | २.२.१ दिगो विकासका लक्षहरु र बहिरा समावेशीकरणका स"चकहरु_pp<br><br>२.२.२ दिगो विकासका लक्ष सम्बन्धी भिडियो_vi |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | शिखर सम्मेलनले पारित गरेर जनवरी १, २०१६ देखि लागू गरेको छ । विश्वभरका राष्ट्रिय सरकारहरू तथा लाखौँ नागरिकहरूलाई एउटै थलोमा ल्याई यी महत्वाकांक्षी कार्यसूचीमा व्यापक छलफल र परामर्श गरी यी दिगो विकास लक्ष्यहरु तय गरिएका हुन् । | |
| २.३ बहिरा नागरिकहरूका अवरोध तथा विभेद (Audism)<br><br>४५ मिनेट | **सिकाई उपलब्धि:**<br>१.बहिरा समुदायले पारिवारिक तथा सामाजिक सहभागीतामा भोग्नु परेका अवरोध तथा विभेदहरूका बारेमा जानकारी भएको हुनेछ ।<br>२.बहिरा अपाङ्गताका अवरोधका कारण सार्वजनिक तथा राजनैतिक जीवनमा सहभागीता र पहूँचमा भएको विभेद तथा पहूँचका उपायहरूबारे अवगत भएका हुनेछ ।<br>**सिकाईको उद्धेश्य:**<br>बहिरा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक सहभागीताका सम्बन्धमा समाजमा विद्यमान् रहेका अवरोध तथा विभेदहरूको पहिचान गर्ने र उक्त अवरोध तथा विभेदहरूको सम्बोधन गरी पहूँच अभिवृद्दि गर्ने उपायहरूको पहिचान तथा बुझाईको बिकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>बहिरा नागरिकहरूले घर(परिवार तथा समाजमा सञ्चारमा पहूँच, सामाजिक तथा राजनैतिक सहभागीतामा प्रत्यक्ष तथा अप्रत्यक्ष अवरोध र विभेदहरू भोग्नु परेको छ । बहिरा नागरिकहरूले ब्यबहारजन्य, वातावारणीय तथा संरचनागत अवरोध र बिभेदहरू भोग्नुपरेको छ । उक्त अवरोधहरूका कारण बहिरा नागरिकहरूले घरपरिवार, समाज तथा राज्यले कानुनी रूपमा प्रदान गरेका अधिकार, सेवासुविधा उपभोग एबम्, सुचना तथा सहभागीतामा पहूँच हासिल गर्नमा समेत विभेदको सामना गर्नु परेको छ । बहिरा नागरिकहरूले सामाजिक सहभागीता, उपभोग तथा पहूँचका सम्बन्धमा भोग्नुपरेका विभिन्न प्रकृतिका अवरोध तथा बिभेदहरू पहिचान गरी अन्य नागरिक सरह पहूँच स्थापनाका उपायहरू अवलम्बन गर्नुपर्दछ ।<br>**सामग्री:** ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू:** मत विभाजन तथा छलफल, घटना अध्ययन, प्रदर्शन र समूह कार्य ।<br>**सत्र सञ्चालनका चरणहरू:**<br>**१. मत विभाजन तथा छलफल:**<br>सहभागीहरूलाई सोध्नुहोस् छलफल गर्नुहोस्:<br>क. घरपरिवारले तपाई र अरू परिवारका अन्य सुन्ने सदस्य (दाइभाइ, दिदिबहिनी आदि)प्रति गर्ने व्यवहारमा फरक छ कि छैन ?<br>ख. फरक छ भने के कति फरक छ ?<br>ग. त्यस्तो फरक किन भएको होला ? | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | उपरोक्त सवालहरूमा सहभागीहरू बीच छलफल चलाउनुहोस् । सहभागीहरूलाइ उक्त बिषयमा सहमत भए हरियो, असहमत भए रातो र सहमत र असहमत वा अलमल भए पहेलो रङ्गको मेटाकार्ड देखाउन लगाउनुहोस् ।<br>**२. घटना अध्ययन:** नेपालमा बहिरा नागारिकहरूलाई सवारी चालक अनुमतिपत्र प्राप्त गर्न सवारी व्यवस्था ऐनले वञ्चित गरेको विषय विभेद हो या हैन भन्ने प्रसङ्ग उठाउनुहोस् ।<br>तपाईंको नगरपालिकाले अपाङ्गता दिवसका अवसरमा सार्वजनिक कार्यक्रमको आयोजना गरेको छ कि छैन ? उक्त कार्यक्रममा तपाईलाई अन्तिममा मात्र जानकारी भयो र तपाई जानुभयो ?<br>तर तपाई पुग्दा साङ्केतिक भाषा दोभाषेको व्यवस्था नभएको पाउनु भयो । यी दुई अवस्थामा तपाईले के सोच्नु भयो, तपाईलाई कस्तो अनुभव भयो त्यस बारेमा छलफल चलाउनुहोस् । अन्य सामाजिक क्रियाकलापहरू बारे जानकारी गराइन्छ कि गरईदैन, बहिरा सहभागीहरूलाई सोध्नुहोस् ।<br>**३. प्रस्तुतीकरण गर्ने:** सामाजिक अवरोध र विभेद एवम् बहिरा नागरिकहरूले भोग्नुपरेको अवरोध र विभेद तथा समानता र समता सम्बन्धी चित्र, बहिरा अपाङ्गता भएका व्यक्तिले भोग्नु परेको अवरोध र बिभेदको चित्रसहितको प्रस्तुतीकरण गर्नुहोस् । प्रस्तुतीकरणको बिच बिचमा सहभागीहरूलाई अफ्नो मत राख्न र छलफलमा सहभागी हुन् अभिप्रेरित गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः २.३.१ अपाङ्गता र बहिरा सम्बन्धी अवरोध र विभेद_pp)<br>**४. समूहगत छलफल:** बहिरा नागरिकहरुप्रति भएका ब्यबहारजन्य, वातावारणीय तथा संस्थागत विभेद र अवरोध तथा पहूँच बढाउने उपायहरूका बारेमा ३ समूह बनाई छलफल गराउनुहोस् प्रत्येक समूहको नेतालाई पालैपालो अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।<br>नोटः हरेक समूहमा रहेका सवै सहभागीलाई पालैपालो टोली नेता बन्न प्रेरित गर्नुहोस् । | २.३.१ अपाङ्गता र बहिरा सम्बन्धी अवरोध र विभेद_pp |
| २.४ अपाङ्गता अधिकारका सम्बन्धमा अन्तराष्ट्रिय तथा राष्ट्रिय अभ्यासहरु<br><br>१ घण्टा १५ मिनेट | **सिकाई उपलब्धि:**<br>१. सहभागीहरू युएनसिआरपिडी लगायत मानव अधिकारका अन्तर्राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका बहिरा नागरिकहरूको अधिकार सम्बन्धी प्रावधानहरूबारे अवगत भएका हुनेछन् ।<br>२. सहभागीहरूले नेपालको संबिधानमा भएका मौलिक हक र अपाङ्गता समावेशीकरण र अधिकार, अपाङ्गता अधिकार ऐनमा भएका बहिरा नागरिकको अधिकारका प्रावधानहरूबारे बुझाई विकास गरेका हुनेछन् ।<br>३. युएनसिआरपिडी समितिले अपाङ्गता तथा बहिरा नागारिकहरूले अधिकार सुनिश्चित गर्नका लागि नेपाल सरकारलाई सिफारिस गराउनका लागि | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | बहिरा महासंघले खेलेको भूमिका र नेपाल सरकारलाई गरेका सिफारिसहरूबारे जानकार भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>मानव अधिकारका विश्वव्यापी घोषणापत्र, महिला विरूद्धका सबै प्रकार का भेदभाव उन्मूलन गर्ने महासन्धी, नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी महासन्धी, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी, संविधानमा व्यवस्था गरिएका मौलिक हक तथा अपाङ्गता अधिकार सम्बन्धी व्यवस्था, अपाङ्गता अधिकार ऐन तथा नियमावलीमा व्यवस्था गरिएका बहिरा व्यक्तिका अधिकारहरूका सम्बन्धमा जानकारी दिलाई समान बुझाइको विकास गर्ने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र १९४८, महिला विरूद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी, १९७९, नागरिक तथा र ाजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रय अभिसन्धि, १९६६, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी, २००६ लगायतका मानव अधिकारका अन्तर्राष्ट्रिय दस्ताबेजहरूमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी प्राबधानहरू व्यवस्था गरिएका छन् । नेपालको संविधानका मौलिक हक तथा अपाङ्गता अधिकारसम्बन्धी व्यवस्था, अपाङ्गता अधिकार ऐन एवम् नियमावलीमा अपाङ्गता भएका व्यक्तिहरूका अधिकारसम्बन्धी प्राबधानहरू व्यवस्था गरिएका छन् ।<br>अपाङ्गता भएका महिला, अपाङ्गता भएका वालवालिका, अपाङ्गता भएका व्यक्तिहरूको पहूँचयुक्तता, जीवनको अधिकार, जोखिमका अवस्थाहरू तथा मानवीय सङ्कटहरू, कानूनको अगाडि समान मान्यता, न्यायमा पहूँच, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षा, यातना वा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार सजायबाट स्वतन्त्रता, शोषण, हिंसा र दुर्व्यवहार बाट स्वतन्त्रता, विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सूचनामा पहूँच, घर तथा परिवारको सम्मान, शिक्षा, स्वास्थ्य, बासस्थान र पुन:स्थापना, रोजगारी, सम्पत्तिको अधिकार, पर्याप्त जीवनस्तर, राजनैतिक तथा सार्वजनिक जीवनमा सहभागीता, सांस्कृतिक जीवन, मनोरञ्जन, विश्राम तथा खेलकुदमा सहभागीता लगायतका अधिकारहरू सुनिश्चित गरेको छ । संविधानका समानताको हक, मौलिक हक तथा अपाङ्गता अधिकार सम्बन्धी व्यवस्था, अपाङ्गता अधिकार ऐन, नियममा बहिरा व्यक्तिका अधिकारहरूका प्राबधानहरू समावेश गरिएका छन् ।<br>**सामग्री:** ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **मूख्य विधिहरू:** प्रश्नोत्तर तथा छलफल, प्रस्तुतीकरण, भिडियो प्रदर्शन र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू:**<br>**१.सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:**<br>क. बहिरा नागरिकहरूको सुन्ने नागरिक सरह बराबर अधिकार हुन्छ कि हुदैन ?<br>ख. बहिरा नागरिकहरूले उक्त अधिकारहरू उपभोग गर्नका लागि थप पहूँच स्थापना गर्न के के विशेष व्यवस्था गर्नुपर्दछ ?<br>सहभागीहरूलाई तीन समूह बनाई बहिरा नागरिकहरूका पाँच मुख्य अधिकारहरू नीलो मेटाकार्डमा लेख्न लगाउनुहोस् ।<br>ग. पहिचान गरिएका उक्त अधिकारहरू प्राप्त गर्नमा बहिरा समुदायका मुख्य मुख्य पाँच चुनौती के के छन् ?<br>समूहमा छलफल गरी पहेलो रङ्गको मेटाकार्डमा लेख्न लगाउनुहोस् ।<br>उक्त चुनौतीहरू सम्बोधन गर्ने पाँच उपायहरू रातो मेटाकार्डमा लेख्न लगाउनुहोस् ।<br>हरेक समूहलाई अधिकार, चूनौती र समाधानका उपायहरू समेटेर अधिकारको रूख बनाउन लगाउनुहोस् । यसरी अधिकारको रूख बनाउँदा मूल काण्डलाई मानव अधिकार, अधिकारलाई हाँगा, समस्यालाई पात र सुधार गर्नुपर्ने कुरालाई फल बनाई टाँस्न लगाउनुहोस् र समूह नेतालाई प्रस्तुत गर्न लगाउनुहोस् ।<br>२. प्रस्तुतीकरण: मानव अधिकारका विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी महासन्धी, महिलामाथि हुने सबै प्रकार का विभेद अन्त्य सम्वन्धी महासन्धी मानव अधिकार तथा अपाङ्गता सम्बन्धी प्रावधानहरूले अपाङ्गता तथा बहिरा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सुनिश्चित गरेको छ, बहिरा नागरिकहरूको साङ्केतिक भाषामा सञ्चार तथा शिक्षा, साङ्केतिक भाषाको दोभाषे, बहिरा संस्कृति, समानाता लगायतका अधिकारहरूको व्यवस्था गरेको सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् । प्रस्तुतीकरणमा उल्लेखित अधिकारहरूका सम्बन्धमा सहभागीहरूका जिज्ञासा तथा प्रश्नहरूको छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्री: २.४.१ अपाङ्गता अधिकारका मूख्यसिद्दान्त_pp)<br>**३. भिडियो प्रदर्शन:** युएनसीआरपीडी के हो भन्ने बारेमा नेपाली साङ्केतिक भाषामा ब्याख्या सहित तयार पारिएको भिडियो प्रदर्शन गर्नुहोस् । युएनसीआरपीडी उक्त भिडियोमा प्रस्तुत विषयवस्तुबारे के कस्तो बुझाई रह्यो भन्नेबारेमा केहि सहभागीहरूसँग प्रतिक्रिया लिनुहोस् । त्यसैगरी युएनसीआरपीडीमा बहिरा नागरिकका अधिकारबारे उपलब्ध भिडियो देखाई सहभागीहरूसँग उक्त अधिकारहरु बारेमा छलफल चलाउनुहोस् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | (सन्दर्भ सामग्रीः २.४.२ युएनसीआरपिडीबारे साङ्केतिक भाषामा तयार गरिएको सामग्र_vi)<br>युएनसीआरपिडीबारेको भिडिओः अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी (युएनसीआरपिडी) अन्तर्राष्ट्रिय वाध्यकारी कानून हो । विभिन्न सन्धी, अभिसन्धी तथा महासन्धीहरू पारित गरिएता पनि अपाङ्गता भएका व्यक्तिहरूको आधारभूत अधिकारहरू सुनिश्चित हुन नसकेका कारण अपाङ्गता भएका व्यक्तिहरूको अन्तर्राष्ट्रिय कानूनका रूपमा युएनसीआरपिडी निर्माण गरिएको हो । यो महासन्धी संयुक्त राष्ट्रसंघको ६१ औं महासभाबाट सन् २००६ डिसेम्बर १३ मा पारित भई २००७ मार्च ३० मा सम्पूर्ण सदस्य राष्ट्रहरूका लागि हस्ताक्षर र अनुमोदनका लागि खुल्ला गरिएका हो । यस महासन्धीमा ५० वटा धारा रहेका छन् ।<br>नेपालले सन् र २००८ जनवरी ३ तारीखमा यस महासन्धीमा हस्ताक्षर गरी सन् २००९ डिसेम्बर २७ मा उक्त महासन्धी संसदबाट पूर्ण सर्वसम्मतीले अनुमोदन गरेको हो । नेपाल उक्त महासन्धी अनुमोदन गरी पक्षराष्ट्र हुने ८६ औं मुलुक हो ।<br>(सन्दर्भ सामग्रीः २.४.३ युएनसीआरपिडीमा बहिरा नागरिकका अधिकार_vi)<br>२.४.३ युएनसीआरपिडीले बहिरा अपाङ्गता भएका व्यक्तिहरूको विविध अधिकारहरूलाई समेटेको छ । यस महासन्धीका सबै अधिकार सबै बहिरा नागरिकहरूका लागि हुन् र महासन्धीमा बहिरा नागरिकहरूका केही विशिष्टकृत अधिकारहरूलाई समेत समेटेको छ ।<br>जस्तैः धारा२ अन्तर्गत परिभाषामा साङ्केतिक भाषालाई भाषाको मान्यता प्रदान गरीनु पर्ने, धारा ९ अन्तर्गत पहूँचयुक्ततामा बहिरा नागरिकहरूका लागि गुणस्तरीय व्यवसायिक साङ्केतिक भाषाको दोभाषेको व्यवस्था पक्षराष्ट्रले गर्नुपर्ने, धारा २१ मा अभिव्यक्ति स्वतन्त्रता अन्तर्गत साङ्केतिक भाषा वा आफुले रोजेको भाषामा विचार राख्ने र छलफलमा सहभागीता जनाउने अधिकार, धारा २४ अन्तर्गत साङ्केतिक भाषामा सिक्ने र आफ्नो भाषिक पहिचान प्रवर्धन गर्ने अधिकार र शिक्षाका सम्बन्धमा साङ्केतिक भाषामा दक्ष बहिरा तथा अन्य शिक्षकहरूको व्यवस्था गर्नुपर्ने, धारा २९ मा अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक तथा राजनैतिक सहभागीता तथा धारा ३० अन्तर्गत बहिरा संस्कृति तथा साङ्केतिक भाषा सहितको भाषिक पहिचान र सहयोग पाउने अधिकारको व्यवस्था गरेको छ । प्रस्तुतीकरण माथि सहभागीहरूका जिज्ञासा तथा प्रश्नहरूबिच छलफल गराउनुहोस् ।<br>**४. प्रस्तुतीकरण**ः बहिरा अधिकार सम्बन्धी संविधानका मौलिक हक तथा अपाङ्गता अधिकार सम्बन्धी व्यवस्था, अपाङ्गता अधिकार ऐन, नियमावलीमा भएका अपाङ्गता तथा बहिरा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार | २.४.१ अपाङ्गता अधिकारका मूख्य सिद्दान्त_pp<br><br>२.४.२ युएन सीआर पिडीबारेको साङ्केतिक भाषाको भिडियो_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | सम्बन्धी प्रावधान तथा बहिरा नागरिकहरूको साङ्केतिक भाषा तथा दोभाषे अधिकार सम्बन्धमा गरिएका व्यवस्थाहरूबारे प्रस्तुतीकरण गर्नुहोस् । सहभागीहरूका जिज्ञासा तथा प्रश्नहरू बिच छलफल गराउनुहोस् । (सन्दर्भ सामग्रीः २.४.४ अपाङ्गता अधिकारका मुख्यसिद्दान्त_*pp*, २.४.५ अपाङ्गता अधिकारका संवैधानिक प्राबधान_*pp*)<br>**५. सहभागीहरुलाई सोध्नुहोस् र छलफल गर्नुहोस्ः**<br>क.युएनसिआरपिडीको कुन धाराले बहिरा नागरिकहरूको साङ्केतिक भाषाको अधिकार सुनश्चित गरेको छ ?<br>ख.युएनसिआरपीडीको कतिवटा धाराहरूमा साङ्केतिक भाषा उल्लेख गरिएको छ ?<br>ग. युएनसिआरपिडीको कुन धारामा बहिरा संस्कृति उल्लेख गरिएको छ ?<br>उपरोक्त प्रश्नहरूमाथि सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>त्यसपछी, युएनसीआरपिडी समितिबाट बहिरा अधिकारका सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गराउनका लागि बहिरा महासंघले गरेको पहल तथा प्राप्त सिफारिस सम्बन्धमा भिडियो प्रदर्शन गरी छलफल गराउनुहोस् ।<br>नोट स्- युएनसिआरपिडीको धारा ९ ले बहिरा नागरिकहरूको साङ्केतिक भाषाको अधिकार सुनश्चित गरेको छ, युनसिआरपीडीको ७ वटा धारहरूमा साङ्केतिक भाषा उल्लेख गरिएको छ, युएनसिआरपिडीको धारा ३० मा बहिरा संस्कृति उल्लेख गरिएको छ ।<br>(सन्दर्भ सामग्रीः २.४.२ युएनसीआरपिडीबारेको साङ्केतिक भाषाको भिडियो_*vi*, २.४.३ युएनसीआरपिडीमा बहिरा नागरिकका अधिकारबारेको भिडियो_*vi*,, २.४.४ युएनसीआरपिडी समितिको सिफारिस भिडियो_*vi*)<br>यस भिडियोमा नेपालले संसदबाट २००९ मा युएनसिआरपीडी पारित गरे पश्चात् त्यस महासन्धीमा भएका बहिरा समुदायका अधिकारका प्राबधानहरूको कार्यन्वयनका सम्बन्धमा गरेका पहल तथा नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको अवस्थामा पहिलो आवधिक प्रतिवेदन युएनसिआरपिडी समितिको १९ औं सत्रमा छलफल गरिएको थियो । नेपाल सरकारले प्रस्तुत गरेको प्रतिवेदन उपर नागरिक समाजका तर्फबाट ३ वटा छाँया प्रतिवेदन समेत प्रस्तुत गरिएका थिए । उक्त प्रतिवेदनहरू उपर जेनेभामा संयुक्त राष्ट्रसंघको कार्यालयमा नागरिक समाजका प्रतिनिधिहरूसँगको छलफलमा बहिरा महासंघका प्रतिनिधिहरूको समेत सहभागीता रहेको थियो । कसरी नागरिक समाजको छलफल तथा सरकारको प्रतिवेदनका समयमा भएको छलफलमा व्यक्तिगत रूपमा भेटघाट गरी युएनसीआरपिडी समितिका सदस्यहरूलाई बहिरा अधिकारका | २.४.४ युएनसी आरपिडी समितिको सिफारिस भिडियो_vi<br><br>२.४.५ अपाङ्गता अधिकारका संबैधानिक प्राबधान_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | सवालमा र नेपालमा रहेको समस्याका बारेमा सुचित गरिएको थियो र युएनसीआरपिडी समितिले नेपाल सरकारलाई साङ्केतिक भाषा तथा दो भाषे अधिकारका सम्बन्धमा दिएका सुझावहरू यस भिडियोमा समेटिएका छन् ।<br>**६. मत विभाजन**: सहभागीहरूलाई तीन समूहमा विभाजन गरी संविधानको कुन धाराले बहिरा नागरिकहरूको साङ्केतिक भाषामा शिक्षाको अधिकार को सुनिश्चित गरेको छ भन्ने सम्बन्धमा छलफल गराउनुहोस् र प्राप्त अधिकार पर्याप्त छ कि छैन भनेर बहस गराउनुहोस् । संविधानको धारा १८ मा प्रबन्ध गरिएको समानताको हक सम्बन्धी अधिकारबारे जानकारी गराउनुहोस् र सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् । | |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| | **सत्र ३ लोकतन्त्र, निर्वाचन र समावेशीकरण** | |
| ३.१ लोकतन्त्र, निर्वाचन र बहिरा सहभागीता<br><br>१ घण्टा | **सिकाई उपलब्धि**:<br>१. सहभागीहरूमा लोकतन्त्र र निर्वाचनको अवधारणा, महत्व र अधिकार बारे बुझाई विकास भएको हुनेछ ।<br>२. नेपालमा निर्वाचन प्रक्रिया, निर्वाचन इतिहास र निर्वाचनमा बहिरा सहभागीताबारे जानकारी पाएका हुनेछन् ।<br>३. निर्वाचनमा बहिरा सहभागीताको अन्तर्राष्ट्रिय अभ्यासबारे सहभागीहरूले जानकारी प्राप्त गरेका हुनेछन् ।<br>**सिकाईको उद्देश्य**:<br>लोकतन्त्र र निर्वाचनको अवधारणाबारे जानकारी गराउने र निर्वाचनमा बहिरा अर्थपूर्ण सहभागीताका मुद्दा तथा उपायहरूका बारेमा छलफल गरी बुझाईको विकास गर्ने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>जनताद्वारा आवधिक निर्वाचनद्वारा छानिएका जनप्रतिनिधिहरूबाट गरिने शासन नै लोकतन्त्र हो । लोकतन्त्रमा निर्वाचनको अपरिहार्यता रहन्छ र सबै बालिग नागरिकहरूलाई आफुलाई मन परेको जनप्रतिनिधि छान्ने नैसर्गिक अधिकार रहन्छ । अपाङ्गता भएका व्यक्तिहरू लगायत सबै नागरिकहरूलाई राजनैतिक दलमा आवद्द हुने तथा निर्वाचनमा दलीय वा स्वतन्त्र रूपमा समेत उम्मेदवार हुन पाउने अधिकार संविधानले सुनिश्चित गरेको छ । तर नेपालमा बहिरा नागरिकहरू राजनैतिक अधिकार, प्रतिनिधित्व तथा निर्वाचन प्रक्रियामा अर्थपूर्ण सहभागीताबाट वञ्चित रहदै आएका छन् । यसको मुख्य कारण भनेको बहिरा नागरिकहरूमा राजनैतिक चेतना तथा साधनस्रोतमा बहिरा नागरिकहरूको पहूँच नपुग्नु हो । बहिरा नागरिकहरूले निर्वाचनमा सहभागीतामा भोगेका अवरोध तथा विभेदहरू सम्बोधन गरी | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | उनीहरूको राजनैतिक तथा निर्वाचन अधिकारमा पहूँच अभिवृद्धि गर्नुपर्दछ र बहिरामैत्री र पहूँचयुक्त प्रक्रियाको अवलम्बन गर्नुपर्दछ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर तथा छलफल, प्रस्तुतीकरण र भिडियो प्रदर्शन<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१.सहभागीहरूबीच प्रश्नोत्तर तथा छलफल**:<br>क. बहिरा नागरिकहरू निर्वाचनमा सहभागी हुनुपर्छ कि पर्दैन ? ख. बहिरा नागरिकहरूले आफ्नो भोट आफै हाल्नुपर्छ कि अरूले हालिदिए हुन्छ ? सहभागीहरूलाई निर्वाचनमा सहभागीता सम्बन्धी उक्त प्रश्नहरू सोधी छलफल गर्नुहोस् । सहभागीहरूबाट प्राप्त उत्तरहरूलाई टिप्दै जानुहोस् र समूहको धारणा समेत लिई छलफल गराउनुहोस् ।<br>**२.प्रस्तुतीकरण**: लोकतन्त्र र निर्वाचनको अवधारणा, महत्व, आवश्यकता तथा सहभागीताका सम्बन्धमा पावर पोइन्ट प्रस्तुती गर्नुहोस् । बहिरा नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लोकतन्त्र र निर्वाचनको अवधारणा, महत्व, आवश्यकता तथा सहभागीताका सम्बन्धमा सहभागीको जिज्ञाशा लिएर छलफल गराउनुहोस् ।<br>**३.सहभागीहरूसाग समूह छलफल**: नेपालमा स्थानीय, प्रदेश तथा संघीय संसदको निर्वाचनमा कुनै बहिरा प्रतिनिधि निर्वाचित हुनुभएको छ भनेर सहभागीहरूलाई सोध्नुहोस् । सहभागीहरूको जवाफ माथि सामान्य छलफल गर्नुहोस् ।<br>२०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा राघवबिर जोशी समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुनुभएको थियो । त्यसभन्दा पहिले र त्यस पश्चात् पनि बहिरा नागरिकहरूले निर्वाचनमा उम्मेदवारी दिने तथा राज्यको यस नीतिगत तहमा निर्वाचित हुने अधिकार प्राप्त भएको छैन ।<br>बहिरा नागरिकहरूको निर्वाचन मार्फत प्रतिनिधित्व हुन नसकेको र निर्वाचनमा अर्थपूर्ण सहभागीता हुन् नसकेको स्थितिलाई ध्यानमा र ाखी आगामी दिनमा बहिरा नागरिकहरूको सहभागीता सुनिश्चित गने र् उपाय (कानुन, नीति तथा कार्यक्रम, पहूँचयुक्त तथा सहज सूचना तथा सामाग्री)हरूको प्रबन्ध गर्नुपर्ने बिषयलाई विशेष जोड दिनुहोस् ।<br>**४.प्रस्तुतीकरण**: निर्वाचनको इतिहास र यसमा बहिराको सहभागीता सम्बन्धमा प्रस्तुतीकरण गर्नुहोस् ।<br>निर्वाचनमा बहिरा सहभागीता तथा अपाङ्गता भएका समुदायका तर्फबाट भएका जनप्रतिनिधिका सम्बन्धमा जानकारी गराउनुहोस् । स्थानीय तह निर्वाचनमा बहिरा सहभागीता कुनै अनुभव भए सहभागीहरूलाई अगाडि बो लाई व्यक्त गर्न लगाउनुहोस् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | (सन्दर्भ सामग्रीः ३.१.१ निर्वाचन र लोकतन्त्र_*pp*, ३.१.२ निर्वाचन इतिहास र बहिरा सहभागीता_*pp*)<br>**५.फोटो र भिडियो प्रस्तुतीकरण**ः राष्ट्रियसभा, प्रदेशसभा तथा स्थानीय तहमा ४ जना शारिरिक अपाङ्गता भएका व्यक्तिहरू निर्वाचित भएका छन् । तर त्यसमा १ जना पनि अपाङ्गता भएका व्यक्तिहरू बहिरा नागरिकहरू निर्वाचित हुन सकेका छैनन् । यसका लागि फोटो तथा भिडियो प्रस्तुत गर्नुहोस् ।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ३.१.३ युनसीआरपिडी धारा द्दढ राजनैतिक अधिकार_*vi*)<br>युनसीआरपिडी धारा २९ मा व्यवस्था गरिएको अपाङ्गता भएका व्यक्तिहरूको राजनैतिक अधिकार सम्बन्धी भिडियोमा राजनैतिक अधिकार तथा सार्वजनिक जीवनमा सहभागीता सम्बन्धमा गरिएका व्यवस्थाहरू नेपाली साङ्केतिक भाषामा प्रस्तुत गरिएको छ । अन्य व्यक्तिहरू सरह अपाङ्गता भएका व्यक्तिहरूको समेत मतदान गर्ने, निर्वाचनमा प्रस्ताव गर्ने र स्वतन्त्र रूपमा चुनिएका प्रतिनिधि मार्फत राजनैतिक तथा सार्वजनिक जीवनमा पहूँचयुक्त वातावरणमा सहभागीता हुने अधिकार रहेको हुन्छ ।<br>साथै पहूँचयुक्त निर्वाचन तथा मतदान प्रक्रियाको प्रबन्ध गर्ने, पहूँचयुक्त सूचना सामग्रीहरूको निर्माण गर्ने र उपलब्ध गराउने, निर्वाचनमा उम्मेदवार हुने, सार्वजनिक पद धारण गर्ने अधिकारहरूको सुनिश्चितता गर्नका लागि उपयुक्त र पहूँचयुक्त व्यवस्था पक्षराष्ट्रले गर्नुपदछ । अपाङ्गता भएका व्यक्तिहरूले मतदाताका रूपमा वा स्वतन्त्र रूपमा आफ्नो अभिव्यक्ति दिन सक्न र रोजेको सहयोगी मार्फत मतदान गर्न पाउने व्यवस्था गर्नुपर्ने, गैर सरकारी संघसंस्थाहरूमा तथा राजनैतिक दलहरूको गतिविधिमा सहभागीता तथा सञ्चालन गर्नपाउने अधिकार समेत उक्त धाराले दिएको छ ।<br>(३.१.४ संविधानसभाका बहिरा सभासद राघवबीर जोशीको मन्तब्य रहेको भिडियो_*vi*)<br>राघवबीर जोशी वि.सं २०६४ को पहिलो संविधान सभामा ने.क.पा संयुक्तबाट समानुपातिक तर्फका सभासद हुनुहुन्थ्यो । संविधानसभा सदस्य भएको ६ महिना सम्म त जोशीले संबिधानसभामा आफ्नो भनाई राख्न समेत पाउनुभएको थिएन । खासगरी संविधानसभा सञ्चालन नियमावलीमा सभासद्हरूले आफ्नो भनाई आफै राख्नुपर्ने, अर्को दोश्रो व्यक्ति सभासद बस्ने स्थानमा प्रवेश गर्न नपाउने र दोश्रो व्यक्ति मार्फत भनाई अभिव्यक्त गर्न नपाइने प्राबधानका कारण साङ्केतिक भाषाका दोभाषे मार्फत सञ्चार गर्नुपर्ने बहिरा सभासद जोशीले आफ्नो भनाई राख्न पाउनु भएको थिएन । झण्डै ६ महिना पछि भएको नियामावलीको संशोधन पश्चात् साङ्केतिक भाषाका दोभाषे सभासद बस्ने स्थानमा बस्ने र साङ्केतिक भाषाका दोभाषे | ३.१.१निर्वाचन र लोकतन्त्र_pp<br><br>३.१.२निर्वाचन इतिहास र बहिरा सहभागीता_pp<br><br>३.१.३ युएनसीआरपिडी धारा द्दढ राजनैतिक अधिकार भिडियो_vi<br><br>३.१.४ संविधान सभाका बहिरा सभासद राघवबीर जोशीको मन्तब्य रहेको भिडियो_vi |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | मार्फत आफ्ना भनाई राख्न पाउने प्राबधान समाबेश गरिएको थियो । त्यसपछी मात्र राघवबीर जोशीले संबिधानसभामा साङ्केतिक भाषा दो भाषेहरूका मार्फत संविधानसभामा वैठक तथा संविधानसभा अन्तर्गतका समितिका छलफलहरूमा सहभागीता जनाउन पाउनु भएको थियो ।<br>**सामूहिक कृयाकलाप:** सहभागीहरू मध्ये २ जना सहभागीहरूलाई अगाडि बोलाई लोकतान्त्रिक पद्धतिमा सहभागी हुने आधारभूत तरीका भनेको निर्वाचन हो वा होइन भन्ने बिषयमा पक्ष र विपक्षमा वादविवाद प्रतियोगिता आयोजना गरी सहभागीहरूबीच छलफल चलाउनुहोस् । यस क्रियाकलापमा अगाडि वादविवादमा आउने २ जनालाई कुनै राजनैतिक दलका प्रतिनिधि र बाँकि सहभागीहरूलाइ  पत्रकारको भूमिका रहेको प्रष्ट बुझाउनुहोस् ।<br>सहभागीहरूलाई निर्वाचन प्रक्रिया र मतदानमा बहिरा नागरिकहरूको सहभागीताको अवस्थाका सम्बन्धमा समेत धारणा राख्न लगाउनुहोस् । | |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेकर चियापान** | |
| ३.२ निर्वाचन प्रणाली र संघीय संरचना<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१. सहभागीहरूलाई प्रचलनमा रहेको निर्वाचन प्रणाली र परिवारहरूबारे अवगत भएको हुनेछ ।<br>२. विश्वमा रहेका विभिन्न निर्वाचन प्रणाली तथा नेपालको विद्यमान् निर्वाचन प्रणालीहरू वारेमा बुझाई विकास भएको हुनेछ ।<br>३. नेपालको संघीय संरचनाका तीन तह र यसमा प्रतिनिधित्व गर्ने विधि प्रक्रिया तथा आधारका बारेमा जानकारी भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>प्रचलनमा रहेका निर्वाचन प्रणाली, नेपालको संघीय संरचना र तीन तहको सरकार निर्माणको प्रक्रियाबारे सहभागीहरूको बुझाई बिकास गर्ने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>राजनैतिक दलहरू वा उम्मेदवारहरूले निर्वाचनमा प्राप्त गरेको मतसंख्यालाई सिट संख्यामा रूपान्तरण गर्ने पद्दति नै निर्वाचन प्रणाली हो । विश्वमा विभिन्न प्रकारका निर्वाचन प्रणालीहरु प्रचलनमा छन् ।<br>नेपालमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र दुई चरण निर्वाचन प्रणाली प्रयोगमा रहेका छन् । नेपालमा संघीय, प्रदेश र स्थानीय गरी तीन तहको संघीय संरचना प्रयोगमा रहेको छ । संघीय र प्रदेश तहमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गरिएको छ ।<br>स्थानीय तहको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गरिएको छ ।<br>राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनमा दुई चरण निर्वाचन प्रणाली अवलम्वन गरिएको छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | **सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर तथा छलफल, प्रस्तुतीकरण र खेलको माध्यमबाट समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्**:<br>क. सहभागीहरूलाई निर्वाचन प्रणाली भन्नाले के बुझ्नुहुन्छ ?<br>ख. नेपालमा कुन कुन निर्वाचन प्रणाली प्रचलनमा छन् ?<br>ग. नेपालमा कति तहको राज्य संरचना छ ?<br>सहभागीहरुलाई उपरोक्त प्रश्नहरु सोधी उनीहरूबाट प्राप्त उत्तरहरू बारे उनीहरु बीच छलफल गराई साझा बुझाईको विकास गराउनुहोस् ।<br>**२. प्रस्तुतीकरण**: प्रचलनमा रहेको निर्वाचन प्रणाली र परिवारहरू एवम् नेपालमा प्रयोग गरिएका निर्वाचन प्रणालीहरूबारे पावर पोइन्ट प्रस्तुतीकरण गर्नुहोस् ।<br>संघीय संरचना (तीन तहको सरकारः संघीय, प्रदेश र स्थानीय)को परिचय दिंदै ती तीन तहमा व्यवस्था गरिएको प्रतिनिधित्वको प्रक्रिया र संख्याबारे नक्साचित्र सहितको प्रस्तुतीकरण गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ३.२.१ निर्वाचन प्रणाली र संघीय संरचना_*pp*)<br>**३. खेल क्रियाकलाप**: सहभागीहरू बिच आफ्नो जोडा साथि खोज्ने खेल खेलाउनुहोस् । उक्त खेल खेलाउनका लागि माथिको प्रस्तुतीकरणमा आधारमा तयार गरिएका निर्वाचन प्रणाली र संघीय संरचना सम्बन्धी तथ्यहरू समेटिएको विवरणहरु जोडी जोडी छुट्याएर प्रिन्ट गरी तयारी अवस्थामा राख्नुहोस् ।<br>सहभागीहरूलाई एउटा एउटा मेटाकार्ड वितरण गर्नुहोस् र आफूले प्राप्त गरेको मेटाकार्डमा उल्लेखित विवरण राम्ररी अध्ययन गर्न लगाई सबै सहभागीहरूलाई आफूले प्राप्त गरेको मेटाकार्ड सबैले देख्ने गरी राख्न भन्नुहोस् । प्रत्येक सहभागीहरूलाई आफुले प्राप्त गरेको कार्डमा लेखिएको विवरणसँग जोडी मिल्ने उत्तर भएको कार्ड भएको अर्को सहभागी साथी खोज्न लगाउनुहोस् ।<br>जोडी मिलेका सहभागीहरूलाई जोडा मिलेको मेटाकार्डहरू सहित अगाडि बोलाउनुहोस् । सहभागीहरूलाई देखाउन लगाउनुहोस् । उनीहरूको उत्तर सही वा गलत भएको सहभागीहरूलाई सोध्नुहोस् । सहि उत्तर भए धन्यवाद दिएर पठाउनुहोस् । गलत उत्तर जोडी भए सहि जोडी भएको मेटाकार्ड खोजेर मिलाउन लगाउनुहोस् ।यसै गरी सबै सहभागीहरूको मेटाकार्ड अगाडि आएर देखाउन लगाउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ३.२.२ जोडा साथी खोज्ने खेल_*doc*) | ३.२.१ निर्वाचन प्रणाली र संघीय संरचना_pp<br><br>३.२.२ जोडा साथी खोज्ने खेल सम्बन्धी जानकारी_doc |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| ३.३ बहिरा मैत्री निर्वाचन प्रक्रिया | **सिकाई उपलब्धि**:<br>१. निर्वाचन प्रक्रियामा समावेशीकरणको अवधारणा तथा राज्यले अवलम्वन गरेको समावेशीकरण नीतिका सम्बन्धमा अवगत भएको हुनेछ ।<br>२. सहभागीहरूलाई निर्वाचन प्रक्रियालाई बहिरामैत्री बनाउन आवश्यक पर्ने व्यवस्थाहरूबारे अवगत भएको हुनेछ ।<br>३.नेपालमा निर्वाचन प्रक्रिया बहिरामैत्री बनाउन गर्नुपर्ने नीति, कार्यक्रम तथा पहूँचयुक्त सुचना तथा सामग्रीहरूको बारेमा बुझाई विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य**:<br>समग्र निर्वाचन प्रक्रियालाई बहिरामैत्री र पहूँचयुक्त बनाउनका लागि गर्नुपर्ने नीति, कार्यक्रम तथा पहूँचयुक्त सुचना तथा सामग्रीहरूको प्रबन्धका सम्बन्धमा सहभागीहरूको बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**: नेपालले निर्वाचन प्रक्रियामा समावेशीकरण नीति लागू गरेको छ । तथापि बहिरा अपाङ्गता भएका व्यक्तिहरूको निर्वाचन तथा राजनैतिक अधिकारमा सहभागी हुनका लागि अवरोधहरू विद्यमान् रहेका छन् । विद्यमान् निर्वाचन प्रक्रियामा बहिरा समुदायको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्न नीतिगत, संरचनागत, कार्यक्रमगत एबम पहूँचयुक्त सामग्रीको व्यवस्था गरेर समग्र प्रक्रियालाई बहिरामैत्री बनाउनुपर्दछ । निर्वाचन प्रक्रियालाई बहिरामैत्री बनाउनका गर्नुपर्ने आवश्यक प्रबन्धका सम्बन्धमा निर्वाचन आयोग, सरकार तथा संसद लगायतका सरोकारवालाहरूले बहिरा समुदायको प्रतिनिधित्व गर्ने संस्थाहरूसँग सहकार्य र समन्वय गर्नुपर्दछ ।<br>सामग्रीः न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मुख्य विधिहरू**: समूह कार्य र प्रस्तुतीकरण<br>**तालिम सत्र सञ्चालनका चरणहरू**:<br>**प्रस्तुतीकरण गर्नुहोस्**:<br>नेपालमा निर्वाचन प्रक्रिया बहिरामैत्री बनाउनका लागि विभिन्न सरोकार वाला निकायहरूको महत्वपूर्ण भूमिका हुन्छ ।<br>(सन्दर्भ सामग्रीः ३.३.१ बहिरामत्री निर्वाचन प्रक्रिया_*pp*)<br>**समूह क्रियाकलाप**: नेपालमा निर्वाचन प्रक्रिया बहिरा मैत्री बनाउन क–कसले के के गर्नुपर्छ ?<br>उक्त सवालमाथि तीन समूह बनाई छलफल गर्न लगाउनुहोस् । जसमा एक समूहलाई सरोकारवाला समूहः निर्वाचन आयोग, अर्को समूहलाई सरकार र अर्को समूहलाई दल र संसदको भूमिका बारे सूची बनाउन लगाउनुहोस् । समूह छलफलमा नीतिगत, संरचनागत, कार्यक्रमगत एबम पहूँचक्त सामग्री निर्माण सम्बन्धी बिषयहरूमा छलफल गर्न लगाउनुहोस् । हरेक समूहका टोली नेतालाई समूह कार्य प्रस्तुत गर्न लगाई छलफल गराउनुहोस् । | ३.३.१ बहिरामत्री निर्वाचन प्रक्रिया_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| ३.४ निर्वाचन कानून, समावेशीकरण र बहिरा अधिकार<br><br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>१.निर्वाचन सम्बन्धी कानून बनाउने प्रक्रिया र निर्वाचनसँग सम्बन्धित विभिन्न कानूनहरूका बारे सहभागीहरूलाई अवगत भएका हुनेछन् ।<br>२.विद्यमान् निर्वाचन कानून अन्तर्गत निर्वाचन हुने विभिन्न पद (राष्ट्रपति र उपराष्ट्रपति, संघीय संसद, प्रदेश संसद तथा स्थानीय निकाय निर्वाचन)हरूमा समावेशीताका बिषयमा जानकारी भएको हुनेछन् ।<br>३.समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, सकारात्मक बिभेद, आरक्षणको अवधारणा, निर्वाचन तथा राजनैतिक अधिकारमा बहिरा समुदायलाई समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, सकारात्मक बिभेद, आरक्षणको आवश्यकता तथा अधिकारबारे सहभागीहरूको बुझाई विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्यः**<br>समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, सकारात्मक विभेद, आरक्षणको अवधारणा तथा आवश्यकता, संविधान तथा निर्वाचन कानूनमा भएका समावेशीकरण तथा बहिरा अधिकार सम्बन्धी  प्राबधनहरू तथा भएका प्राबधानहरूलाई बहिरा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि गर्नुपर्ने थप व्यवस्थाहरूका बारेमा सहभागीहरूको बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>समावेशीकरणले राज्य सञ्चालनमा हरेक क्षेत्र, वर्ग र समुदायको प्रतिधिनित्वको सुनिश्चितता गर्दछ । समावेशीकरणले महिला, अपाङ्गता भएका समुदाय, गरीब, दलित, पिछडिएको वर्ग तथा क्षेत्रको राज्यको नीति निर्माण, निर्णय प्रक्रिया एवम् कार्यसम्पादन प्रक्रियामा अर्थपूर्ण सहभागीता गराउँदछ । महिला, अपाङ्गता भएका समुदाय, गरिब, दलित, पिछडिएको वर्ग तथा क्षेत्रको निर्वाचन प्रक्रियामा सहभागीता तथा राजनैतिक अधिकारमा समावेशीकरणका लागि राज्यले समावेशीकरण नीति अवलम्बन गरेको छ ।<br>निर्वाचन सम्बन्धी कानून निर्वाचन आयोगले मस्यौदा गरेर गृह मन्त्रालय समक्ष पेश गर्दछ । उक्त मस्यौदा कानून गृह मन्त्रलायले सुझाब सहित कानून मन्त्रालयमा पेश गर्दछ । अर्थ मन्त्रालय समेतको सुझाव लिएर कानून मन्त्रालयले मन्त्रीपरिषद्मा पेश गर्दछ । मन्त्रीपरिषद्ले आवश्यक सुझाब सहित पारित गरी प्रतिनिधि सभामा पेश गर्दछ, उक्त विधेयक प्रतिनिधि सभाबाट पारित भएपछि राष्ट्रियसभामा पेश गरिन्छ, दुवै सदनबाट पारित भएपछि राष्ट्रपति समक्ष लालमोहर लगाउनका लागि पेश हुन्छ । राष्ट्रपतिबाट लालमोहर लागेर नेपाल राजपत्रमा प्रकाशित भएपछि उक्त कानून लागू हुन्छ ।<br>निर्वाचन कानूनमा अपाङ्गता भएका समुदायका लागि आरक्षण तथा समावेशीकरणका सवालहरू समावेश गरिएका छन् । निर्वाचन आयोगले लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति निर्माण गरेको छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | स्थानीय, प्रदेश तथा प्रतिनिधिसभा र राष्ट्रिय सभामा अपाङ्गता भएका समुदायको प्रतिनिधित्वको प्रावधान राखिएको छ । अपाङ्गताको आरक्षण कम भएको तथा अपाङ्गता भित्र पनि समावेशीकरणको नीति अवलम्वन नगरिएका कारणले सवै प्रकारका अपाङ्गताका प्रकृतिलाई समावेश गर्न बाध्यात्मक व्यवस्था कानूनमा छैन । त्यसैले अपाङ्गता समावेशीकरण सम्बन्धी प्राबधानहरुबहिरा नागरिकहरूले उक्त समाबेशी र आरक्षण प्राबधान उपभोग गर्न पाएका छैनन् । स्थानीय, प्रदेश तथा संघीय तह मुलतः राष्ट्रिय सभामा अपाङ्गता भएका समुदायको प्रतिनिधित्व रहेको छ तर बहिरा समुदायको प्रतिनिधित्व शुन्य छ ।<br>निर्वाचनमा कुनै राजनैतिक दलबाट उम्मेदवार बन्नलाई बहिरा नागरिकहरुको विभिन्न समस्या भेल्नु पर्ने अवस्था छ । अपाङ्गता भएका नागरिकहरुको राजनैतिक अधिकारको आरक्षणलाइ अपाङ्गता भित्र पनि बहिरा नागरिकहरु समेत सबै प्रकृतिका अपाङ्गताको प्रतिनिधित्व हुने गरी समावेशीकरणका प्राबधानलाई संशोधन गर्नु आवश्यक छ र त्यसका लागि नीतिगत तहमा वकालत आवश्यक रहेको छ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्**:<br>क. निर्वाचनमा अपाङ्गता अधिकार, समावेशीकरण र आरक्षण भनेको के हो ?<br>ख. निर्वाचनमा समावेशीकरण, आरक्षण सम्बन्धी कुनै जानकारी राख्नु हुन्छ ?<br>ग. संबिधानको कुन धाराले अपाङ्गता भएका नागरिकहरूको राष्ट्रिय सभा, प्रतिनिधिसभा, प्रदेश तह तथा स्थानीय तहमा प्रतिनिधित्वको के कस्तो प्राबधान राखेको छ ?<br>उपरोक्त प्रश्नहरूमाथि सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>**१.प्रस्तुतीकरण गर्नुहोस्**: नेपालको संबिधान, निर्वाचन कानून तथा विभिन्न ऐन कानून हरूमा प्रबन्ध गरिएका समावेशीकरण, समानुपातिक प्रतिनिधित्व, सकारात्मक बिभेद, आरक्षण तथा बहिरा अधिकार र प्रतिनिधित्व एवम् गर्नुपर्ने आवश्यक परिमार्जन सम्बन्धी पावर पोइन्ट प्रस्तुतीकरण गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ३.४.१ निर्वाचन कानून, समावेशीकरण र बहिरा अधिकारको अवस्था_*pp*)<br>निर्वाचन कानून, समावेशीकरण, अपाङ्गता अधिकार भनेको के हो भन्ने प्रश्नवारे सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् । | ३.४.१ निर्वाचन कानून, समावेशीकरण र बहिरा अधिकारको अवस्था_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| ३.५ दैनिक सिकाई मूल्याङ्कन | **सिकाई उपलब्धि**: पहिलो दिनको तालिम सत्रबाट सहभागीहरूको सिकाई उपलब्धि बारे जानकारी भएको हुनेछ ।<br>**उद्देश्य**: पहिलो दिनको तालिम सत्रहरूमा सहभागीहरूको सिकाई अवस्थाको मूल्याङ्कन गर्ने, तालिममा सुधार गर्नु पक्षहरूबारे पक्षपोषण लिने ।<br>**सामग्री**: दैनिक सिकाई मूल्याङ्कन प्रश्नावली ।<br>**मूख्य विधिहरू**:<br>१. दैनिक सिकाई मूल्याङ्कनः तालिमको पहिलो दिनको सिकाई उपलब्धि मूल्याङ्कन प्रश्नावाली सम्पूर्ण सहभागीहरूलाई वितरण गर्नुहोस् ।<br>१५ मिनेटको समय दिएर उत्तर लेख्न लगाउनुहोस् ।<br>सहभागीहरूलाई बुझ्न कठिन भएका प्रश्नहरू बुझाउनका लागि सहजकर्ता आफैले वा दोभाषे मार्फत सहयोग गर्नुहोस् ।<br>सहभागीहरूले उत्तर लेखिसकेपछि प्रश्नावालीहरू सङ्कलन गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ३.५.१ दैनिक सिकाई मूल्याङ्कन प्रश्नावली_*doc*)<br>(नोटः सबै सहभागीहरूले भरेको दैनिक सिकाई मूल्याङ्कन प्रश्नावलीहरूको उत्तर महत्वपूर्णहुने भएकाले यसलाई सहजकर्ताले अध्ययन गरी सहभागीहरूका सिकाई अवस्था पत्ता लगाई सोही अनुसार का बिषयवस्तुहरू तालिम कार्यक्रममा समावेश गर्नुपर्दछ ।) | ३.५.१ दैनिक सिकाई मूल्याङ्कन प्रश्नावली_doc |
| | **पहिलो दिनको समाप्ति** | |
| | **दोश्रो दिन** | |
| पहिलो दिनको पुनरावलोकन<br><br>३० मिनेट | **सिकाई उपलब्धि**:<br>पहिलो दिनमा भएका मुख्यमुख्य क्रियाकलाप, सिकेका विषयवस्तु, तालिममा भएका राम्रा र सुधार गर्नुपर्ने पक्षहरूबारे जानकारी भएको हुनेछ ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>पहिलो दिनको तालिममा सञ्चालित सत्र तथा विषयवस्तु, भएका सिकाई, तालिमका राम्रा तथा सुधार गराउनु पर्ने पक्षहरूबारे प्रतिवेदन समितिले प्रस्तुतीकारण गर्नेछ । उक्त प्रतिवेदन माथि सहभागीहरूबीच छलफल गरी छुटेका बुँदाहरू थप गर्नुपर्नेछ ।<br>सामग्रीः ल्यापटप, प्रोजेक्टर, स्क्रीन,<br>**मूख्य विधिहरू**: प्रस्तुतीकरण र छलफल<br>**सत्र सञ्चालनका चरणहरू**:<br>१. प्रतिवेदन लेखनको जिम्मेवारी पाएको रातो रङ्को समूहको प्रतिनिधिलाई अगाडि आएर समूहमा छलफल गरेर तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् ।<br>२. प्रस्तुत प्रतिवेदनमा छलफल गर्न लगाई छुटेका कुरा थप गर्न लगाउनुहोस् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | ३. प्रतिबेदनमाथि सहभागीहरूबीच छलफल गर्न लगाउनुहोस अघिल्लो दिन सिकेको सबभन्दा महत्वपूर्ण सिकाई, तालिमका राम्रा तथा मन परेका तथा सुधार गर्नुपर्ने र चित्त नबुझेका विषयहरूबारे सहभागीहरूलाई भन्न लगाउनुहोस् ।<br>४. तालिम स्थलको हल, आवास, तथा खानाको गुणस्तरका वारेमा सुझाव लिई प्राप्त सुझाव अनुसार आवास तथा खाना खाजाको गुणस्तर सुधार्न लगाउनुहोस् । | १. सहभागी मध्येवाट प्रस्तुत गरिने पावर पोइन्ट स्लाइड_pp |
| | **सत्र ४ : निर्वाचन चक्र, निर्वाचनमा बहिराका अवरोध तथा सहभागीताका उपायहरू** | |
| ४.१ निर्वाचन चक्र र यसमा बहिराका सवालहरू (अवरोध र समाधानका उपायहरु )<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१.सहभागीहरूले निर्वाचन चक्रका चरणहरु निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात्का तीन चरणहरूबारे जानकारी पाएका हुनेछन् । निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात्को चरणहरू बिचको अन्तरबारे सहभागीहरू अवगत भएका हुनेछन् ।<br>२.निर्वाचनका तीन चरण निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् सञ्चालन गरिने विभिन्न क्रियाकलापहरूबारे जानकारी प्राप्त गरेका हुनेछन् ।<br>३.निर्वाचनका प्रत्येक चरणमा सहभागीतामा बहिरा समुदायका अवरोध पहिचान गरी बहिरा समुदायको पहूँच र सहभागीता सुनिश्चित गर्ने उपायहरूका बारे बुझाई विकास भएको हुनेछ ।<br>**उद्देश्य:**<br>निर्वाचन चक्रका तीन चरण: निर्वाचन पूर्वको चरण, निर्वाचन अवधिको चरण र निर्वाचन पश्चात्को चरणमा सञ्चालन गरिने क्रियाकलाप तथा उक्त चरणहरूमा सहभागीताका लागि बहिरा समुदायका अवरोध एवम् त्यसको समाधानका उपायहरूका बारे बुझाई बिकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>निर्वाचन चक्रको तीन वटा चरणहरू हुन्छन् । निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् गरी तिन चरणमा निर्वाचन सम्पन्न हुन्छ । निर्वाचन पूर्व र निर्वाचन पश्चात् बिचको १२० दिनको अवधिलाई निर्वाचन अवधि भनिन्छ । निर्वाचन चक्रका निर्वाचन पूर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात्का चरणमा फरक फरक क्रियाकलापहरू सञ्चालन गरिन्छन् । मतदाता नाम दर्ता तथा अद्यावधिक निर्वाचनका तिनै चक्रमा गरिन्छ । निर्वाचन कानून निर्माण तथा संशोधन, निर्वाचन सुधार तथा रणनीति निर्माण आदि निर्वाचन पूर्वको चरणमा गरिन्छ । उम्मेदवारी दर्ता, चुनाब प्रचार प्रसार, दावी विरोध, मतदान, मतगणना, परिणाम घोषणा निर्वाचन अवधिको चरणमा गरिन्छ भने निर्वाचनको समिक्षा, मूल्याङ्कन, प्रतिवेदन तयारी, रणनीतिक योजना निर्माण आदि निर्वाचन पश्चात्को चरणमा | |

<table>
<tr><th>तालिमको विषय र समय</th><th>व्याख्या</th><th>सन्दर्भ सामग्री</th></tr>
<tr><td></td><td>
गरिन्छ । निर्वाचन प्रक्रियाका चरणहरूमा सञ्चालन गरिने क्रियाकलापहरू बारे बहिरा समुदायमा पर्याप्त बुझाइ र पहूँचको अवसरको अभाव रहेको छ ।<br>
सामग्री: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>
मूख्य विधिहरू: प्रश्नोत्तर र छलफल, प्रस्तुतीकरण, प्रदर्शन र समूह कार्य<br>
सत्र सञ्चालनका चरणहरू:<br>
१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:<br>
क. सत्रको शुरूमा निर्वाचन चक्र बारे सुन्नु भएको छ ?;<br>
ख. निर्वाचन चक्र भनेको के हो ?<br>
जस्ता प्रश्नहरु गरी निर्वाचनका विभिन्न चरणमा गरिने कृयाकलापहरूको उदाहरण दिएर सहभागीहरु बीच छलफल गराउनुहोस् ।<br>
२. प्रस्तुतीकरण: निर्वाचन चक्रका तिनवटै चरणमा सञ्चालन हुने क्रियाकलापहरू बारे प्रस्तुतीकरण गर्नुहोस् । उक्त क्रियाकलापहरूमा सहभागीता लागि बहिरा समुदायका समस्या तथा सवालहरूको बारेमा छलफल गराउनुहोस् ।<br>
सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् ।<br>
(सन्दर्भ सामग्रीः ४.१.१ निर्वाचन चक्र र बहिराका सवालहरू_pp)<br>
३. प्रदर्शन: निर्वाचन चक्र सिकाई मूल्याङ्कन सूची प्रोजेक्टरबाट प्रदर्शन गर्नुहोस् । सूचीमा रहेका ८ वटा प्रश्नहरू १/१ गरी सहभागीहरूलाई देखाउनुहोस् र उनीहरूको मत जाहेर गर्न लगाउनुहोस् । हो भन्ने सहभागीलाई हरियो हैन भन्नेलाई रातो र थाहा छैन भन्नेलाई पहेलो रङ्को मेटाकार्ड उठाउन लगाउनुहोस् ।
<table>
<tr><td>१</td><td>बहिरा व्यक्तिलाई भोट हाल्न हाम्रो संस्कृतिले रोक्छ ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>२</td><td>बहिराले आफै भोट नहालेर अरूको सहायताले हाल्छन् ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>३</td><td>बहिराको लागि सुरक्षा र पहूँच अझै पर्याप्त छैन ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>४.</td><td>बहिराहरूले अरूले जस्तै राजनीति सम्बन्धी कुराकानी गदर्छन् ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>५</td><td>बहिराहरूलाई छुट्टै भोट हाल्ने व्यवस्था छ ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>६</td><td>निर्वाचनका चरणहरु ३ वटा छन् ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>७</td><td>मतगणना मतदान भन्दा पहिले गरिन्छ ।</td><td>हो</td><td>हैन</td></tr>
<tr><td>८</td><td>तालिम निर्वाचन चरणमा मात्र दिइन्छ ।</td><td>हो</td><td>हैन</td></tr>
</table>
</td><td>४.१.१ निर्वाचन चक्र र बहिराका सवालहरू _pp</td></tr>
</table>

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | उपरोक्त प्रश्नहरूमा सहमत हुने सहभागीलाई हरियो रङ्गको मेटाकार्ड, सहमत नहुने सहभागीहरूलाई रातो रङ्गको मेटाकार्ड एवम् सहमत र असहमत नहुने सहभागीहरूलाई पहेलो रङ्गको मेटाकार्ड उठाएर हरेक सहभागीहरूलाई मत जाहेर गर्न लगाउनुहोस् । हरेक प्रश्नहरूमाथि सहभागीबीच छलफल गराई समान बुझाईको विकास गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ४.१.२ निर्वाचन चक्र सिकाई मूल्याङ्कन सूची_*doc*) | ४.१.२ निर्वाचन चक्र सिकाई मूल्याङ्कन सूची |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक तथा चियापान** | |
| ४.२ निर्वाचन प्रक्रियामा बहिरा सहभागीता<br>(राष्ट्रिय र अर्न्तराष्ट्रिय अभ्यास)<br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>१. सहभागीहरूले बहिरा नागरिकहरूको निर्वाचन प्रक्रिया विभिन्न क्रियाकलापहरूमा सहभागीता सम्बन्धमा भएका अभ्यासहरूका वारेमा जानकारी हासिल गरेका हुनेछन् ।<br>२. बहिराहरूको नागरिकहरूको निर्वाचन प्रक्रियाका विभिन्न क्रियाकलापहरूमा सहभागीता किनआवश्यक छ एवम् बहिरामैत्री सहभागीताबारे बुझाई बिकास भएको हुनेछ ।<br>**सिकाईको उद्धेश्यः**<br>निर्वाचनका प्रक्रियाका विभिन्न क्रियाकलापहरूमा बहिरा नागरिकहरूको सहभागीताको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा भएका असल अभ्यासहरूका अवस्थाबारे जानकारी गराउने र निर्वाचन प्रक्रियामा बहिरा समुदायको सहभागीताका बहिरामैत्री प्रक्रियाबारे बुझाईको विकास गराउने ।<br>**तालिम सत्रको मूख्य विषयवस्तुः**<br>नागरिक तथा राजनैतिक अधिकार सम्बन्धि अनुबन्धले सम्पूर्ण नागरिकको नागरिक तथा राजनैतिक अधिकार, सहभागीता र पहुंचको अधिकारलाइ सुनिश्चित गरेकोछ । अपाङ्गता भएको व्यक्तिहरूको अधिकार सम्वन्धि संयुक्त राष्ट्रसंघीय महासन्धीले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार एवम् उक्त महासन्धीको धारा २९ले अपाङ्गता भएका व्यक्तिहरूको राजनैतिक अधिकारलाइ आधारभूत अधिकारको रूपमा सुनिश्चितता गरेको छ । तथापि बहिरा नागरिकहरूले सुन्ने नागरिक सरह अधिकार एवम् पहूँच उपभोग गर्न पाउनु पर्दछ तर बहिरा भएकै कारण ती नागरिकहरूले सामाजिक एवम् राजनैतिक सहभागीतामा विभेद एवम् अवरोध भोग्दै आएका छन् ।<br>राजनैतिक अधिकारको आधारभूत अधिकार सुनिश्चित गर्न निर्वाचनको समग्र प्रक्रिया नीतिनिर्माण, मतदाता नामावलीमा नामदर्ता, उम्मेदवारी, निर्वाचन शिक्षा तथा तालिम, निर्वाचन प्रचारप्रसार मतदान, पर्यवेक्षण आदि क्रियाकलापहरूमा बहिरा समुदायको उचित र पहूँचयुक्त सहभागीता हुन आवश्यक छ । बहिरा समुदायले आफ्नो अधिकारका लागि बहिरा समुदायले वकालत एवम् समय सापेक्ष रूपमा अगाडि आएको | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | समावेशीताको अवधारणा स्वरूप बहिरा समुदायको राजनैतिक अधिकारका सम्वन्धमा जनचेतना र सहभागीता बढेको पाइन्छ । यसै सन्दर्भमा नेपालमा निर्वाचन आयोग तथा निर्वाचन सहयोग परियोजनाको सहकार्यमा राष्ट्रिय बहिरा महासंघ नेपालले बहिरा नागरिकहरूको निर्वाचन प्रक्रियामा सहभागीता अभिवृद्धि गर्न विभिन्न क्रियाकलाप नेपालमा सञ्चालन गर्दै आएको छ । निर्वाचन प्रक्रिया सम्बन्धी जानकारी पहुँचयुक्त बनाउने, बहिरा नागरिकहरूको सहभागीताका सम्बन्धमा रहेका अवरोध तथा चुनौतिहरू तथा तिनको समाधानको उपायका सम्बन्धमा अध्ययन गर्ने र सहभागीताका लागि पहुँयूक्त सुचना तथा अभियान संचालन गर्ने कार्य भएका छन् । यसका कारण नेपालमा बहिरा समुदायको निर्वाचन प्रक्रियामा सहभागीता अभिवृद्धि भएको देखिन्छ भने थप गरिनुपर्ने कार्यहरूका सम्बन्धमा समेत स्पष्ट हुदै गएको छ । यसैगरी विश्वका विभिन्न देशहरूमा विभिन्न देशहरूमा निर्वाचन प्रक्रियामा बहिरा समुदायको सहभागीताका लागि पहुँचयुक्त सामग्रीहरूको निर्माण, पहुँचयुक्त सुचना तथा बहिरा समुदायकै नेतृत्वमा निर्वाचन प्रक्रियामा बहिरा समुदायको सहभागीताका अभियान जस्ता असल अभ्यासहरू भएको पाइन्छन् ।<br>निर्वाचन प्रक्रियामा बहिराहरूको सहभागीताका सम्बन्धमा विश्वमा विभिन्न अभ्यासहरू भएका छन् । नीति निर्माण, मतदाता नामावलीमा नामदर्ता, उम्मेदवारी, निर्वाचन शिक्षा, निर्वाचन प्रचारप्रसार, मतदान, परिवेक्षण आदि क्रियाकलापहरूमा बहिरा सहभागीता रहने गरेको छ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर तथा छलफल, प्रस्तुतीकरण र भिडियो प्रस्तुती<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस् ।**<br>क. मतदाता नामावलीमा नाम दर्ता गर्ने, निर्वाचनमा उम्मेदवारी दिने, निर्वाचन प्रचार प्रसार, राजनैतिक दलहरूको कार्यक्रम, मतदान प्रक्रियाजस्ता निर्वाचनका क्रियाकलापहरूमा के कसरी सहभागी हुन सक्छन् ?<br>ख. बहिरा नागरिकहरू निर्वाचनका क्रियाकलापहरूमा सहभागी हुन के कारणले वञ्चित भएका छन् ?<br>ग. निर्वाचनका हरेक प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीता बहिरमैत्री बनाउन के कस्तो व्यवस्था गर्नुपर्दछ ?<br>**२. प्रस्तुतीकरण गर्नुहोस्**:<br>बहिरा नागरिकहरूले अन्य नागरिकहरू सरह नै निर्वाचनको प्रक्रियामा समान रुपमा सहभागीता जनाउन सक्दछन् । निर्वाचन प्रक्रियामा कर्मचारी, | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | पर्यवेक्षक, मतदान अधिकृत, निर्वाचन तथा मतदाता शिक्षाको प्रशिक्षक, राजनैतिक दलको उम्मेदवार, प्रतिनिधि आदि रूपमा अन्य व्यक्तिहरू सरह बहिरा नागरिकहरूले सहभागीता जनाउन सक्दछन् । बहिरा नागरिकहरूको निर्वाचनका विभिन्न प्रक्रियामा सहभागीता सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् । (सन्दर्भ सामग्रीः ४.२.१ निर्वाचन प्रक्रियामा बहिरा सहभागीता, राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यास_pp)<br>**३. भिडियो प्रदर्शन**<br>बहिरा नागरिहरूको निर्वाचन प्रक्रियामा सहभागीता सुनिश्चित गर्न विभिन्न देशहरूमा विविध प्रकारका प्रयासहरू भए गरिएको पाइन्छ । विशेष गरि विकसित देशहरूमा निर्वाचन समग्र प्रक्रिया पारदर्शि, पहूँचयुक्त र विभेदरहीत बनाउन विभिन्न प्रयासहरू गरिएको पाइन्छ जस अन्तर्गत बहिरा नागरिकहरूको पहूँच हुने सम्बन्धित देशको साङ्केतिक भाषामा निर्वाचन सम्बन्धी सामग्रीहरूको निर्माण र प्रसारण, बहिरा नागरिकहरूलाई लक्षित गरी कार्यक्रमहरूको निर्माण आदि पर्दछन् ।<br>विभिन्न देशहरूमा फरक समयहरूमा भएका निर्वाचन पुर्व, निर्वाचन अवधि र निर्वाचन पश्चात् गरिएका केही बहिरा मैत्री प्रयासहरू भएका छन् । यसै सन्दर्भमा सन् २०१६ मा स्कटल्याण्डमा भएको निर्वाचनका सम्बन्धमा निर्वाचन भनेको के हो र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीता अभिवृद्धि गर्न पहूँचयुक्त तरिकाबाट बनाइएको भिडियोको व्याख्या गरी भिडियो प्रस्तुत गर्नुहोस् । स्कटल्याण्डमा मार्च ५, २०१६ मा सम्पन्न संसदीय निर्वाचन पूर्व बहिरा समुदायको निर्वाचन समग्र प्रक्रिया तथा त्यसमा सहभागीता कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा त्यहाँको निर्वाचन आयोगले ब्रिटिस साङ्केतिक भाषा सहितको बहुभाषिक पहूँचयुक्त भिडियो निर्माण गरी बहिरा नागरिकहरूलाई निर्वाचनका समग्र प्रक्रियाको जानकारी तथा सहभागीताका लागि अभिप्रेरित गरेको थियो ।<br>(सन्दर्भ सामग्रीः ४.२.२ निर्वाचन प्रक्रियामा बहिरा सहभागीता, स्कटल्याण्ड_vi) | ४.२.१ निर्बाचन प्रक्रियामा बहिरा सहभागीता_pp<br><br>४.२.२ निर्वाचन प्रक्रियामा बहिरा सहभागीता स्कटल्याण्ड_vi |
| ४.३ निर्वाचन सहभागीतामा बहिरा उत्प्रेरणा<br><br>३० मिनेट | **सिकाइ उपलब्धिः**<br>१.राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा निर्वाचन प्रक्रिया बाट निर्वाचितभई नीतिगत तहमा प्रतिनिधित्व गरेका बहिरा नागरिकहरूको बारेमा जानकारी हासिल हुनेछ ।<br>२.बहिरा नागरिकहरू अन्य नागरीकहरू सरह निर्वाचनमा उम्मेदवारी दिन, प्रतिस्पर्धा गर्न, निर्वाचित हुन र नीतिगत तहमा काम गर्न सक्षम छन् भन्ने बुझाई विकास हुनेछ ।<br>**सिकाईको उद्धेश्यः**<br>राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा निर्वाचित बहिरा नागरिकहरूको बारेमा जानकारी गराई बहिरा नागरीकहरूमा निर्वाचनमा सहभागीता जनाउने र | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | उम्मेदवारी बारे उत्प्रेरणा जगाउने ।<br>**तालिम सत्रको मूख्य विषयवस्तु:**<br>राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा बहिरा नागरिकहरू निर्वाचनमा निर्वाचित भएर नीति निर्माण तहमा पुगेका छन् । बहिरा नागरिकहरूमा बहिरा नागरिकहरू अन्य समुदाय सरह निर्वाचनमा सहभागी हुन, निर्वाचनमा उम्मेदवार बन्न, निर्वाचित हुन एवम् र नीतिगत तहमा काम गर्न सक्षम छन् । नेपालमा पहिलो संविधानसभा निर्वाचन २०६४ मा बहिरा नागरिक राघवबिर जोशी निर्वाचन हुनु बहिरा नागरिकहरूको लागि ठुलो उत्प्रेरणाको बिषय हो । प्रयत्न र निरन्तरको पहलले आउदा दिनहरूमा राघववीर जोशी जस्ता धेरै बहिरा नागरिकहरु निर्वाचनमा उम्मेदवारी दिन र निर्वाचित हुन सक्छन् । हंगेरीमा जन्मेका कानूनका विद्यार्थी तथा वकिल बहिरा नागरिक एड् मकोसा युरोपियन युनियनमा संसदमा सदस्य हुने पहिलो बहिरा थिए ।<br>**सामग्री:** ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू:** भिडियो प्रदर्शन र छलफल<br>**सत्र सञ्चालनका चरणहरू:**<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:**<br>सहभागीहरूलाई बहिराहरूले निर्वाचनमा उम्मेदवारी दिनुपर्दछ वा पर्दैन भन्ने प्रश्न गर्नुहोस् र उम्मेदवारी दिन्नुपर्छ भन्ने सहभागीहरू मध्येबाट एकजना र उम्मेदवारी दिनु आवश्यक छैन भन्ने सहभागीहरूबाट एकजनालाई अगाडि बोलाई किन भनी छलफल गराउनुहोस् । सहभागीहरूबाट जिज्ञासा राख्न लगाउनुहोस् ।<br>**२. प्रस्तुतीकरण:** नेपाल तथा अन्तर्राष्ट्रिय बहिरा सांसद तथा जनप्रतिनिधिहरूको विवरण प्रस्तुतीकरण गर्नुहोस् ।<br>सहभागीहरूलाई सोध्नुहोस छलफल गर्नुहोस्:<br>क. निर्वाचनमा सहभागी भएर जनप्रतिनिधि बनेका बहिरा नागरिकहरूको विवरण बाट सहभागीहरूलाई के कस्तो अनुभूति भयो ?<br>ख. के बहिरा नागरिक निर्वाचनमा उम्मेदवार हुन र निर्वाचन जित्न सक्दैनन् त ?<br>उक्त उदाहरणहरूबाट सहभागीहरूमा निर्वाचनमा सहभागीताबारे प्रेरणा जगाउनुहोस् ।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीहरु: ४.३.१ नेपाल तथा अन्तराष्ट्रिय बहिरा सांसद तथा जनप्रतिनिधिहरूको विवरण_*pp*)<br>**३. भिडियो प्रदर्शन:**<br>युरोपियन युनियनमा अध्यक्षको उम्मेदवारी दिएका बहिरा हेल्गा स्टीभन्सको बारेमा केहि व्याख्या गरी भिडियो प्रदर्शन गर्नुहोस् । | ४.३.१ निर्वाचनमा बहिरा सहभागीता)ने पालतथा अन्तर र ाष्ट्रिय बहिरा सांसद तथा जनप्रतिनिधिहरूको विवरण_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | बेल्जीयममा जन्मेकी हेल्गा स्टीभन्स एक बहिरा व्यक्ति हुन् ।बेल्जीयम, बेलायत र संयुक्त राज्य अमेरिकामा कानून अध्ययन गरेकी उनले सन् १९९३ मा कानूनमा स्नातक गरेकी छन् । बेल्जीयमकै इतिहासमा कानूनमा स्नातक गर्ने उनी पहिलो बहिरा व्यक्ति हुन् । उनले त्यस पश्चात् केही वर्ष ब्रसेल्समा सरकारी वकिलका रूपमा कार्य गरेकी थिइन् । न्यू फ्ले मिस पार्टीको तर्फबाट सन् २००७ मा बेल्जीयमको सभासदका रूपमा चुनिएकी उनी सो पश्चात् २०१४ मा युरोपियन युनियनको सभासदका रूपमा चुनिएकी थिइन् । सोही वर्ष उनले सहभागीतामूलक र विविधताको प्रतिनिधित्व गर्नु आवश्यक छ भन्दै युरोपियन युनियनको अध्यक्षको पदका लागि दावेदारी प्रस्तुत गरेकी थिइन् ।<br>विद्यार्थी हुँदाको समयमा साङ्केतिक भाषा दोभाषेको सेवा नपाएर कठिन अवस्था भोगेका हेल्गा कसरी राजनीतिमा लाग्न अभिप्रेरित भइन् र युरो पियन युनियनको अध्यक्षको पदका लागि उम्मेदवारी दिन किन आवश्यक ठानिन् भन्ने सम्बन्धमा साङ्केतिक भाषाको भिडियोमा प्रस्तुत गरीएको छ ।<br>http://www.europarl.europa.eu/meps/en/125105/HELGA_STEVENS/history/8<br>(सन्दर्भ सामग्रीः ४.३.२ बहिरा हेल्गास्टेभेन्सको युरोपियन यूनियनको अध्यक्षमा उम्मेदवारी_*vi*)<br>नेपालका संविधान सभाका सदस्य राघववीर जोशीको राजनीतिमा भूमिका सम्बन्धमा परिचय गराउंदै भिडियो प्रदर्शन गर्नुहोस् ।<br>राघवबीर जोशी पहिलो संबिधानसभा २०७४ मा ने.क.पा. संयुक्तका तर्फबाट समानुपातिक तर्फबाट सभासद् हुनुभएको थियो । यस साङ्केतिक भाषाको भिडियोमा राघवबीर जोशीलाई राजनैतिक क्षेत्रमा आउन के कुराले अभिप्रे रित गर्यो र कसरी सभासदजस्तो गरीमामय पदमा पुग्नु भयो भने सन्दर्भ तथा बहिरा व्यक्तिहरू पनि किन राजनैतिक रूपमा सक्रिय हुनुपर्दछ भन्ने सम्बन्धमा आफ्नो अनुभव राख्नुभएको छ ।<br>(सन्दर्भ सामग्रीः ४.३.३ राजनीतिमा राघब बिर जोशी_*vi*)<br>युरोपियन युनियनका पहिलो बहिरा सभासद्का बारेमा उपलब्ध भिडियो प्रदर्शन गरी राजनीतिमा बहिरा सहभागीता बारे थप जानकारी दिनुहोस् ।<br>कानूनका विद्यार्थी तथा वकिल एड्मकोसा एक बहिरा व्यक्ति हुन् । हंगेर ीमा जन्मेका उनी युरोपियन युनियनमा संसदमा सदस्य हुने पहिलो बहिरा व्यक्ति हुन् । सन् २००५ देखि २०१४ सम्म हंगेरी बहिरा संघको अध्यक्ष तथा वकिलका रूपमा कार्य गरेका एड्मकोसा ग्रूप अफ द युरोपियन पार्टी (क्रिस्चियन डेमाक्याट्स)का तर्फबाट उनी सन् २००९ देखि २०१४ सम्म युरोपियन युनियनमा संसदको सदस्य चुनिएका हुन् । उनले आफ् नो अपाङ्गताका सवाललाइ मुलधाराको सवालका रूपमा ल्याउन गरेका पहलहरू यहाँ उल्लेखित भिडियोमा समेटिएको छ । | ४.३.२ बहिरा हेल्गा स्टे भेन्सको युरोपियन यूनियनको अध्यक्षमा उम्मेदवारी भिडियो_vi |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ४.३.४ युरोपियन यूनियनको पहिलो बहिरा सभासद _vi) _http://www.europarl.europa.eu/meps/en/96829/ADAM_KOSA/cv#mep-card-content | ४.३.३ राजनीतिमा राघब बिर जोशी_vi<br>४.३.४ युरोपियन यूनियनको पहिलो बहिरा सभासद_vi |
| ४.४ निर्वाचनमा बहिराका लैंगिक, बहुअपाङ्गता तथा अन्य सामाजिक पक्षहरु<br><br>४५ मिनेट | **सिकाई उपलब्धिः**<br>१.निर्वाचनका हरेक क्रियाकलापहरूमा बहिराहरुको लैंगिक विभेद तथा चुनौती, बहिराहरूमा भएका अन्य अपाङ्गता तथा सामाजिक पक्षहरूका सम्बन्धमा अवगत भएका हुनेछन् ।<br>**सिकाईको उद्देश्यः**<br>निर्वाचनका हरेक क्रियाकलापमा सहभागीताका लागि बहिराहरुको लैंगिक, अन्य अपाङ्गता तथा सामाजिक पक्षहरूबारे जानकारी गराउदै निर्वाचनलाई समावेशी र पहूँचयुक्त बनाउन गर्नुपर्ने प्रबन्ध तथा सुधारहरूबारे बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>बहिरा समुदाय भित्र समेत विभिन्न विविधता छन् । लैंगिक, बहिरा अपाङ्गतासँग जोडिएका अन्य अपाङ्गता तथा सामाजिक पक्षहरूका कारण बहिरा समुदायको निर्वाचन प्रक्रियामा सहभागीता, समावेशीकरण तथा पहूँचमा समेत थप चुनौतीहरू आइपर्ने गरेका छन् । बहिरा महिलाहरूले निर्वाचन प्रक्रियामा सहभागीता थप चुनौतीहरूको सामना गर्नु परेको छ । श्रवणदृष्टि विहिन अपाङ्गता भएका नागरिकहरूको पहिचान गर्न चुनौतीहरू रहेका छन, निर्वाचनमा सहभागीताका सिलसिलामा झनै चुनौतीहरु रहेका छन् ।<br>**सामग्रीः** ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रश्नोत्तर र छलफल, प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्ः**<br>क. निर्वाचनमा सहभागी हुन बहिरा महिला भएकै कारण थप अवरोधहरूको सामना गर्न परेको छ ?<br>ख. कस्तो प्रकारका अवरोधहरू सामना गर्नुपरेको छ ?<br>जस्ता प्रश्नहरु महिला समावेशीकरणलाई प्राथमिकता दिएर छलफल चलाउनुहोस् ।<br>नोटः सहजकर्ताले सहभागीहरूबाट व्यक्त बहिरा महिलाहरूको निर्वाचनमा सहभागीता सम्बन्धी धारणाहरूलाई चार्ट पेपरमा लेखी आवश्यक छलफल गराउनुहोस् । साथै निर्वाचन सहभागीताका सम्बन्धमा बहिरासँग | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | जोडिएका अन्य अपाङ्गता, श्रवणदृष्टि विहिन लगायत विभिन्न सामाजिक पक्ष, चुनौती तथा सवालहरू के के छन् सहभागीहरू बीच छलफल गराउनुहोस् ।<br>**२.भिडियो प्रस्तुती**:<br>निर्वाचनका हरेक क्रियाकलापमा सहभागीताका लागि बहिराहरुको लैङ्गिक, अन्य अपाङ्गता तथा सामाजिक पक्षहरू सम्बन्धी अनुभव समेटिएका साङ्केतिक भाषाका भिडियोहरू प्रस्तुती गर्नुहोस् ।<br>बहिरा महिलाहरूको सार्वजनिक जीवन तथा राजनैतिक क्षेत्रमा सहभागीता बहिरा पुरूषहरूको तुलनामा नेपालमा अत्यन्तै कम देखिन्छ । महिलाहरू घरयासी कारण तथा सांस्कृतिक मूल्य मान्यताहरूका कारण र घर परिवारले बहिरा महिलाहरूको पनि निर्वाचनमा सहभागी हुने तथा राजनैतिक तथा सार्वजनिक महत्वका विषयमा मत जाहेर गर्ने अधिकार हुन्छ भन्ने कुरा नसिकाई एकाले बहिरा महिलाहरूको पुरुष समान अवसर तथा अधिकार प्राप्त गर्न सकेका छैनन्।यस भिडियोमा बहिरा महिलाहरूको निर्वाचनमा सहभागीता किन कमजोर छ र भोग्नुपर्ने विभेद तथा असमानताहरूका बारेमा महासंघका पुर्वअध्यक्ष कल्पना बज्राचार्य आफ्नो धारणा राख्नुभएको छ ।<br>सहभागीहरुको प्रतिक्रिया तथा जिज्ञासा समाधान गर्ने प्रयत्न गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ४.४.१ बहिरा महिला अनुभव (कल्पना बज्राचार्य सम्बन्धी भिडियो_*vi*)<br>बहिरा व्यक्तिहरू पनि यस समाजका अङ्ग हुन् र अन्य मानिसहरू सरह बहिरा व्यक्तिहरूमा पनि विविधता रहेको हुन्छ ।बहिरा व्यक्तिहरूले मतदानमा किन सहभागी हुनपर्दछ र बहिरा तथा शारीरीक अपाङ्गता समेत हुँदा थप के कस्ता समस्याहरू भोग्नुपर्दछ भन्ने सन्दर्भमा भिडियोमा महासंघको पूर्वअध्यक्ष रमेशलाल श्रेष्ठले आफ्नो विचार राख्नुभएको छ ।<br>(सन्दर्भ सामग्रीः ४.४.२ बहुअपाङ्गता अनुभव (रमेश लाल श्रेष्ठ सम्बन्धी भिडियो_*pp*)<br>बहिरा व्यक्तिहरुमा दृष्टि सम्बन्धी पनि समस्या आउदा श्रवणदृष्टि विहिनता हुन्छ । श्रवणदृष्टि विहिनता एक फरक वर्गको अपाङ्गता हो किनभने सञ्चार, गमनशीलता तथा शिक्षा प्राप्त गर्न आउने समस्या नितान्त पृथक हुन्छ । बहिरा समुदायबाट श्रवणदृष्टि विहिनता भएको व्यक्तिहरूले निर्वाचन प्रक्रियामा भोग्नुपरेका समस्याका सन्दर्भमा श्रवणदृष्टि विहिन संघ नेपालका अध्यक्ष आशा गुरूङ्गले राख्नु भएको विचार यस भिडियोमा समेटिएका छन् । सहभागीहरुको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ४.४.३ श्रवणदृष्टि विहिनता अनुभव सम्बन्धी भिडियो) आशा गुरूङ_*vi*) | ४.४.१ बहिरा महिला अनुभव (कल्पना बज्राचार्य सम्बन्धी भिडियो_vi<br><br>४.४.२ बहुअपाङ्गता अनुभव (रमेश लाल श्रेष्ठ सम्बन्धी भिडियो_pp<br><br>४.४.३ श्रवण दृष्टि बिहीनता अनुभव (आशा गुरूङ सम्बन्धी भिडियो_vi) |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **३. समूह छलफल:**<br>क. बहिरा महिला र पुरूषले निर्वाचन सहभागीतामा समान अवसर र सहयोग प्राप्त गरेका छन् कि छैनन् ?<br>ख. बहिरा महिलाहरूको निर्वाचन सहभागीतामा के कस्ता अवरोध र विभेद सामना गरेका छन् र त्यस्ता अवरोध तथा विभेदका समस्याहरू हटाउन के के गर्नुपर्दछ ?<br>उपरोक्त प्रश्नहरूमाथि तालिम कार्यक्रममा सहभागी महिला सहभागी र पुरूष सहभागीहरूको छुटाछुटै समूह बनाई महिला र पुरूष समूहमा छलफल गर्न लगाई समूह प्रस्तुतीकरण गर्न लगाउनुहोस् । | |
| ४.५ निर्वाचन सहभागीतामा बहिरा समुदायलाई हुने अवरोध तथा विभेद एवम् पहूँचका उपायहरू<br><br>४५ मिनेट | **सिकाई उपलब्धि:**<br>१.सहभागीताहरूलाई निर्वाचन प्रक्रियामा संचालन गराउने विभिन्न क्रियाकलापहरूबारे जानकारी भएको हुनेछ ।<br>२.निर्वाचनका प्रक्रियामा बहिरा सहभागीताका अवरोध र विभेद, सहभागीतामा पहूँच सुनिश्चित गर्ने उपायहरूका बारेमा बुझाई अभिवृद्धि भएको हुनेछ ।<br>३. बहिरा मैत्री निर्वाचन बुथको संरचना तथा व्यवस्थापन कस्तो हुनुपर्दछ भन्ने बारेमा अवगत भएको हुनेछ ।<br>**सिकाईको उद्धेश्य:** निर्वाचन प्रक्रिया, निर्वाचनका प्रक्रियाहरूमा सहभागीतामा बहिरा समुदायलाई हुने अवरोध र विभेद, निर्वाचनका हरेक प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीताका उपयाहरु एवम् बहिरामैत्री बुथबारे जानकारी गराउने ।<br>**तालिम सत्रको मूख्य बिषयबस्तु:**<br>निर्वाचन प्रक्रियामा विभिन्न क्रियाकलापहरू सञ्चालन गरीन्छन् । निर्वाचन प्रक्रियामा मतदाता नामावली प्रकाशन गर्ने उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन, उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयन पत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने, मतदान गर्ने, मतगणना तथा मत परिणाम घोषणाजस्ता क्रियाकलापहरू पर्दछन् ।<br>मतदाता नामावली प्रकाशन गर्ने उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने, मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन, उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने, मतदान गर्ने, मतगणना तथा मतपरिणाम घोषणा जस्ता क्रियाकलापहरूमा अर्थपूर्ण सहभागीतामा बहिरा व्यक्तिहरूले सञ्चार तथा पहूँचका कारण अवरोध तथा विभेदको सामना गर्दै आएका छन्। | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | निर्वाचनका हरेक प्रक्रियामा अर्थपूर्ण सहभागीताका लागि बहिरा समुदाय लक्षित नीति तथा पहूँचयुक्त कार्यक्रम तथा सामग्रीहरूको निर्माण गर्नुपर्दछ र हरेक प्रक्रियामा बहिरा नागरिक तथा प्रतिनिधिमूलक संघसंस्थाहरूको सहभागीता र सहकार्य सुनिश्चित हुनुपर्दछ । <br> मतदानको दिन निर्वाचन बुथलाई बहिरामैत्री बनाउनका लागि मतदान मिति, स्थान, समय, मतदान गर्न जादा लैजानुपर्ने कागजपत्र, निर्वाचन सुरक्षा, मतदान स्थलको प्रबन्ध सम्बन्धी सुचनाहरू बहिरामैत्री साङ्केतिक भाषामा बहिरा नागरिकहरू समक्ष पुऱ्याउने एबम् बहिरा मतदाताको उपस्थिति पहिचान गरी निर्वाचनका समयमा साङ्केतिक भाषाका दोभाषेहरूको व्यवस्था गर्नुपर्दछ । <br> **सामग्री**: प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड <br> **मूख्य विधिहरू**: प्रस्तुतीकरण र समूह छलफल <br> **सत्र सञ्चालनका चरणहरू**: <br> १. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्: <br> क. सहभागीहरूलाई बहिराहरूले निर्वाचनमा सहभागी हुनका लागि के के कुराले वञ्चित गरेको छ ? <br> ख. निर्वाचनमा सहभागी हुन बहिरा नागरिकहरूले के कस्ता चुनौती तथा विभेदहरु छन् ? <br> उपरोक्त प्रश्नहरूमाथि सहभागीहरूबीच छलफल गराउनुहोस् । <br> **२. प्रस्तुतीकरण**: निर्वाचन प्रक्रियामा बहिरा सहभागीताका अवरोधहरू तथा निर्वाचनमा बहिरा सहभागीताका अवरोध, सहभागीता वृद्धिका उपाय तथा बहिरा मैत्री बुथसम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् । सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् । <br> (सन्दर्भ सामग्रीहरु: ४.५.१ निर्वाचन प्रक्रियामा बहिरा सहभागीताका अवरोधहरू_*pp*, ४.५.२ निर्वाचनमा बहिरा सहभागीताका अवरोध, सहभागीता वृद्धिका उपाय तथा बहिरा मैत्री बुथ_*pp)* <br> **समूह छलफल**: <br> सहभागीहरूलाई रातो, पहेलो र हरियो गरी पूर्ववत समूहमा विभाजन गरी निर्वाचन सहभागीतामा बहिरा समुदायको अवरोध र विभेद तथा पहूँच सुनिश्चित गर्ने उपायहरूबारे समूह छलफल गर्न लगाउनुहोस् । प्रत्येक समूहको नेतालाई अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् । | ४.५.१ निर्वाचन प्रक्रियामा बहिरा सहभागीताका अवरोध_pp <br><br> ४.५.२ निर्वाचनमा बहिरा सहभागीताका अवरोध, सहभागीता वृद्धिका उपाय तथा बहिरा मैत्री बुथ_pp समूह काय |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| **सत्र ५: समग्र निर्वाचन व्यवस्थापन तथा निर्वाचन प्रक्रियामा बहिरा मूलप्रवाहीकरण** | | |
| ५.१ निर्वाचन व्यवस्थापकीय निकाय र तिनीहरूका जिम्मे वारी<br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१. सहभागीहरूमा नेपालमा समग्र (संघ, प्रदेश र स्थानीय) तहको निर्वाचन सञ्चालन गर्नका लागि गठित संबैधानिक निकाय निर्वाचन आयोग र यसको संरचनाबारे जानकारी हासिल भएको हुनेछ ।<br>२. निर्वाचन आयोगको काम, कर्तब्य तथा जिम्मेबारीबारे जानकारी भएको हुनेछ ।<br>**सिकाईको उद्धेश्य:**<br>निर्वाचनको सम्पूर्ण व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग, यसको केन्द्रदेखि जिल्ला संरचना र तिनीहरूको काम, कर्तब्य तथा जिम्मेबारी वारे बुझाई बिकास गराउने ।<br>**तालिम सत्रको मूख्य बिषयबस्तु:**<br>निर्वाचनको सम्पूर्ण व्यवस्थापन गर्ने निकाय निर्वाचन आयोग हो । निर्वाचन व्यवस्थापन गर्ने निकायका विश्वव्यापी रूपमा तीन प्रकारका पद्धति छन्, ती हुन् सरकारी पद्धति, स्वतन्त्र र स्वायत्त पद्धति तथा मिश्रित पद्धति । नेपालको संबिधान २०७२ धारा २४६ ले नेपालमा तीन तहको सरकार व्यवस्था गरेको छ र ती सबै तहको आबधिक निर्वाचन गराउने जिम्मेबारी संबैधानिक निकायका रूपमा निर्वाचन आयोगलाई दिएको छ । नेपालको निर्वाचन आयोगले निर्वाचन व्यवस्थापन स्वतन्त्र स्वायत्त पद्धतिबाट सञ्चालन गर्दछ । निर्वाचन आयोगले संविधान, निर्वाचनसँग सम्बन्धीत ऐन नियम एवम् निर्देशिकाहरूको परिधिभित्र रहेर निर्वाचन सम्बन्धी गतिविधिहरु सञ्चालन गर्दछ । निर्वाचन निष्पक्ष, स्वतन्त्र तथा विश्वसनीय रूपमा सम्पन्न गर्न आवश्यक व्यवस्था गर्ने जिम्मेवारी निर्वाचन आयोगको हो ।<br>निर्वाचन प्रक्रिया सम्पन्न गर्नका लागि निर्वाचन आयोगका संघीय, क्षेत्रीय तथा जिल्लास्तरीय संरचनाहरू कार्यरत रहेका छन् । निर्वाचन आयोगले संविधान र संघीय कानूनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका राष्ट्रियसभा र प्रतिनिधिसभाका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने गर्दछ । साथै राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने गर्दछ ।<br>निर्वाचन आयोगले निर्वाचन सम्बन्धी कानूनको प्रारम्भिक मस्यौदा गर्ने, राजनैतिक दल दर्ता र नियमन गर्ने, निर्वाचन प्रयोजनका लागि मतदाताको नामावली तयार गर्ने, निर्वाचन आचारसंहिता निर्माण तथा लागू गर्ने, मतदाता र निर्वाचन शिक्षा सञ्चालन गर्ने, मतगणना गरी परिणाम घोषणा गर्ने, निर्वाचन सम्बन्धी केही विवाद र राजनैतिक दलको विवाद निरूपण गर्ने गर्दछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | क्षेत्रीय र जिल्ला निर्वाचन कार्यालयले मतदाता नामावली सङ्कलन, दर्ता, रूजु र अद्यावधिक सम्बन्धी काम गर्ने, निर्वाचन सामग्रीहरूको अभिलेख राख्ने, भण्डार तथा मर्मत संभारको व्यवस्था गर्ने, जिल्लास्तरमा निर्वाचन सम्बन्धी गोष्ठी, प्रशिक्षण, प्रचार प्रसार कार्यहरूको व्यवस्था मिलाउने गर्दछन् ।<br>सामग्रीः प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रश्नोत्तर र छलफल, प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. सहभागीहरूसाग प्रश्नोत्तर र छलफलः**<br>क. नेपालमा निर्वाचन गराउने निकाय कुन हो ?<br>ख. निर्वाचन आयोगको संरचना कस्तो रहेको छ ?<br>उपरोक्त प्रश्नहरूमाथि सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>**२. प्रस्तुतीकरणः**<br>निर्वाचन प्रक्रियामा सरकार (केन्द्र, प्रान्त र स्थानीय), निर्वाचन आयोगका केन्द्रदेखि जिल्ला संरचना, संसदको संरचना र तिनीहरूको जिम्मेवारी तथा भूमिकावारे प्रस्तुती गर्नुहोस् । सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ५.१.१ निर्वाचन व्यवस्थापकीय निकाय र जिम्मेवारी_pp)<br>३. क्रियाकलापः भूमिका निर्वाहः निर्वाचनमा बहिरा नागरिकहरूका अधिकार तथा पहूँचका सवालहरू बारे निर्वाचन आयोगमा ज्ञापनपत्र पेश गर्ने ।<br>प्रक्रियाः<br>निर्वाचन कानून, नीतिनियम, कार्यक्रम एवम् बहिरामैत्री, सहज र पहूँचयुक्त निर्वाचन शिक्षा र निर्वाचन सामग्री लगायतका विषयमा सहभागीहरूलाई ज्ञापन पत्र तयार गर्न लगाउनुहोस् ।<br>ज्ञापन पत्र पेश गर्नका लागि सहभागीहरू मध्येबाट निर्वाचन आयोगको प्रमुख आयुक्त तथा बहिरा संघको प्रतिनिधित्व गर्ने सहभागीहरू छनौट गर्नुहोस्, भूमिका विभाजन गर्नुहोस् र निर्वाचन आयोगको कार्यालय बनाउनुहोस् । बहिरा संघको प्रतिनिधिहरूलाई निर्वाचन आयोगमा जान र उक्त ज्ञापन पत्र निर्वाचन आयोगका प्रमुख आयुक्त समक्ष पेश गर्न लगाउनुहोस् । बहिरा संघको प्रतिनिधिहरूलाई साङ्केतिक भाषाको दोभाषेको व्यवस्था नगरीकन निर्वाचन आयोग समक्ष कुराकानी गर्न र ज्ञापनपत्र पेश गर्न लगाउनुहोस् ।<br>त्यसपछि दोभाषेको व्यवस्था गरेर निर्वाचन आयोगको प्रमुखसँग दोभाषे मार्फत निर्वाचनमा बहिरा समुदायका सवालका सम्बन्धमा छलफल गरी ज्ञापन पत्र पेश गर्न लगाउनुहोस् । | ५.१.१ निर्वाचन व्यवस्थापकीय निकाय र जिम्मेवारी_उउ |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **अनुभव व्यक्त गर्न लगाउनुहोस्:**<br>दोभाषे बिना संवाद गरेर निर्वाचन आयोगमा ज्ञापनपत्र बुझाउँदा के कस्तो समस्या भयो र पछि दोभाषे मार्फत संवाद गरेर ज्ञापनपत्र बुझाउदा के कस्तो सजिलो भयो भन्ने बारेमा निर्वाचन आयुक्त र बहिरा संघका २ जना प्रतिनिधिहरूलाई अगाडि आएर आफ्नो धारणा तथा अनुभब ब्यक्त गर्न लगाउनुहोस् । बहिरा नागरीकहरूका लागि दोभाषेको अपरिहार्यका बारेमा छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ५.१.२ निर्वाचन आयोगमा ज्ञापनपत्र_*doc*) | ५.१.२ निर्वाचनमा बहिरा सहभागिताका सवालमा निर्वाचन आयोगमा ज्ञापनपत्र _मयअ |
| ५.२ निर्वाचनमा बहिरा सहभागीताका लागि सरोकारवाला पक्षहरु (दल, सरकार, संसद, नागरी क समाज र संवैधानिक निकायहरू)<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१.सहभागीहरूले निर्वाचन प्रक्रियामा बहिरा सहभागीताका लागि सरो कारवाला पक्षहरु (संसद, सरकार, राजनैतिक दल, अपाङ्गता भएका व्यक्तिहरूको संघ संस्था, अभिभावक र परिवारका सदस्यहरु, दोभाषे, बुद्धिजिवी, पत्रकार, शिक्षक, नागरिक समाज र गैरसरकारी संस्था)को पहिचान गरेका हुनेछन् ।<br>२. निर्वाचन प्रक्रियामा बहिरा मूलप्रवाहीकरणमा सरोकारवालाहरूको भूमिकाबारे बुझाईको विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>निर्वाचन प्रक्रियामा बहिरा मूलप्रवाहीकरणमा भूमिका निर्वाह गर्न सक्ने विभिन्न सरोकारवालाहरू निकाय तथा पक्षहरूको पहिचान गर्ने र उनीहरूको भूमिका बारे बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>बहिरा नागरिकहरूको निर्वाचनमा अर्थपूर्ण सहभागीता सुनिश्चित गर्नका लागि राज्य तथा नागरिक समाजका विभिन्न पक्षहरूले भूमिका खेल्दछन् । निर्वाचनमा बहिरा नागरिकहरूको अर्थपूर्ण सहभागीताका लागि भूमिका खे ल्नसक्ने सरोकारवाला पक्षहरू कुन कुन हुन्, सो को पहिचान गर्नुपर्दछ र कुन कुन सरोकारवालाहरूको के के भूमिका हुन्छ सो को समेत पहिचान गरी बहिरा समुदायले आवश्यक भूमिकाका लागि समन्वय, वकालत पैरवी तथा सञ्जालीकरण गर्नुपर्दछ ।<br>बहिरा नागरिकहरूको निर्वाचनमा अर्थपूर्ण सहभागीताका लागि संसद, सरकार, राजनैतिक दल, अपाङ्गता भएका व्यक्तिहरूको संघ संस्था, अभिभावक र परिवारका सदस्यहरु, दोभाषे, बुद्धिजीवी, पत्रकार, शिक्षक, नागरिक समाज र गैरसरकारी संघसंस्था तथा संवैधानिक आयोगहरू (मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग, समावेशी आयोग आदि) सरोकारवालाहरू हुन् । बहिरा नागरिकहरूको निर्वाचनमा अर्थपूर्ण सहभागीता गराउनका लागि उनीहरूको महत्वपूर्ण भूमिका हुन्छ ।<br>निर्वाचन आयोगले बहिरा नागरिककहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने गरी निर्वाचन कानून मस्यौदा गरी मन्त्रालयलाई बुझाउनु | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | पर्दछ । राजनैतिक दलहरूलाई बहिरा समुदायका सवालहरू आफ्नो विधान तथा घोषणापत्रमा समावेश गर्न तथा दलको संरचनामा बहिरा समुदायको प्रतिनिधित्व गराउनका लागि भूमिका खेल्नुपर्दछ । निर्वाचनका हरेक प्रक्रिया बहिरा मैत्री बनाउने, मतदाता नामावलीमा नाम दर्ता गने र्सूचना तथा नाम दर्ता गर्ने प्रक्रिया बहिरामैत्री बनाउने, निर्वाचन तथा मतदाता शिक्षा, सुचना तथा सामग्री आदि सबै बहिरामैत्री बनाउनुपर्दछ । सरकारले नीति निर्माण तहमा बहिरा समुदायको सहभागीता र प्रतिनिधित्व सुनिश्चित गर्ने, बहिरामैत्री तथा जनचेतानामूलक कार्यक्रम तथा सामग्रीहरू बहिरा समुदायको सहकार्यमा तर्जुमा र कार्यान्वयन गर्ने, साङ्केतिक भाषाका व्यवसायिक दोभाषेहरूको विकास गर्ने, स्थानीय तहसम्म आवश्यक सङ्ख्यामा दोभाषेहरूको व्यवस्था गर्ने, भिडियो रिले सेवाको स्थापना गर्ने र बहिरा समुदायको सञ्चारमा पहूँचको अधिकार सुनिश्चित गने र्, सामाजिक उत्तरदायित्व अन्तर्गत सञ्चार माध्यमहरू खासगरी सम्पूर्ण टेलिभिजनहरूबाट नेपाली साङ्केतिक भाषामा समाचार, कार्यक्रम तथा सुचना सम्प्रेषण गराउने आदि भूमिका निर्बाह गर्नुपर्दछ ।<br>राजनैतिक दलहरूले राज्यले बनाउने कानूनमा बहिरा समुदायका अधिकारहरू सुनिश्चित गर्ने, राजनैतिक दलहरूको सबै संरचनामा बहिरा समुदायको प्रतिधित्वको व्यवस्था विधानमा गर्ने, निर्वाचनमा अपाङ्गताको प्रकृति अनुसार प्रतिनिधित्वको सुनिश्चित गर्नुपर्दछ ।<br>निर्वाचनमा बहिरा समुदायको प्रतिनिधित्व, सहभागीता तथा निर्वाचनमा उम्मेदवारीमा बहिरा समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने, निर्वाचन घोषणापत्रमा बहिरा समुदायका सवालहरूलाई समावेश गर्ने, घोषणापत्र बहिरामैत्री बनाउने, राजनैतिक दलहरूलाई निर्वाचन प्रचारप्रसार तथा सार्वजनिक कार्यक्रमहरू बहिरामैत्री बनाउने र सो को लागि साङ्केतिक भाषाको दोभाषेको व्यवस्था गर्ने आदि भूमिका निर्बाह गर्नुपर्छ । संसदले कानून बनाउँदा बहिरा समुदायका अधिकार तथा प्रतिनिधित्व सुनिश्चित गर्ने, राजनैतिक दलहरूको सबै संरचनामा बहिरा समुदायको प्रतिधित्वको व्यवस्था बिधानमा गर्ने कानून बनाउने, निर्वाचनमा बहिरा समुदायको प्रतिनिधित्व, तथा निर्वाचनमा उम्मेदवारीको सुनिश्चित गर्ने भूमिका निर्बाह गर्नुपर्दछ । मानव अधिकार आयोग, महिला आयोग, दलित आयोग, समावेशी आयोग आदि संवैधानिक निकायहरूले बहिरामैत्री, समावेशी तथा प्रतिनिधित्व सुनिश्चित गर्ने गरी कानून, नीति, कार्यक्रम तथा सामग्री निर्माण गर्ने एवम् सोहि बमोजिम सरकारलाई सिफारिस गर्नुपर्दछ । अपाङ्गता सम्बन्धि संघ संस्था, अभिभावक र परिवारका सदस्यहरु, दोभाषे, बुद्धिजीवी, पत्रकार, शिक्षक, नागरिक समाज र गैर सरकारी संस्थाले बहिरा नागरिकहरूका सवाल, आवश्यकता, प्रतिनिधित्व, अधिकार तथा | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
| --- | --- | --- |
| | पहूँचका लागि जनचेतानमूलक कार्यक्रम, सञ्जालीकरण तथा राज्यका निकायहरूलाई दबाबमुलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।<br>**सामग्री: प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड**<br>**मूख्य विधिहरू:** प्रश्नोत्तर तथा छलफल, क्रियाकलाप (जोडा मिलाउने), प्रस्तुतीकरण र समूह कार्य<br>सत्र सञ्चालनका चरणहरू:<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:**<br>क. निर्वाचनमा बहिरा नागरिकहरूको पहूँच र सहभागीता अभिबृद्धि गर्न क(कसले सहयोग र भुमिका खेल्न सक्छन् ?<br>ख. निर्वाचनमा बहिरा नागरिकहरूको पहूँच र सहभागीता अभिबृद्धि गर्न उनीहरूको भूमिका के के हुनसक्छ ?<br>उपरोक्त प्रश्नहरूमाथि सहभागीहरूबीच छलफल गराउनुहोस् ।<br>**२. क्रियाकलाप (जोडा मिलाउने):**<br>बहिरा नागरिकहरूको निर्वाचनका हरेक प्रक्रियामा अर्थपूर्ण सहभागीताका सरोकारवालाहरूको सुची तयार पारी छुटाछुटै मेटाकार्डमा लेखी तयारी अवस्थामा राख्नुहोस् । उक्त मेटाकार्डहरू भित्तामा फरक फरक स्थानमा टाँस्नुहोस् । उपरोक्त सरोकारवालाहरूको भूमिका सूची छुटाछुटै मेटाकार्डमा तयार गर्नुहोस् ।<br>यसरी तयार पारिएको सरोकारवालाहरू भूमिका सहितको मेटाकार्ड सहभागीहरूलाईएउटा र एउटा वितरण गर्नुहोस् । सहभागीहरूलाई सम्बन्धीत सरोकारवाला र तिनको भूमिका पहिचान गरी सम्बन्धीत सरो कारवालाको तल टाँस्न लगाउनुहोस् । हरेक सहभागीलाई आफुले भूमिका टाँसी सके पश्चात् सहभागीहरू बीच छलफल गरी सहि वा गलत छुट् याउन लगाउनुहोस् । सरोकारवालाहरूको भूमिकाबारे सहभागीहरू बिच सहजकर्ताले छलफल चलाउनुहोस् ।<br>नोट स् सर्वसाधारण बहिरा समुदायलाई तालिम सञ्चालन गर्दा यो क्रियाकलाप गर्नु अझ बढी उपयुक्त हुन्छ ।<br>**३. प्रस्तुतीकरण:**<br>निर्वाचनमा बहिरा सहभागीताका लागि सरोकारवाला भनेको के हो, सरो कारवाला पक्षहरू कुन कुन हुन, बहिरा नागरिकहरूको निर्वाचनका हरेक प्रक्रियामा अर्थपूर्ण सहभागीता सुनिश्चित गर्नका लागि विभिन्न सरोकार वाला पक्षहरूको सहयोग र भूमिकातथा सरोकारवालाहरू सँगको सहकार्य र समन्वय आदि बिषयवस्तु सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् । छलफलका क्रममा उठेका सहभागीहरूका जिज्ञासा र प्रश्नहरूको उत्तर दिनुहोस् ।<br>(सन्दर्भ सामग्री: ५.२.१ राजनैतिक दल, सरकार र संसद्को भूमिका_*pp*, ५.२.२ नागरिक समाजसँग सम्बद्द संघसंस्थाहरूको भूमिका_*pp*, ५.२.३ संवै धानिक आयोगहरूको भूमिका_*pp*) | ५.२.१ राजनैतिक दल, सरकार र संसद्को भूमिका_pp<br><br>५.२.२ नागरिक समाजसँग सम्बद्द संघसंस्थाहरूको भूमिका _pp<br><br>५.२.३ संवैधानिक आयो गहरूको भूमिका_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **४. समूह छलफल:**<br>सहभागीहरूलाई रातो, पहेलो र हरियो गरी पूर्ववत् ३ समूहमा विभाजन गर्नुहोस् । निर्वाचनमा बहिरा समुदायको मूलप्रवाहीकरणमा राजनैतिक दल, सरकार र संसद्को भूमिका, नागरिक समाजसंग सम्बद्ध संघसंस्थाहरूको भूमिका, संवैधानिक आयोगहरूको भूमिकाको सम्बन्धमा समूह छलफल गर्न लगाउनुहोस् । प्रत्येक समूहको नेतालाई अगाडि आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् र छलफल गर्नुहोस् । | |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| **सत्र ६: निर्वाचनमा विवाद निरूपण** | | |
| ६.१ निर्वाचन कसुर तथा विवाद निरूपण<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१.सहभागीहरूले निर्वाचनका बखत हुन सक्ने विभिन्न कसुर वारे जानकारी पाएका हुनेछन्।<br>२.सहभागीहरूले निर्वाचन सुरक्षा, निर्वाचन विवाद निरूपण, निर्वाचन अदालत, निर्वाचन कसुर निरूपणका प्राबधानहरू बारे जानकारी प्राप्त गरेका हुनेछन् ।<br>३.मतपेटिका लगायतका निर्वाचन सामग्री, मतदाता, बुथको सुरक्षा र बचावट गर्ने तरिकाका बारेमा अवगत भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>निर्वाचनका समयमा हुनसक्ने कसुर तथा विवादहरू तथा त्यस्ता विवाद निरूपण सम्बन्धी व्यवस्थाका बारेमा बुझाईको विकास गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>निर्वाचन विभिन्न पक्षहरू जोडिएको संबेदनशील प्रक्रिया हो । निर्वाचनका क्रममा विभिन्न पक्षहरूबिच विवाद आउनसक्छ । साथै निर्वाचन सामग्री, मतदाता, निर्वाचन कर्मचारी, उम्मेदवार, मतपेटिका लगायतका सामग्रीहरूको सुरक्षाको प्रबन्ध गर्नुपर्दछ ।<br>निर्वाचन व्यवस्थापन तथा कार्य सम्पादनका सिलसिलामा व्यवस्थापकीय प्रशासकीय, फौजदारी, देवानी (क्षतिपूर्ति) तथा राजनैतिक प्रकृतिका विवाद, निर्वाचन कानूनको उल्लंघन लगायतका विवाद उत्पन्न हुनसक्छन् । निर्वाचन पूर्वको चरण, मतदान अघिको चरण, मतदानको दिन तथा मतदान पश्चात्को चरणमा विभिन्न प्रकृतिका कसुरहरू हुने गर्दछन् ।<br>निर्वाचनका क्रममा आउन सक्ने विवादहरूको समाधान गर्न एवम् समग्र निर्वाचन प्रक्रिया तथा सामग्रीको सुरक्षा तथा बचावटको सुनिश्चित गर्ने प्रक्रिया र संरचनाको प्रबन्ध गरीएको हुन्छ । निर्वाचन विवाद निरूपण संयन्त्रको रूपमा निर्वाचन आयोग नेपाल र मातहतका निरूपण निकाय तथा निर्वाचन न्यायिक संयन्त्र अदालतको व्यवस्था गरिएको छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | सामग्रीः प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रस्तुतीकरण, छलफल र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१.सामूहिक छलफल गर्नुहोस्ः** निर्वाचनका समयमा हुनसक्ने वा आफुले देखेका विवाद तथा कसुरवारे जानकारी छ भन्ने बारेमा सहभागीहरूलाई सोध्नुहोस् र छलफल गर्नुहोस् ।<br>**२. प्रस्तुतीकरणः**<br>निर्वाचन पूर्वको चरण, मतदान अधिको चरण, मतदानको दिन तथा मतदान पश्चात्को चरणमा हुने विभिन्न प्रकृतिका कसुरहरू, निर्वाचन सुरक्षा, कसुर तथा विवाद निरूपणसम्बन्धी व्यवस्था सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् ।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ६.१.१ निर्वाचन सुरक्षा, कसुर तथा विवाद निरूपण_ *pp*) | ६.१.१ निर्वाचन सुरक्षा, कसुर तथा विवाद निरूपण_pp |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| ६.२ निर्वाचनमा बहिराहरूको बचावट र सुरक्षा<br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>सहभागीहरूले निर्वाचन पूर्वको चरण, मतदान अधिको चरण, मतदानको दिन तथा मतदान पश्चात्को बहिरा नागरिकहरूको बचावट र सुरक्षाका चुनौती, सुचनाको प्रवाह तथा सुरक्षाका उपाय तथा प्रबन्धहरूबारे जानकारी हासिल गरेका हुनेछन् ।<br>**सिकाईको उद्देश्यः**<br>निर्वाचन पूर्वको चरण, मतदान अधिको चरण, मतदानको दिन तथा मतदान पश्चात्को प्रक्रियामा हुनसक्ने सम्भाव्य खतराहरूको परिचय गराउदै यसबाट बहिराहरूको बचावट र सुरक्षाका लागि गर्नुपर्ने उपायहरू बारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>निर्वाचनका क्रममा प्रतिस्पर्धी पक्षहरूबीच आपसी विवाद, झैझगडाका कारण मतदाताहरू जोखिममा पर्न सक्छन् । सुचनामा पहूँचमा अवरोध तथा सञ्चार अवरोधका कारण बहिरा नागरिकहरू बढी जोखिममा पर्न सक्छन् । त्यसैले बहिरा मतदाताहरूको सुरक्षा तथा वचावटको उपायहरु अवलम्बन गर्नुपदछ । निर्वाचनका समयमा हुन सक्ने सम्भावित जोखिम र खतराबाट सुरक्षा प्रदान गर्ने र सूचना प्रवाहको प्रबन्ध गर्नुपर्दछ ।<br>सामग्रीः प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रश्नोत्तर र छलफल, भूमिका प्रदर्शन, प्रस्तुतीकरण र समूह कार्य | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सत्र सञ्चालनका चरणहरू:**<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्:**<br>क. सहभागीहरूलाई के तपाई ंनिर्वाचनको कुनै विवाद, झैझगडामा पर्नुभएको छ ?<br>ख. निर्वाचनमा बहिरा नागरिकहरूको वचावट र सुरक्षाका चुनौतीहरू के के हुन् ?<br>ग. निर्वाचनमा बहिरा नागरिकहरूको वचावट र सुरक्षा कसरी गर्न सकिन्छ?<br>त्यस्तो विवाद तथा झैझगडामा परेका सहभागीहरूलाई हरियो र नपरे कोलाई रातो मेटाकार्ड पालैपालो उठाउन लगाउनुहोस् । दुवैथरी सहभागीहरूको सङ्ख्या सङ्कलन गर्नुहोस् । ३/४ जना सहभागीहरूलाई आफुले भोगेको त्यस्तो विवादबारे बताउन लगाउनुहोस् । त्यस्तो अवस्थामा के कस्ता सुरक्षाका उपायहरू अपनाईएको थियो बताउन लगाउनुहोस् । बहिरा समुदायका लागि निर्वाचनका समयमा सम्भावित असुरक्षाका क्षेत्रहरू र बचावटका उपायबारे सोध्नुहोस्र सहभागीहरूबीच छलफल गर्नुहोस् ।<br>**२. प्रस्तुतीकरण:**<br>निर्वाचनमा बहिराहरू माथि हुन सक्ने सम्भावत जोखिम, बचावट र सुरक्षा तथा संचारको व्यवस्था सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस्।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्री: ६.२.१ सनिर्वाचनमा बहिराहरूको बचावट र सुरक्षा सम्बन्धी सूचना_*pp*)<br>**३. भूमिका प्रदर्शन:**<br>एउटा असुरक्षित अवस्थाको बारेमा उपलब्ध सामग्रीहरूको प्रयोग गरी कार्यक्रम स्थलमा टेलिभिजनको सेटको निर्माण गर्नुहोस् । बोल्न सक्ने सहभागीलाई बोलेर खतराको सूचनाबारे बताउनुहोस्, पढ्न लगाउनुहोस् । साथमा टेलिभिजन सेटमा आयोगको निर्वाचन सुरक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना भनेर मेटाकार्डमा लेखेर टाँस्नुहोस् । कार्यक्रम स्थलमा जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, राजनैतिक दलको कार्यालय, बहिरा महासंघको (जिल्ला बहिरासंघ) कार्यालय बनाई १/१ जना सहभागीहरूलाई उपरोक्त कार्यालयका कर्मचारी अभिनय गर्न लगाउनुहोस् । अस्पताल लगायत सुरक्षित स्थलको पहिचान तथा सेवाबारे बताउनुहोस् । | ६.२ .१ निर्वाचनमा बहिराहरूको बचावट र सुरक्षा_pp |
| ६.३ बहिरा मैत्री आचारसंहिता र निर्वाचन अनुगमन तथा पर्यवेक्षण<br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१.निर्वाचन आचारसंहिता, अनुगमन तथा पर्यवेक्षणको आवश्यकताका बारेमा बुझाई बिकास भएको हुनेछ ।<br>२.निर्वाचन पर्यवेक्षण तथा सुरक्षाको महत्व र प्रबन्ध बारे जानकारी भएको हुनेछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | ३.निर्वाचन अनुगमन तथा पर्यवेक्षणमा बहिरा समुदायको सहभागीता, निर्वाचन प्रक्रिया तथा निर्वाचन अनुगमन तथा पर्यवेक्षणका सवालहरू समेत बहिरामैत्री भए नभएको तथा बहिरामैत्री बनाउन अवलम्बन गर्नुपर्ने प्रबन्धहरूका बारेमा सहभागीहरूलाई अवगत भएको हुनेछ ।<br>**सिकाईको उद्धेश्य:**<br>निर्वाचन अनुगमन तथा पर्यवेक्षणमा बहिरा समुदायको सहभागीता एवम् निर्वाचन बहिरामैत्री भए नभएको तथा बहिरामैत्री बनाउन अवलम्बन गर्नुपने ( एवम् बहिरामैत्री निर्वाचन आचारसंहिता र निर्वाचन अनुगमन तथा पर्यवेक्षणबारे जानकारी गराउने ।<br>**तालिम सत्रको मूख्य विषयवस्तु:**<br>निर्वाचन विधिसम्मत् तरिकाले सञ्चालन हुने प्रक्रिया हो । निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित र कुनै पनि पक्षप्रति बिना पुर्वाग्रह सम्पन्न गरिनु पर्दछ । निष्पक्ष, स्वतन्त्र र विश्वसनीय रूपमा निर्वाचन सम्पन्न गर्न निर्वाचन आयोगले राजनैतिक दलहरू समेतको सहभागीतामा निर्वाचनका समयमा गर्न हुने तथा नहुने क्रियाकलापहरू समेटेर निर्वाचन आचारसंहिता निर्माण गरी जारी गर्दछ ।<br>नेपाल सरकार र मन्त्रीपरिषद्, प्रदेश तथा स्थानीय तह, सार्वजनिक संस्थाका कार्यालय तथा कर्मचारी, सरकारी तथा गैरसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, सुरक्षा निकाय र कार्यरत सुरक्षाकर्मी, निर्वाचन काममा संलग्न कर्मचारी, राजनैतिक दल र भातृ सङ्गठन, उम्मेदवार र सम्वन्धित व्यक्ति, सार्वजनिक पद धारण गरेको व्यक्ति, पर्यवेक्षक, सरकारी र नीजि सञ्चार माध्यम, नीजि र गैरसरकारी संस्था, आयोगले तोकेका अन्य निकाय वा व्यक्ति तथा नेपाल सरकारको अनुदानमा सञ्चालित विश्वविद्यालय, सामुदायिक विद्यालयका शिक्षक र कर्मचारीलाई निर्वाचन आचारसंहिता लागु हुन्छ । मतदान पूर्व, मतदानका अवधिभर तथा मतदान पश्चात्को अवधिमा निर्वाचन आचारसंहिता लागु हुन्छ ।<br>यसरी निर्माण गरी एको आचारसंहिता एवम् निर्वाचन ऐन कानूनको परिपालना भए नभएको, निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा सम्पन्न भएको सुनिश्चित गर्न निर्वाचन आयोगले अनुगमन तथा पर्यवेक्षणको व्यवस्था गरेको हुन्छ र विभिन्न स्वदेशी तथा बिदेशी संघ संस्थाहरूलाई अनुगमन तथा पर्यवेक्षणको स्वीकृति प्रदान गर्दछ ।<br>निर्वाचन अनुगमन तथा पर्यवेक्षणमा बहिरा समुदायको सहभागीताको शुरूवात भएको छ । २०७४ सालको स्थानीय, प्रदेश तथा संघको निर्वाचनमा बहिरा सिताराम ओझाले निर्वाचनमा अनुगमन तथा पर्यवेक्षण गरेका थिए । निर्वाचन अनुगमन तथा पर्यवेक्षणमा बहिरा समुदायको सहभागीता एवम् निर्वाचन बहिरामैत्री भए नभएको तथा बहिरामैत्री बनाउन प्रबन्धहरू गर्नुपर्दछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सामग्री**: प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर र छलफल, प्रस्तुतीकरण, प्रतिक्रिया<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्**:<br>क. निर्वाचनको समयमा के के क्रियाकलाप गर्न हुन्छ ?<br>ख. निर्वाचनको समयमा के के क्रियाकलाप गर्न हुँदैन ?<br>ग. निर्वाचन अनुगमन र पर्यवेक्षण भनेको के हो ?<br>घ. निर्वाचनमा अनुगमन र पर्यवेक्षण किन गर्नुपर्दछ ?<br>ङ. सहभागीहरूसँग निर्वाचनमा अनुगमन तथा पर्यवेक्षण गरेको अनुभव छ कि छैन ?<br>उक्त प्रश्नहरु माथी सहभागीहरूसँग छलफल अघि बढाउनुहोस् ।<br>२.निर्वाचनमा अनुगमन तथा पर्यवेक्षण गरेको अनुभव छ भन्ने २/३ जना सहभागीलाई आफ्नो अनुभव बताउन लगाउनुहोस् ।<br>**२.प्रस्तुतीकरण गर्नुहोस**:<br>निर्वाचन आचारसंहिता, निर्वाचन आचार संहिता पालना गर्नुपर्ने निकायहरू तथा निर्वाचन पर्यबेक्षण र अनुगमन सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् । सहभागीहरूको जिज्ञासाहरूमाथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ६.३.१ निर्वाचन आचारसंहिता, पर्यबेक्षण र अनुगमन_*pp*)<br>**४.भिडियो प्रदर्शन**:<br>यस भिडियोमा प्रतिनिधि सभाको निर्वाचन २०७४को अनुगमन गर्ने अवसर प्राप्त गरेको भोजपुर बहिरा संघका अध्यक्ष सिताराम ओझाको निर्वाचन अनुगमनको अनुभव राखीएको छ निर्वाचन अनुगमन गर्दा निर्वाचन बहिरामैत्री छ की छैन, बहिरा मतदाताहरूले आवश्यक सहयोग प्राप्त गरेका छन् कि छैनन् । अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्टै लाइनको व्यवस्था गरिएको छकीछैन, सञ्चारमा सहजता भएकोछ कि छैन र निर्वाचन केन्द्र सम्बन्धी जानकारी बहिरा नागरिकहरूले समेत बुझिने भाषामा छ कि छैन आदि विषयवस्तु समेटि अनुगमन प्रतिवेदन प्रस्तुत गर्न सकिएमा बहिरा मैत्री निर्वाचनमा थप टेवा पुग्ने थियो भन्ने सम्बन्धमा भिडियो साङ्केतिक भाषामा विचार राखिएको छ ।<br>(सन्दर्भ सामग्रीः ६.३.२ पर्यवेक्षण अनुभब साङ्केतिक भाषामा_*vi*) | ६.३.१ निर्वाचन आचार संहिता, पर्यबेक्षण र अनुगमन_pp<br><br>६.३.२ पर्यवेक्षण अनुभब साङ्केतिक भाषामा_pp |
| ६.४दैनिक सिकाई मूल्याङ्कन<br><br>३० मिनेट | **सिकाई उपलब्धि**:<br>दोश्रो दिनको तालिम सत्रबाट सहभागीको सिकाई उपलब्धिबारे जानकारी भएको हुनेछ ।<br>**उद्देश्य**: दोश्रो दिनको तालिम सत्रहरूमा सहभागीहरूको सिकाई अवस्थाको मूल्याङ्कन गर्ने, तालिममा सुधार गर्नु पक्षहरूबारे पक्षपोषण लिने । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सामग्रीः दैनिक सिकाई मूल्याङ्कन प्रश्नावली ।**<br>**मूख्य विधिहरूः**<br>१.दैनिक सिकाई मूल्याङ्कनः तालिमको दोश्रो दिनको सिकाई उपलब्धि मूल्याङ्कन प्रश्नावाली सम्पूर्ण सहभागीहरूलाई वितरण गर्नुहोस् । १५ मिनेटको समय दिएर उत्तर लेख्न लगाउनुहोस् । सहभागीहरूलाई बुझ्न कठिन भएका प्रश्नहरू बुझाउनका लागि सहजकर्ता आफैले वा दोभाषे मार्फत सहयोग गर्नुहोस् र सहभागीहरूले उत्तर लेखिसकेपछि प्रश्नावालीहरू सङ्कलन गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ६.४.१ दैनिक सिकाई मूल्याङ्कन प्रश्नावली_*doc*)<br>(नोटः सबै सहभागीहरूले भरेको दैनिक सिकाई मूल्याङ्कन प्रश्नावलीहरूको उत्तर महत्वपूर्ण हुने भएकाले यसलाई सहजकर्ताले अध्ययन गरी सहभागीहरूका सिकाई अवस्था पत्ता लगाई सोही अनुसार का विषयवस्तुहरू तालिम कार्यक्रममा समावेश गर्नुपर्दछ ।) | ६.४.१ दैनिक सिकाई मूल्याङ्कन प्रश्नावल_ doc |
| | **दोश्रो दिनको समाप्ति** | |
| | **तेश्रो दिन** | |
| दोश्रो दिनको पुनरावलोकन<br><br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>सहभागीहरूले दोश्रो दिनमा सिकेका मुख्यमुख्य विषय वस्तुबारे संक्षेपमा पुनरावलोकन गरेका हुनेछन् ।<br>**मुख्य विषयवस्तुः**<br>दोश्रो दिनको तालिममा सञ्चालित सत्र तथा विषयवस्तु, हासिल सिकाई, तालिमका राम्रा तथा सुधार गर्नु पर्ने पक्षहरूबारे प्रतिवेदनको प्रस्तुतीकरण र सहभागीहरूबीच छलफल गर्ने ।<br>**मूख्य विधिहरूः प्रस्तुतीकरण र छलफल**<br>**सत्र सञ्चालनका चरणहरूः**<br>१.प्रतिवेदन लेखनको जिम्मेवारी पाएको रातो रङ्को समूहको प्रतिनिधिलाई अगाडि आएर समूहमा छलफल गरेर तयार पारिएको प्रतिवेदन प्रस्तुत गर्न लगाउनुहोस् ।<br>२.प्रस्तुत प्रतिवेदनमा छलफल गर्न लगाई छुटेका कुरा थप गर्न लगाउनुहोस् ।<br>३.प्रतिवेदन माथि सहभागीहरू बिच छलफल गर्न लगाउने, अघिल्लो दिन सिकेको सबभन्दा महत्वपूर्ण सिकाई, तालिमका राम्रा तथा मनपरेका तथा सुधार गर्नुपर्ने र चित्त नबुझेका बिषयहरू, स्रोत सामग्री, प्रस्तुतीकरण विधि आदिबारे सहभागीहरूलाई आफ्नो धारणा व्यक्त गर्न लगाउनुहोस् ।<br>४. प्रस्तुत प्रतिवेदनमा छलफल गर्न लगाई छुटेका कुरा थप गर्न लगाउनुहोस् ।<br>५.तेश्रो दिनको प्रतिवेदन, मर्यादापालक तथा मनोरञ्जनको जिम्मेवारी हेर फेर गर्नुहोस् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सत्र ७ : समावेशी निवार्चन प्रक्रिया** | |
| ७.१ निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम<br>(राष्ट्रिय तथा अन्र्तराष्ट्रिय अभ्यास) र बहिराका सवालहरु<br><br>४० मिनेट | **सिकाई उपलब्धि:**<br>१. निर्वाचन तथा मतदाता शिक्षाका आवश्यकता, महत्व, पहूँच तथा सवालहरूबारे सहभागीहरूको बुझाई विकास भएको हुनेछ ।<br>२. बिगतमा निर्वाचन आयोग, निर्वाचन सहयोग परियोजना र बहिरा महासंघले सञ्चालन गरेका बहिरा मैत्री कार्यक्रमहरूको बारेमा अवगत भएको हुनेछ ।<br>३. बहिरामैत्री निर्वाचनका लागि आवश्यक कार्यक्रम, सामग्रीतथा स्रोत व्यवस्थापन गर्ने तरिका थाहा पाएका हुनेछन् ।<br>४. सहभागीहरूले मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रक्रिया, स्थान तथा आवश्यक कागजपत्रबारे जानकारी पाएका हुनेछन् ।<br>**सिकाईको उद्देश्य:**<br>बहिरामैत्री निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम तथा बहिराका सवालहरूबारे बुझाई विकास गराउने ।<br>**तालिम सत्रको मूख्य विषय वस्तु:**<br>निर्वाचन, मतदाता तथा नागरिक शिक्षा सबै क्षेत्र, वर्ग र समुदायका मतदाता तथा भावी मतदाताहरूलाई सचेतना अभिबृद्धि गराउने निरन्तर सञ्चालन हुने कार्यक्रम हो । निर्वाचन आयोग एवम् अन्य निकायहरूले सञ्चालन गर्ने गरेका निर्वाचन, मतदाता तथा नागरिक शिक्षा कार्यक्रम बहिरामैत्री, उपयुक्त, सहज तथा पहूँचयुक्त हुनु आवश्यक छ ।<br>बहिरा समुदायका प्रतिनिधिमूलक संस्थाहरूको परामर्श र सहकार्यमा पर्याप्त मात्रामा पहूँचयुक्त निर्वाचन, मतदाता तथा नागरिक शिक्षा तथा सामग्री र सुचनाहरूको निर्माण गर्नुपर्दछ । बहिरा महासंघले निर्वाचन आयोग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र निर्वाचन सहायता परियो जनाको सहकार्यमा २०७० सालको संविधानसभा देखि केन्द्र र जिल्लामा बहिरामैत्री तालिम कार्यक्रम, बहिरामैत्री सामग्री जस्तो पोस्टर तथा टेलिभिजनमा साङ्केतिक भाषामा सुचना सामग्री निर्माणको शुरूवात् गरेको थियो । २०७४ सालको स्थानीय, प्रदेश तथा संघीय निर्वाचनका समयमा समेत केन्द्र र जिल्लामा बहिरामैत्री तालिम कार्यक्रमको सञ्चालन गरिएको थियो । मतदाता नामावलीमा नाम दर्ता सम्बन्धी सुचना साङ्केतिक भाषामा टेलीभिजन तथा सामाजिक सञ्जालमा समेत राख्ने, मतदाता नामावली दर्ता गर्ने स्थानमा दोभाषेको व्यवस्था गर्ने, निर्वाचन प्रक्रिया, उम्मेदवारी दर्ता सम्बन्धी सूचना, राजनैतिक दलहरूका घोषणापत्र तथा कार्यक्रमहरू, निर्वाचन, मतदान, निर्वाचन गतिबिधि र निर्वाचन गणना र परिणाम सम्बन्धी सूचनाहरू साङ्केतिक भाषामा बनाएर बहिरा नागरिकहरू समक्ष पुऱ्याउनुपर्दछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरूः** प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. सहभागीहरूलाई प्रश्न सोध्नुहोस् र छलफल गर्नुहोस्ः**<br>क. निर्वाचन, मतदाता तथा नागरिक शिक्षा भनेको के हो ?<br>ख. मतदाता शिक्षा र नागरिक शिक्षामा के फरक छ ?<br>ग. यस अघि मतदाता तथा नागरिक शिक्षा कार्यक्रममा सहभागी हुनुभएको छ ?<br>मतदाता तथा नागरिक शिक्षा कार्यक्रममा सहभागी भएको सहभागीहरूलाई हरियो रङ्को मेटाकार्ड, सहभागी नभएकोलाई रातो रङ्को मेटाकार्ड उठाउन लगाउनुहोस् । सहभागी भएकाहरू मध्येबाट २/३ जनालाइ आफ्नो अनुभव बताउन लगाउनुहोस् ।<br>**२. प्रस्तुतीकरणः**<br>सबै क्षेत्र, वर्ग र समुदायका मतदाता तथा भावी मतदाताहरूलाई सचेतना अभिबृद्धि गराउने निर्वाचन, मतदाता तथा नागरिक शिक्षाका सम्बन्धमा प्रस्तुती गर्नुहोस् । सहभागीहरूसँग निर्वाचन तथा मतदाता कार्यक्रममा सहभागीता तथा पहूँचयुक्त भए नभएको बारेमा सहभागीहरूसँग छलफल गर्नुहोस् ।<br>सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरूमाथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ७.१.१ निर्वाचन,मतदाता तथा नागरीक शिक्षा कार्यक्रम_pp )<br>**३. समूहगत छलफलः**<br>बहिरा महासंघले निर्वाचन आयोग र संयुक्त राष्ट्रसंघीय बिकास कार्यक्रम र निर्वाचन सहयोग परियोजनाको सहकार्यमा सञ्चालन गरेका बहिरामैत्री निर्वाचन शिक्षा तालिम कार्यक्रम र निर्माण गरेको बहिरामैत्री सूचना सामग्री र भिडियो बारेमा जानकारी छ ? भनी जिज्ञासा राख्नुहोस् । जानकारी भएको सहभागीलाई हरियो रङ्को मेटाकार्ड, जानकारी नभएको सहभागीलाई रातो रङ्को मेटाकार्ड उठाउन लगाउनुहोस् । जानकारी भएका सहभागीहरूलाई के कस्तो निर्वाचन सामग्री सम्बन्धी जानकारी छ भनेर सहजकार्ताले सोध्नुहोस् । यथास्थानवाट आफूलाइ जानकारी भएको सामग्री बारे बताउन लगाउनुहोस् । ती सामग्रीहरूले निर्वाचनमा सहभागी हुनका लागि के सहयोग गरे कि गरेनन् ? के, कसरी सहयोग गरे भन्ने आफ्नो अनुभव बताउन लगाउनुहोस् । | ७.१.१ निर्वाचन मतदाता तथा नागरिक शिक्षा कार्यक्रम_pp |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **४. प्रस्तुतीकरण गर्नुहोस्:**<br>बहिरा मैत्री निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सम्बन्धी प्रस्तुतीकरण गरी सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरू माथि छलफल गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ७.१.२ बहिरामैत्री निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम_*pp*)<br>**छलफल:** बहिरा महासंघले निर्वाचन आयोग, निर्वाचन सहायता परि योजनाको सहयोगमा विगतमा सञ्चालन गरेका बहिरा समुदाय लक्षित निर्वाचन कार्यक्रम तथा निर्वाचन सामग्री र सूचनाहरूको प्रस्तुतीकरण गर्नुहोस । सहभागीहरू बीच पहिले जानकारी भए नभएको बारेमा सो ध्नुहोस् । उक्त कार्यक्रमहरूले पारेको प्रभाववारे बताउन लगाउनुहोस । थप प्रभावकारी बनाउनका लागि के गर्न सकिन्छ सुझाव माग्नुहोस् । उपलब्ध सुझाव टिपोट गर्नुहोस् ।<br>**भिडियो प्रदर्शन:** अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँचयुक्त जानकारी, मतदाता शिक्षा साङ्केतिक भाषा सूचना राष्ट्रिय निर्वाचन र मतदाता शिक्षा साङ्केतिक भाषा सूचना स्थानीय निर्वाचन सम्बन्धी भिडियो प्रदर्शन गरी सहभागीको जिज्ञासा सम्वोधन गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीहरुः ७.१.३ अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँच युक्त जानकारी भिडियो_*vi*, ७.१.४ मतदाता शिक्षा संकेतिक भाषा सूचना स्थानीय निर्वाचनसम्बन्धी_*vi*, ७.१.५ साङ्केतिक भाषामा निर्वाचन सुचना_*vi*, ७.१.६ अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँचयुक्त जानकारी भिडियो भारत_*vi*, ७.१.७ बहिराहरूलाई मतदान गर्ने तरिका बारे भिडियो_*vi* र ७.१.८ निर्वाचन कार्यक्रममा दोभाषे प्रयोगसम्बन्धी अनुभव भिडियो_*vi*) | ७.१.२ बहिरा मैत्री निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम_pp<br>७.१.३ अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँचयुक्त जानकारी भिडियो_vi<br>७.१.४ मतदाता शिक्षा साङ्केतिक भाषा सूचना<br>७.१.५ साङ्केतिक भाषामा निर्वाचन सुचना_vi<br>७.१.६ अपाङ्गता भएका व्यक्तिहरूलाई पहूँच युक्त जानकारी भिडियो भारत_vi<br>७.१.७ बहिराहरूलाई मतदान गर्ने तरिकाबारे भिडियो_vi<br>७.१.८ निर्वाचन कार्यक्रममा दोभाषे प्रयोगसम्बन्धी अनुभव भिडियो_vi |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| ७.२ बहिरामैत्री निर्वाचनका लागि सूचना, सञ्चार र प्रविधि<br>४५ मिनेट | **सिकाई उपलब्धि:**<br>बहिरामैत्री निर्वाचनका लागि सूचना, सञ्चार र प्रविधिको उपयोग बारे जानकारी प्राप्त भएको हुनेछ ।<br>**सिकाईको उद्धेश्य:**<br>निर्वाचन प्रणालीका विभिन्न पक्षलाई बहिरामैत्री बनाउनका लागि सूचना, सञ्चार र प्रविधिको प्रयोगबारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषय वस्तु:**<br>बहिरामैत्री निर्वाचनका लागि सूचना प्रवाह, सञ्चारको व्यवस्थापन र आधुनिक प्रविधिको उपयोगको महत्वपूर्ण भूमिका रहन्छ । सामाजिक सञ्जाल र एसएमएस मार्फत बहिरा नागरिकहरूलाई मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको अनुभव बहिरा महासंघसँग छ । वेबसाइट तथा टेलिभिजनबाट निर्वाचन सम्बन्धी सुचनाहरू साङ्केतिक भाषामा सम्प्रेषण गरिएका अनुभवहरू विश्वमा प्रशस्तै छन् । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रश्नोत्तर तथा छलफल, प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. प्रश्नोत्तर तथा समूह छलफल**:<br>सहभागीहरूलाई रातो, पहेलो र हरियो गरी पूर्ववत ३ समूहमा विभाजन गर्नुहोस् ।<br>क.बहिरामैत्री रूपले सूचना प्रवाह गर्नका लागि के कस्तो आधुनिक सञ्चार तथा प्रविधिको व्यवस्था गर्नुपर्दछ ?<br>उक्त प्रश्नमाथि तीन समूहमा छलफल गर्न लगाउनुहोस् । प्रत्येक समूह नेतालाई आगाडी आएर प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।<br>**२. प्रस्तुतीकरण**:<br>विभिन्न नमूना सहित निर्वाचन प्रणालीका विभिन्न पक्षलाई बहिरामैत्री बनाउनका लागि सूचना, सञ्चार र प्रविधिको प्रयोगबारे जानकारी गराउन प्रस्तुती गर्नुहोस् र सहभागीहरूको जिज्ञासाको उत्तर दिनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ७.२.१ बहिरामैत्री निर्वाचनका लागि सूचना, सञ्चार र प्रविधिको उपयोग_pp) | ७.२.१ बहिरा मैत्री निर्वाचनका लागि सूचना, सञ्चार र प्रविधिको उपयोग_pp |
| ७.३ उम्मेदवारी दर्ता तथा प्रचारप्रसार (घोषणापत्र, पोष्टर निर्माण सहित)<br><br>३० मिनेट | **सिकाई उपलब्धि**:<br>१.सहभागीहरूलाइ निर्वाचन सामग्री जस्तो मतदाता सूची, मतपत्र, परिचय-पत्र र अन्य सामग्रीहरु (स्वस्तिक छाप, उम्मेदवारी फारम, दावी बिरोध फारम) आदिका बारेमा अवगत भएको हुनेछ ।<br>२.सहभागीहरूले बहिरामैत्री (साङ्केतिक भाषामा) सुचना सम्प्रेषण, निर्वाचन सामग्री निर्माण, राजनैतिक दलहरूको निर्वाचन सामग्री , घोषणापत्र, पोस्टर तथा कार्यक्रम वहिरामैत्री बनाउने उपायहरूबारे जानकारी पाएका हुनेछन् ।<br>३.सहभागीहरूले उम्मेदवारी दर्ता र प्रचारप्रसार कलाबारे थाहा पाएका हुनेछन् ।<br>**सिकाईको उद्धेश्य**:<br>साङ्केतिक भाषामा बहिरामैत्री निर्वाचन सामग्री (भिडियो, घोषणापत्र, पोस्टर, आदि) बारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>आवधिक रूपमा सञ्चालन गरिएका निर्वाचनसम्बन्धी कार्यक्रम, सूचना तथा सामग्री अझै पनि बहिरा अपाङ्गता भएका समुदायको पहूँचयुक्त र पर्याप्त हुनसकेका छैनन् । निर्वाचनमा बहिरा समुदायको अर्थपूर्ण सहभागीताको लागि भएका कार्यक्रम, सुचना र सामग्रीहरूको प्रभावकारिता, पहूँचयुक्तता र पर्याप्तताको समीक्षा गरेर अगामी दिनमा थप बहिरामैत्री र पहूँचयुक्त कार्यक्रम तथा सूचना र निर्वाचन घोषणापत्र लगायतका सामग्रीहरूको निर्माण गर्नुपर्दछ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरू**:<br>१. सहभागीहरूलाई तलका प्रश्नहरू १/१ गरी सोध्नुहोस् र मत माग्नुहोस् । तलका प्रश्नमा सकारात्मक उत्तर दिने सहभागीहरूलाई हरियो र नकारात्मक उत्तर दिने सहभागीहरूलाई रातो रङ्को मेटाकार्ड उठाउन लगाउनुहोस् । सहभागीहरूको निर्वाचनमा सहभागीताका बारेमा समिक्षा गर्नुहोस् ।<br>क. निर्वाचनका समयमा तपाईसँग उम्मेदवारहरूले मत माग्न आएका थिए?<br>ख. मतमाग्न आएका थिए भने तपाईसँग कसरी सञ्चार गरे ?<br>ग. तपाइले कुनै दल वा उम्मेदवारको घोषणा पत्रका बारेमा जानकारी राख्नुहुन्छ?<br>**२. प्रस्तुतीकरण**:<br>आवधिक रूपमा सञ्चालन गरेका निर्वाचन सम्बन्धी कार्यक्रम, सामग्री तथा सूचना अझै पनि बहिरा अपाङ्गता भएका समुदाय मैत्री, पहूँचयुक्त र सहज हुन् सकेका छैनन् । निर्वाचनमा बहिरा समुदायको अर्थपूर्ण सहभागीताको लागि भएका कार्यक्रम, सूचना र सामग्रीहरू तथा थप पहूँचयुक्त कार्यक्रम तथा सामग्रीहरूको आवश्यकता सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ७.३.१ निर्वाचन घोषणा पत्रको प्रारुप_*pp*, ७.३.२ चुनावको पोस्टर र निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी पोस्टर_*pp*)<br>**३.समूह छलफल**: सहभागीहरूलाई तलका प्रश्नहरू १/१ गरी सोध्नुहोस् र मत माग्नुहोस् । तलका प्रश्नमा सकारात्मक उत्तर दिने सहभागीहरूलाई हरियो र नकारात्मक उत्तर दिने सहभागीहरूलाई रातो रङ्को मेटाकार्ड उठाउन लगाउनुहोस् । सहभागीहरूको निर्वाचनमा सहभागीताका बारेमा समिक्षा गर्नुहोस् ।<br>क. के कस्ता निर्वाचन सामग्रीहरूबाट निर्वाचनबारे सुचना प्राप्त गर्नु भयो ?<br>ख. के ती सामग्रीहरू तपाईले बुझ्ने खालका थिए ?<br>**४. भिडीयो प्रस्तुतीकरण**: अन्तर्राष्ट्रिय रुपमा बहिरामैत्री निर्वाचन प्रचार प्रसार गर्ने तरिकाबारे भिडियो प्रस्तुतीकरण गर्नुहोस् ।<br>**सहभागीहरूको जिज्ञासा तथा प्रश्नहरुमाथि छलफल गर्नुहोस् ।**<br>(सन्दर्भ सामग्रीः ७.३.४ नरेन्द्र मोदीको अपील_*vi*)<br>भारतीय जनतापार्टी द्वारा निर्मित बहिरामैत्री चुनावी प्रचार प्रसार अभियान भिडियोमा नरेन्द्र मोदीले भारतमा २०१४मा सम्पन्न लोकसभा निर्वाचनका समयमा आम मतदाताहरूलाई मतदान गर्न आवहान गरेका छन् । | ७.३.१ निर्वाचन घोषणा पत्र_pp<br><br>७.३.२ चुनावको पोस्टर र निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी पोस्टर_pp<br><br>७.३.४ नरेन्द्र मोदी अपील भिडियो_vi |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | (सन्दर्भ सामग्रीः ७.३.३ ग्रिन पार्टी निर्वाचन प्रचार शैली_*vi*)<br>भिडियोमा स्कटल्याण्डमा रहेको ग्रिनपार्टीले आफ्नो घोषणापत्रमा समावेश गरेका कार्यक्रमहरूको जानकारी दिदै आफ्नो पार्टीलाई सहि तरिकाले मतदिने सम्बन्धमा बहिरामैत्री तरिकाले सूचना प्रदान गरिएको छ । | ७.३.३ ग्रिन पार्टी निर्वाचन प्रचार भिडीयो_vi |
| १ घण्टा | **खाना ब्रेक** | |
| ७.५ बहिरा मैत्री नमूना मतदान<br><br>२ घण्टा | **सिकाई उपलब्धिः**<br>सहभागीहरू मतदानका लागि गर्नुपर्ने तयारी तथा मतदानका तरिकाका बारेमा अवगत भएका हुनेछन् ।<br>**सिकाईको उद्देश्यः**<br>मतदानका विविध पक्षहरूमा बहिरामैत्री अभ्यास बारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>मतदानको प्रयोगात्मक अभ्यास<br>**सामग्रीः** मतपत्र, मतदाता सूची, मतपेटिका आदि ।<br>**मूख्य विधिहरूः** समूह कार्य र मतदान तथा मतगणना<br>**सत्र सञ्चालनका चरणहरूः**<br>१. नमूना मतदान स्थल निर्माण गर्नुहोस् र आवश्यक सामग्रीहरूको व्यवस्था गर्नुहोस् ।<br>२. जिम्मेवारी विभाजन गरिए अनुसार सहभागीहरूलाई आ–आफ्नो जिम्मेवारी अनुसार सामग्री जिम्मा लगाई आफ्नो स्थानमा तोकिएको जिम्मेवारी बहन गर्न लगाउनुहोस् ।<br>३. खाली मतपेटिका उम्मेदवारका प्रतिनिधिलाई देखाएर रोहवरमा सिलबन्दी गर्नुहोस् । नमुना मतदान शुरू गराउनुहोस् ।<br>४. मतदान सम्पन्न भएपछि दलका प्रतिनिधिहरूको रोहवरमा मतपेटिका सिलबन्दी गरेर सुरक्षित साथ मतगणना केन्द्रमा लैजान लगाउनुहोस् ।<br>५. मतगणना सम्बन्धी प्रक्रिया तय गरी मतगणना गर्न लगाउनुहोस् । मतगणना सम्पन्न भएपछी मतपरिणाम घोषणा गर्न लगाउनुहोस् । विजयी उम्मेदवारलाई प्रमाण-पत्र वितरण गर्न लगाउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ७.५.१ नमुना मतपत्र_*doc*, ७.५.२ मतदाता परिचय-पत्र_*doc*, ७.५.३ मतदान केन्द्रको कर्मचारी ट्याग_*doc*, ७.५.४ मतदान केन्द्रमा आवश्यक कर्मचारी र परिचय ट्याग_*doc*, ७.५.५ महिला, पुरूष तथ्याङ्क फारम_*doc*, ७.५.६ नमुना मतदान आवश्यक सामग्री_*doc*, ७.५.७ मतदान केन्द्र भित्रका सङ्केत_*doc*, ७.५.८ मतदाता नामावली_*doc*, ७.५.९.मतगणना फारम_*doc*) | ७.५.१ नमुना मतपत्र_doc<br>७.५.२ मतदाता परिचय-पत्र_doc<br>७.५.३ मतदान केन्द्रको कर्मचारी ट्याग_doc<br>७.५.४ मतदान केन्द्रमा आवश्यक कर्मचारी र परिचय ट्याग_doc<br>७.५.५ महिला पुरूष तथ्याङ्क फारम_doc<br>७.५.६ नमुना मतदान आवश्यक सामग्री _doc<br>७.५.७ मतदान केन्द्र भित्रका सङ्केत _doc<br>७.५.८ मतदाता नामावली_doc<br>७.५.९ मतगणना फारम_doc |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| ७.६ नमूना मतदानको समीक्षा तथा सुझाव<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>नमूना मतदानका क्रममा भएका सिकाई, अनुभव तथा कमिकमजोरी र सुधार गर्नु पर्ने पक्षहरूका सम्बन्धमा बुझाई बिकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>नमुना मतदानको समीक्षा गर्दै यसमा ध्यान दिनुपर्ने र बहिरामैत्री बनाउन सुधार गर्नुपर्ने पक्षहरू बारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>नमूना मतदान क्रियाकलापको सिकाई, अनुभव तथा कमीकमजोरी र सुधार गर्नुपर्ने पक्ष<br>**सामग्री:** ल्यापटप, प्रोजेक्टप, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू: समीक्षा र समूह छलफल**<br>**सत्र सञ्चालनका चरणहरू:**<br>१.दुई जना महिला र दुई जना पुरूषलाई प्यानल छलफलमा नमुना मतदान प्रक्रियामा विभिन्न भूमिका निर्वाह गर्दा भएको सिकाई, अनुभव, र ाम्रा तथा सुधार गर्नु पर्ने पक्षका बिषयमा बोल्न लगाउनुहोस्।<br>२.इच्छुक सहभागीहरूलाई आफुलाई लागेको कुरा पालैपालो भन्न लगाउनुहोस् ।<br>३.निर्वाचन अनुगमनकर्तालाई अनुगमन प्रतिवेदन पेश गर्न लगाउनुहोस् । | प्यालन छलफल |
| **सत्र ८: बहिरामैत्री समावेशी निर्वाचन प्रक्रियाको रणनीति र सञ्जाल निर्माण** | | |
| ८.१ राजनैतिक अधिकार, निर्वाचन र बहिरा सहभागीता<br><br>३० मिनेट | **सिकाई उपलब्धि:**<br>१. बहिराहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको मूलप्रवाहीकरणका लागि आगामी रणनीति कार्ययोजना बनाउन सक्ने भएका हुनेछन् ।<br>२. बहिरा नागरिकहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा सक्रिय सहभागीताका लागि देखापरेका मुद्दाहरू र यसको निरूपणका उपायहरूको बुझाई विकास भएको हुनेछ ।<br>३. बहिरा नागरिकको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा गर्नुपर्ने समन्वय र सहकार्यका बारेमा बुझाई विकास भएको हुनेछ ।<br>**सिकाईको उद्देश्य:**<br>राजनैतिक अधिकार र निर्वाचन प्रक्रियाका बारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु:**<br>नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धी २००६ तथा नेपालको संविधानले राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा सबै नागरिकहरूको सहभागीताको व्यवस्था गरिएको छ । | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | तर राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको सहभागीता न्यून रहेको छ । बहिरा नागरिकहरूको निर्वाचनमा सहभागीता अभिवृद्धि गर्नका लागि देखा परेका समस्याहरु समधान गरी आवश्यक रणनीति बनाउनु पर्दछ र सरोकारवालाहरू सँग सञ्जालीकरण गर्नुपर्छ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड<br>**मूख्य विधिहरू**: प्रस्तुतीकरण र समूह छलफल<br>**सत्र सञ्चालनका चरणहरू**: | |
| | १. सहभागीहरूलाई सोध्नुहोस्र छलफल गर्नुहोस्:<br>क. बहिराहरूको राजनैतिक अधिकार के के हुन् ?<br>ख. अन्य नागरिक सरह र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको हक अधिकार के के छन् ?<br>उक्त प्रश्नहरूमाथि सहभागीहरू बीच सामूहिक छलफल गर्नुहोस् ।<br>**२. प्रस्तुतीकरण र छलफल**:<br>नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धी, २००६ मा प्रबन्ध गरिएका नागरिक तथा राजनैतिक अधिकार तथा राजनैतिक तथा निर्वाचन अधिकार तथा निर्वाचनमा बहिरा नागरिकहरूको पहूँच सम्बन्धी प्रस्तुतीकरण गर्नुहोस् ।<br>सहभागीहरूको जिज्ञासा माथि छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्री: ८.१.१ बहिराहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा बहिरा सहभागीताको अवस्था_pp) | ८.१.१ बहिराहरूको र ाजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा बहिरा सहभागीताको वस्था_pp |
| १५ मिनेट | **साङ्केतिक सञ्चार ब्रेक** | |
| ८.२ निर्वाचनमा बहिरा नागरिकहरूको मूलप्रवाहिकरणका लागि आगामी रणनीति<br><br>३० मिनेट | **सिकाई उपलब्धि**:<br>निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको मूलप्रवाहीकरणका लागि आगामी रणनीति तथा कार्ययोजना बनाउन सक्ने भएका हुनेछन् ।<br>**सिकाईको उद्देश्य**:<br>बहिरा नागरिकहरूको मूलप्रवाहीकरणका लागि आगामी रणनीतिबारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको मूलप्रवाहीकरण र सक्रिय सहभागीताका लागि बृहत रणनीति र कार्ययोजना निर्माण गर्नु आवश्यक छ । उक्त रणनीति र कार्ययोजना बहिरा समुदायकै सहभागीतामा निर्माण गर्नुपर्छ ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **मूख्य विधिहरू**: प्रस्तुतीकरण र समूह छलफल<br>**सत्र सञ्चालनका चरणहरू**:<br>**१. प्रस्तुतीकरण र छलफल**:<br>निर्वाचन प्रक्रियामा बहिरा नागरिकहरूको मूलप्रवाहीकरणका लागि आगामी रणनीति र कार्य योजना, के कस्तो हुनसक्छ भन्ने विषयमा प्रस्तुतीकरण गरी छलफल चलाउनुहोस् ।<br>सहभागीहरूको जिज्ञासा माथि साझा धारणा बनाउन लगाउनुहोस् ।<br>९सन्दर्भ सामग्रीः ८.२.१ सरोकारवालाहरूबीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि पुनर्ताजगी_ppo<br>**२. समूह छलफल**:<br>सहभागीहरूलाई तीन समूहमा विभाजन गरी बहिराहरूको निर्वाचनमा अर्थपूर्ण सहभागीता गराई मूलप्रवाहीकरण गर्न आगामी रणनीति र योजना निर्माणका सम्बन्धमा छलफल गर्न लगाउनुहोस् । लेखेको बिषय अगाडि आएर प्रस्तुतीकरण गर्न समूह नेतालाई लगाउनुहोस्<br>सहभागीहरूबाट सुझाव लिई आवश्यक सुझाब दिनुहोस् । | ८.२.१ सरोकारवालाहरु बीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि पुनर्ताजगी_pp<br>समूह कार्य |
| ८.३ | **सिकाई उपलब्धि**: | |
| सरोकारवालाहरु बीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि (नागरिक समाज, मानव अधिकार संस्था, सञ्चार माध्यम र बहिरा महासंघको भूमिका)<br>३० मिनेट | १. बहिरा नागरिकहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा सकृय सहभागीताका लागि कुन कुन निकाय र सरोकारवालाहरूसँग कसरी सहकार्य र सञ्जालीकरण गर्ने सम्बन्धमा बुझाई बिकास भएको हुनेछ ।<br>२. सरोकारवालाहरु बीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि (अपाङ्गता भएका व्यक्तिका संघ संस्था, नागरिक समाज, मानव अधिकार संघसंस्था, सञ्चार माध्यम र बहिरा महासंघको भूमिका) बारेमा बुझाई विकास भएको हुनेछ<br>**सिकाईको उद्धेश्य**:<br>सरोकारवालाहरु बिच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि अपाङ्ग सम्बन्धी संघसंस्था, नागरिक समाज, मानव अधिकार संस्था, सञ्चार माध्यम र बहिरा महासंघको भूमिकाबारे जानकारी गराउने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तु**:<br>१.बहिरा नागरिकहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा सकृय सहभागीताका लागि आगामी कार्ययोजना, क्रियाकलाप तथा सञ्जालीकरण गर्ने ।<br>२.बहिरा नागरिकहरूको राजनैतिक अधिकार र निर्वाचन प्रक्रियामा सक्रिय सहभागीताका लागि बहिरा महासंघ र जिल्ला बहिरा संघहरूको भूमिका पहिचान गर्ने र सो बमोजिम भूमिका निर्वाह गर्ने ।<br>**सामग्री**: ल्यापटप, प्रोजेक्टर, स्क्रीन, न्युजप्रिन्ट, मार्कर, मास्किंग टेप, व्हाइट बोर्ड | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **मूख्य विधिहरूः** प्रस्तुतीकरण र समूह कार्य<br>**सत्र सञ्चालनका चरणहरूः**<br>**१. प्रस्तुतीकरण र छलफलः**<br>निर्वाचनमा बहिरा मूलप्रवाहीकरणका लागि सरोकारवालाहरु (अपाङ्गता भएका व्यक्तिका संघसंस्था, नागरिक समाज, मानव अधिकार संस्था र सञ्चार माध्यम) बिच सञ्जाल निर्माण तथा पैरवी र जनचेतना अभिवृद्धि गर्ने तथा बहिरा महासंघ तथा बहिरा संघको भूमिका सम्बन्धमा प्रस्तुतीकरण गर्नुहोस् ।<br>सहभागीहरूका जिज्ञासाहरू माथि छलफल गराउनुहोस् ।<br>(सन्दर्भ सामग्रीः ८.३.१ सरोकारवालाहरु बिच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि_*pp*)<br>**२. समूह छलफलः**<br>सहभागीहरूलाई तीन समूहमा बिभाजन गरी आगामी योजना निर्माण, सरोकारवालाहरू सँग सञ्जाल निर्माण तथा बहिरा महासंघ र जिल्ला बहिरासंघको भूमिकाबारे छलफल गर्न लगाउनुहोस् । समूह छलफलबाट आएका निष्कर्ष न्युज प्रिन्टमा लेख्न लगाउनुहोस् । प्रत्येक समूह नेतालाई लेखेको बिषय अगाडि आएर प्रस्तुतीकरण गर्न लगाई सहभागीहरूबाट सुझाव लिन लगाउनुहोस् । | ८.३.१ सरोकारवालाहरु बीच सञ्जाल निर्माण, पैरवी र जनचेतना अभिवृद्धि_pp |
| | **सत्र ९ः तालीम कार्यक्रमको मूल्याङ्कन , निस्कर्ष तथा समापन** | |
| ९.१ तालिम कार्यक्रमबाट सहभागीको सिकाई उपलब्धि मूल्याङ्कन<br><br>३० मिनेट | **सिकाई उपलब्धिः**<br>सहभागीहरूले तालिम कार्यक्रमबाट के कस्तो सिकाई उपलब्धि हासिल गरे, तालिम बिषयवस्तु तथा तालिमको समग्र व्यवस्थापन के कस्तो भयो भन्ने विषयमा जानकारी हासिल भएको हुनेछ ।<br>**सिकाईको उद्देश्यः**<br>तालिम कार्यक्रमबाट सहभागीको सिकाई उपलब्धि मूल्याङ्कन गर्ने ।<br>**तालिम सत्रको मुख्य विषयवस्तुः**<br>१.तालिम अवधिमा छलफल गरिएका विषयवस्तुहरु बहिरामैत्री भए वा भएन भनेर मूल्याङ्कन गर्ने र समग्रमा तालिमको व्यवस्थापनबारे सहभागीहरूको धारणा बुझ्ने ।<br>२.तालिम सामग्रीहरूका सम्बन्धमा विश्लेषण र भविष्यमा तालिम सञ्चालन गर्दा गर्नुपर्ने सुधार तथा परिमार्जन र तालिमको समग्र व्यवस्थापनबारे सहभागीहरूको धारणा बुझ्ने र आगामी तालिम कार्यक्रमहरूलाई मार्गदर्शन प्रदान गर्ने ।<br>**सामग्रीः** सिकाई उपलब्धि प्रश्नावाली<br>**मूख्य विधिहरूः** प्रश्नावाली भर्ने र मूल्याङ्कन | |

| तालिमको विषय र समय | व्याख्या | सन्दर्भ सामग्री |
|---|---|---|
| | **सत्र सञ्चालनका चरणहरू:**<br>**१. प्रश्नावली उपयोग:**<br>तालिम पश्चात् सिकाई उपलब्धि प्रश्नावाली सम्पूर्ण सहभागीहरूलाई वितरण गर्नुहोस् र १५ मिनेटको समय दिएर उत्तर लेख्न लगाउने, सहभागीहरूलाई बुझ्न कठिन भएका प्रश्नहरू बुझाउनका लागि सहजकर्ता वा दोभाषेले सहयोग गर्नुहोस, र सबै सहभागीहरूले उत्तर लेखिसकेपछि प्रश्नावलीहरू सङ्कलन गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ९.१.१ तालिम पश्चात् सिकाई उपलब्धि प्रश्नावली_doc)<br>**२. मूल्याङ्कन:**<br>सहभागीले प्रश्नावालीमा दिएका उत्तरबाट सिकेका कुराहरूको मूल्याङ्कन गर्नुहोस् ।<br>नोटः तालिम सहजकर्ताले सबै सहभागीहरूले भरेका सिकाई उपलब्धि, तालिमका विषयवस्तु तथा स्रोत सामग्री, तालिम सञ्चालन प्रक्रिया र तालिमको व्यवस्थापन सम्बन्धी प्रश्नावलीहरू अध्ययन गरी भविष्यमा मार्गदर्शकका रूपमा प्रयोग गर्नुहोस् ।<br>**३. सहभागीहरूलाई वितरण गर्नुहोस्:**<br>तालिममा सहभागीहरूले तालिम पश्चात् आ–आफ्नो जिल्ला फर्केर बहिरा नागरिकहरूको निर्वाचन प्रक्रियामा सहभागीताका लागि गर्ने क्रियाकलाप तथा खेल्ने भूमिका सम्बन्धी क्रियाकलापहरूको प्रति सहभागीहरूलाई वितरण गर्नुहोस् र सहभागीहरूलाई आ–आफ्नो स्थानमा गएर सोहि अनुसार भूमिका निर्वाह गर्न उत्प्रेरणा गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ९.१.२ सहभागीहरूले जिल्ला र विद्यालय गएर तत्काल गर्नुपर्ने क्रियाकलापहरू _doc) | ९.१.१ तालिम पश्चात् लिइने सिकाई उपलब्धि मूल्याङ्कन प्रश्नावली_doc<br><br>९.१.२ सहभागीहरूले जिल्ला र विद्यालय गएर तत्काल गर्नुपर्ने क्रियाकलापहरू_doc |
| ९.२ तालिम समीक्षा, निष्कर्ष तथा समापन<br><br>३० मिनेट | **मूख्य विधिहरू: प्रमाण-पत्र वितरण, मन्तव्य र समापनको प्रस्तुती**<br>**सत्र सञ्चालनका चरणहरू:**<br>**१. धारणा प्रस्तुती:**<br>सहभागीहरू मध्येबाट १ जना महिला र १ जना पुरूषलाई तालिमको सिकाई, बिषयबस्तु, उपलब्धि र तालिमबाट फर्केर गएर आफुले गर्ने क्रियाकलाप तथा आफुले खेल्ने भूमिकाबारे धारणा राख्न लगाउनुहोस् ।<br>**२. प्रमाण-पत्र वितरण:**<br>सहभागीहरूलाई तालिम सहभागीताको प्रमाण-पत्र वितरण गर्नुहोस् ।<br>(सन्दर्भ सामग्रीः ९.२.१ तालिम सहभागीता प्रमाण-पत्र नमुना_doc)<br>३.मन्तव्यः अतिथि र सहजकर्तालाई कार्यक्रमको उपलब्ध निष्कर्ष सहित मन्तव्य राख्न लगाउनुहोस् ।<br>४.समापनको प्रस्तुतीः समापन सत्रका अध्यक्षले निष्कर्ष तथा धन्यबाद ज्ञापनसहित सम्पूर्ण तालिम कार्यक्रमको समापन गर्नुहोस् । | ९.२.१ तालिम सहभागीता प्रमाण(पत्र नमुना_doc |

# अनुसूची १

## बहिरा नागरिकहरूका तालिम प्रदान गर्दा गर्नुपर्ने समग्र तयारि सम्बन्धी सूची (Quality Benchmark)

१. तालिममा न्यूनतम् र अधिकतम् २५ देखि ३० जना बहिरा सहभागीहरू सहभागी गराउने । कम्तीमा ३३ प्रतिशत महिला लगायत विभिन्न जातजाति तथा क्षेत्रको समाबेशी प्रतिनिधित्व सुनिश्चित गर्ने ।

२. तालिमका सहभागी तथा व्यवस्थापनमा खटिने कर्मचारीहरूलाई कार्यक्रम स्थान, मिति तथा अवधिवारे स्पष्ट जानकारी गराउने ।

३. तालिम कार्यक्रम योग्य प्रशिक्षक तथा विषयगत अनुभव भएका सहजकर्ताहरूबाट सहजीकरण गर्न लगाउने ।

४. प्रशिक्षण हलमा पर्याप्त प्रकाश प्रबन्ध गर्ने, सबै बहिरा सहभागीहरूले स्पष्ट देख्न सक्ने गरी हललाई V आकारमा मिलाउने, हलमा पर्याप्त प्रकाश, समूह छलफल तथा मनोरञ्जनका पर्याप्त स्थान र सामग्रीहरूको प्रबन्ध गर्ने, झ्यालमा पर्दाको व्यवस्था गर्ने ।

५. पावर पोइन्ट प्रस्तुतीको लागि पर्याप्त र उपयुक्त ठाउँको प्रबन्ध गर्ने । सहजकर्ता र साङ्केतिक भाषाका दोभाषेहरूलाई सबै सहभागीहरूले सहज र स्पष्टसँग देख्ने प्रबन्ध मिलाउने ।

६. बहिरा समुदायका सवालहरूप्रति जानीफकार प्रशिक्षकहरूलाई तालिममा सहजीकरण गर्न लगाउने ।

७. प्रशिक्षकका सहजीकरण तथा समूह कार्यहरु बहिरा सहभागी मैत्रीपूर्ण र आवश्यकता अनुकूल सुनिश्चित गर्ने, आवश्यकता अनुसार समूह छलफलहरूमा दोभाषेलाई सहयोग गर्न लगाउने ।

८. सबै सहभागीको बराबर र सक्रिय सहभागीता रहने वातावरण बनाउने ।

९. प्रशिक्षणमा प्रस्तुत गरी प्रस्तुतीकरण तथा सन्दर्भ सामग्रीहरु सबै सहभागीहरूलाई पहूँचयोग्य ढाँचामा प्रदान गर्ने ।

१०. सहभागीहरूलाई तालिम अवधिमा प्रदान गरीने सेवासुविधा तथा बिषयवस्तुहरू तथा जानकारी तालिम अगावै उपलब्ध गराउने, सो सम्बन्धी जानाकारी कम्तीमा २ दिन अगाडि जानकारी गराउने ।

११. तालिममा गरीने गतिविधि र कार्यक्रमको सञ्चालनको कम्तिमा ५ दिन अगाडि सहभागीहरूलाई सूचित गर्ने ।

१२. सहभागीहरूलाई तालिम कार्यक्रमको उद्देश्य, क्रियाकलाप तथा अपेक्षित नतीजाहरूको बारेमा जानकारी सहभागी हरूलाई जानकारी गराउने ।

१३. तालिम कार्यक्रमका लागि दैनिक तालिका निर्माण गर्ने, सहजकर्ताहरूबीच सहजिकरणको जिम्मेवारी बाँडफाँड गर्ने । दैनिक तालिका पछ्याएर तालिम सञ्चालन गर्ने ।

१४. तालिम कार्यक्रम सञ्चालन गर्दा सम्बन्धीत सरकारी कार्यालय (जस्तैः प्रान्तीय प्रशिक्षण केन्द्र, शिक्षा विकास र समन्वय इकाई, गाउँपालिका, नगरपालिका, वार्ड कार्यालय) आदिसँग आवश्यकता अनुसार समन्वय गर्ने ।

१५. कम्तिमा ३ जना नेपाली साङ्केतिक भाषाका अनुभवी दोभाषेहरूको व्यवस्था गर्ने । सहभागीहरूको प्रकृति र आवश्यकता अनुसार थप ट्याक्टाइल दोभाषेको व्यवस्था गर्ने ।

१६. तालिमका सबै सहभागीहरूलाई आफ्नो हाजिरी तालिका अनुसार नाम लगायतका सम्पूर्ण विवरणहरु हाजिरीमा जनाउन लगाउने ।

१७. तालिमका सबै सहभागी तथा दोभाषेहरूलाई निर्वाचन र राजनैतिक अधिकार सम्बन्धी  शब्द तथा सङ्केतहरु समान ढंगले प्रयोग गर्ने र बुझ्ने व्यवस्था गर्ने ।

१८. साङ्केतिक भाषाका सबै दोभाषेहरूलाई दोभाषे आचारसंहिता तथा पोशाक कोड स्मरण गराउनुहोस् र पालना गर्न लगाउने ।

१९. सबै सहभागीहरूले अन्य सहजकर्ता, दोभाषे र अन्य सहभागीहरूको प्रस्तुतीकरण हेर्न सके नसकेको सुनिश्चित गर्ने । यदि सहभागीहरूलाई देख्नमा समस्या भएमा देख्न सकिने गरी व्यवस्थापन गर्ने ।

२० सहजकर्तालाई दोभाषेले सुन्ने र दोभाषे गर्न सक्ने गतिमा सहजीकरण गर्न लगाउने । साथै बहिरा सहभागीहरू सञ्चारका लागि दोभाषेको सङ्केतीकरणमा निर्भर हुने भएकोले सहजकर्तालाई यताउता हलचल गर्न स्मरण गर्ने ।

२१. तालिम अत्यारलाग्दो नहोस् र बहिरा सहभागीका आखाँले समय समयमा आराम पाउन् भन्नका लागि तालिम सत्रहरूको बीच बीचमा साङ्केतिक भाषाको ब्रेक, आराम, मनोरञ्जन, चिया, पानीको व्यवस्था गर्ने ।

२२. सबै सहभागीहरूले तालिम पूर्व र तालिम पछिको मूल्याङ्कन प्रश्नावली स्पष्टसँग बुझ्ने र जवाफ दिने सुनिश्चित गर्ने । आफै पढ्न नसक्ने सहभागीहरूलाई सहयोगी वा दोभाषेहरूबाट सहयोग गर्ने व्यवस्था मिलाउने ।

२३. भिडियोको सन्देशलाई छोटो भाषामा साङ्केतिक भाषामा दोहोर्‍याउने, प्रश्नहरूको लागि सोध्ने त्यसअनुसार सहभागीहरूका जिज्ञासाहरूको जवाफ दिने व्यवस्था गर्ने ।

## अनुसूची २

## अपाङ्गता तथा बहिरा नागरिकहरूका लागि सम्मानजनक शब्दावलीहरू

| अपमानजनक शब्दावली<br>प्रयोग गर्न नहुने शब्द, शब्दावली | मर्यादीत शब्दावली<br>प्रयोग गर्नु पर्ने शब्द, शब्दावली |
|---|---|
| अपाङ्ग | अपाङ्गता |
| विकलाङ्ग अपाङ्ग व्यक्ति विशेष क्षमता भएको व्यक्ति, भिन्न क्षमता भएको व्यक्ति, विशेष क्षमता भएको व्यक्ति, फरक क्षमता भएको व्यक्ति | अपाङ्गता भएका व्यक्ति |
| बहिरो, लाटो, लाटी, कान सुन्न नसक्ने, कान नसुन्ने । | बहिरा व्यक्ति, सुनाइ सम्बन्धी अपाङ्गता भएको व्यक्ति |
| अन्धो, कानो, आखा नदेख्ने रतन्धो | दृष्टिविहिन, न्युन दिष्टियुक्त व्यक्ति |
| अपाङ्ग, खोरन्डो, डुँडो, ढिकिच्याउ, लङ्गडो,शारिरिक रुपमा चुनौतीयुक्त व्यक्ति | शारीरिक अपाङ्गता भएको व्यक्ति |
| अटिज्म वा अटिस्टिक | अटिजम भएको व्यक्ति |
| गोजेंग्रो, लठेब्रो वा सुस्त मनस्थिति | बौद्धिक अपाङ्गता भएको व्यक्ति |
| डुँडो, डुँडी | शारीरिक अपाङ्गता भएको व्यक्ति, हात वा खुट्टा नभएको व्यक्ति । |
| हेमोफिलिक | हेमोफिलियायुक्त व्यक्ति |
| बौलाहा, पागल, अर्ध पागल | मनोसामाजिक अपाङ्गता भएको व्यक्ति । |
| कुष्ठरोगी | कुष्ठ प्रभावित व्यक्ति |
| बाखो | भकभके अपाङ्गता भएका व्यक्ति |
| डल्ला, डल्लि, बाउन्न बीर | होचापुड्का भएका व्यक्ति |

तालिममा वा अन्य कुनै समयमा अपाङ्गता भएका नागरिकहरूका लागि मर्यादित तथा उपयुक्त शब्दावली प्रयोग गर्नका लागि सहभागीहरूलाई उत्प्रेरित गर्नुपर्दछ ।

# अनुसूची ३

नेपाली साङ्केतिक भाषाका दोभाषेहरूको दोभाषेको जिम्मेवारी, पोशाक, महिला दोभाषेको शृंगार सम्बन्धी आचारसंहिता

## १. दोभाषेहरूले पालना गर्नुपर्ने:

### १.१ गोपनियता:

दोभाषेहरूले कामको समयमा प्राप्त गरेका सूचना तथा जानकारीहरू गोप्य राख्नुपर्नेछ । व्यक्तिगत फाइदा वा अन्य कुनै प्रयोजनका लागि यस्ता सूचना तथा जानकारीहरूको प्रयोग गर्नु हुदैन ।

तर नेपालको कानून वा अदालतले सुचनाहरू मागभई आएमा बहिरा समुदायसंग छलफल गरी त्यस्ता सूचनाहरू प्रदान गर्न सकिनेछ ।

### १.२ सम्मान

व्यक्तिगत तथा व्यवसायिक सम्मान प्राप्त गर्न दोभाषेहरूले आफुले कामगर्ने समुदाय र व्यक्तिहरूलाई सम्मानजनक व्यवहार गर्नुपर्नेछ ।

### १.३ नैतिक मूल्यमान्यता

दोभाषेहरूले दोभाषे कार्यका समयमा नैतिक मूल्यमान्यताको पालना गर्नुपर्नेछ । नैतिक मान्यता भन्नाले:

१.३.१ कुनै काम जिम्मेवारी लिई सके पश्चात् समयमानै कार्यक्रम स्थलमा पुगिसक्नुपर्नेछ ।

१.३.२ दाभोषे गर्दाको समयमा पोशाकको प्रयोगमा विशेष ध्यान दिनु पर्दछ । टल्कीने सामग्री तथा भेषभुषा, तड्कभड्क युक्त पोशाक प्रयोग नगर्ने तथा सकेसम्म धेरै रङ्गहरू नभएको सादा पोशाक लगाउनु पर्नेछ ।

१.३.३ समूहमा दोभाषे कार्य गर्दा दोभाषेहरूबीच समन्वय हुनुपर्नेछ र एक आपसमा सहयोग र सहकार्य आदानप्रदान गर्नुपर्नेछ ।

१.३.४ आफुले सेवा प्रदान गर्ने व्यक्ति तथा समुदायको स्वतन्त्रताको हक र छनौट गर्न पाउने अधिकार लाई दोभाषेहरूले सुनिश्चित गर्नुपर्नेछ ।

### १.४ गैरविभेद (भेदभावरहीत)

दोभाषेहरूले कार्य समयमा कुनै व्यक्तिको जाति, भाषा, वर्ण, धर्म, लिङ्ग, अपाङ्गता, उमेर, संस्कृतिक, मूल्यमान्यताका आधारमा भेदभाव गर्नु हुदैन । साथै आफुले कामगर्ने व्यक्ति तथा समुदायको आवश्यकतालाई प्राथमिकता दिई कार्य गर्नुपर्नेछ ।

### १.५ तटस्थता

कामको समयमा दोभाषेहरू तटस्थ रहनु पर्नेछ । दोभाषे गर्दा प्राप्त सुचना तथा जानकारीहरू विना रोकावट र भाव तथा अर्थ उही रहने गरी सञ्चार गर्नु दोभाषेहरूको प्रमुख दायित्व हो र दोभाषे गर्दाको

समयम आफ्नो व्यक्तिगत विचार वा भावना, राय सुझाव तथा परामर्श दिने कार्य गर्नुहुदैन ।

## १.६ दक्षता

दोभाषेहरूले गुणस्तरिय सेवा प्रदान गर्नको लागि उच्च तहको शिप र ज्ञान प्रयोग गर्नुपर्नेछ ।

## १.७ जवाफदेहीता

दोभाषे गरी रहेको समयमा गरेका निर्णय तथा कार्यको जवाफदेहीता व्यवसायीक रूपमा दोभाषेहरू स्वयम्ले वहन गर्नुपर्नेछ ।

## १.८ पेशागत व्यवहार र व्यवसायिक मान्यताहरू

दोभाषेहरू आफनो पेशागत नैतिक मूल्यमान्यतालाई सम्मान गर्दै व्यवसायिक व्यवहार गर्नुपर्नेछ र कामको समयमा लचकता तथा अनुकुलता अपनाई कार्य गर्नुपर्नेछ ।

१.८.१ छलफल, कार्यक्रम, सभा आदिमा बस्दा सेवालिने समुदायलाई पायक पर्ने स्थानको छनौट गरी बस्नुपर्नेछ ।

१.८.२ आफुले वहन गर्न नसकिने र क्षमताले नदिने कार्यको जिम्मोवारी दोभाषेहरूले लिनुहुदैन।

१.८.३ मानसिक, शाररिक तथा भावनात्मक रूपमा कार्य गर्न नसक्ने अवस्थामा दोभाषेहरूले कारण खुलाई जिम्मेवारी वहन गर्न नसकिने जानकारी गराउनुपर्दछ ।

१.८.४ दोभाषेहरूले अन्य सहकर्मी दोभाषेहरू,नयाँ सिकारू दाभोषेहरू तथा अन्य व्यक्ति र समुदायलाई सम्मान गर्नुपर्नेछ ।

## १.९ पेशागत विकासमा निरन्तरता

दोभाषेहरूले व्यवसायिक विकासका लागि आफ्नो ज्ञान र शिपको निरन्तर विकासमा प्रतिवद्ध रहनुपर्ने छ । साथै आफुले सेवाप्रदान गर्ने समुदायको भाषा र संञ्चारमा निरन्तर विकास गर्न र स्तरीय सञ्चार गर्न प्रेरित रहनुपर्नेछ ।

## २. दोभाषेको जिम्मेवारी


- कार्यक्रम सुरुहुनु भन्दा करिव ३० मिनेट अगावै कार्यक्रम स्थलमा पुग्ने ।
- बहिरा तथा दोभाषे बस्ने स्थान सुनिश्चित गर्ने । दोभाषे गर्ने स्थानमा प्रकासको व्यवस्था वारे के छ त्यसलाइ मूल्याङ्कन गर्ने र केहि मिलाउनु पर्ने भएमा व्यवस्थापन संग सल्लाह गर्ने ।
- कार्यक्रममा सहभागी बहिरा व्यक्तिहरु नयाँ भएमा उनीहरूसँग परिचय गर्ने उनिहरूले गर्ने सङ्केत र बुझाइको अवस्थावारे जानकारी लिने ।
- आफुले प्रयोग गरीरहेको सङ्केत बुझ्न सक्ने नसक्ने वारेमा जानकारी लिनका लागि केहि समय कार्यक्रमको वारेमा छलफल गर्ने । बिचार आदान प्रदान गर्ने ताकि उनिहरूले प्रयोग गर्ने सङ्केत र दोभाषेले प्रयोग गर्ने सङ्केतमा एकरूपता मिलाउन सकियोस् ।
- कार्यक्रम तालिका लिने र त्यसको वारेमा जानकारी गराउने ।

- कार्यक्रम व्यवस्थापन पक्षसँग FIB (Frequently Interpreter Break) को वारेमा जानकारी गराउने तथा त्यसको व्यवस्था गर्न लगाउने ।
- सहभागी बहिरा व्यक्तिले बुझ्ने गरी सरल तथा सहज तरिकाले दोभाषे गर्ने ।
- कार्यक्रममा पालैपालो वोल्नका लागि अनुरोध गर्ने ता कि सवैले बोलेको सङ्केत गर्न सकियोस् ।
- नबुझेको वा आवाज सानो भएको अवस्थामा पुन दोहोर्‍याउन लगाउने ।

## ३.दोभाषेको पोशाक

- दोभाषे गर्दा कालो पोशाकको प्रयोग गर्ने ।
- कहिलेकाँही अचानक दोभाषे सेवा प्रदान गर्न पर्ने अवस्थामा सामान्यतः सादा पोशाक प्रयोग गर्ने
- विभिन्न कलरहरु नभएको झिलिमिली नभएको सादा पोशाक पनि उपयुक्त हुन्छ ।
- हातमा चम्किने खालका औठी, वाला, चेन घाँटीमा माला पोते हुने भएमा कपडा भित्र राख्ने ।
- भड्किलो तथा उत्तेजक कपडा प्रयोग नगर्ने ।
- टल्कने तथा चम्किला बस्तु प्रयोग गर्ने गरेको अवस्थामा दोभाषे गर्ने बेलामा निकाल्ने ।

नोटः नेपाली साङ्केतिक भाषा दोभाषे संघमा आबद्द भएको तथा उक्त संघले निर्धारण गरेको नीति नियम तथा आचारसंहिता बुझेको व्यक्तिलाइ दोभाषेको रुपमा मान्यता दिनु पर्दछ ।




## निर्वाचन शिक्षा तालिम

NDEN 1995

European Union

UNDP

*Empowered lives.*
*Resilient nations.*